# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत अध्ययन भाषिक सीपका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको विश्लेषणमा आधारित छ । भाषाका सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ रहेका छन् । सुनाइ र पढाइ ग्रहणात्मक वा आदानात्मक सीप हुन् भने बोलाइ र लेखाइ भाषाका अभिव्यक्तिगत वा प्रदानात्मक सीप हुन् । भाषा शिक्षण गराउँदा सीपहरूको विकास हुने गरी सिकाउनु पर्दछ । त्यसैले जति मात्रामा भाषालाई प्रयोग गर्ने, उपयोग गर्ने, व्यवहार गर्ने भाषासँगै खेल्ने खेलाउने वातावरण प्राप्त हुन्छ । त्यतिकै मात्रामा भाषिक सीपहरू पनि विकास र परिष्कृत हुने मौका पाउँछन् । नेपाली भाषा नेपालको राष्ट्रभाषा साथै साझा सम्पर्कको भाषा हो । यसले नेपाली जनतालाई परस्परमा बाँध्ने काम गरेको छ । कुनै पनि कुरा जान्न, कुनै कुराप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्न, अरूको निर्देशन पालना गर्न र आफ्नो दैनिक कार्य कुशलतापूर्वक सञ्चालन गर्न सुनाइ शिक्षणको भूमिका हुन्छ । कुनै पनि लिखित वा मौखिक अभिव्यक्ति मुख्य कुरालाई पढी वा सुनी मुख्य कुरालाई नछुटाई एक साथ क्रमबद्धता रूपमा अभिव्यक्ति गरी भाषिक सीपको विकास गर्नुपर्दछ । कक्षा दशमा सुनाइको साथै बोलाइ सीपको विकास गर्नु आवश्यकता पर्दछ । वादविवाद, कथा, जीवनी, सुनाइ र बोलाइ सीपको विकास गर्न सकिन्छ । पाठ्यपुस्तक विश्लेषण गर्दा भाषाको लिखित सीप विकास गर्न निबन्ध, चिठी, जीवनी जस्ता विधाबाट लिखित सीपको विकास गर्न सकिन्छ । माध्यमिक तहको कक्षा दशमा लेखाइ सीपमा उद्देश्य यसरी राखिएको छ ।

वर्णविन्यास र चिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्ट लेख्न सहयोग हुन्छ र लेखिएका सामग्रीको उच्चारण गर्ने र परिष्कार तथा पुनः सम्पादन र पुनः परिष्कार गरी लेखन सीपलाई अग्रगतितिर लैजान सकिन्छ । पाठ्यपुस्तकभित्र कथा, कविताको विश्लेषण गर्दा सुनाइ सीप सँगसँगै अरू सीपहरूको पनि उपयोग उत्तिकै महत्त्वपूर्ण हुन्छ । विद्यार्थीलाई सुनाएको कथा लेख्न लगाउने र लेखिएका कुराहरू भन्न लगाउने भनी पढाइ र बोलाइ सीपको विकास हुन्छ । कुनै पनि विद्यार्थीले सुनेको कुराहरूलाई बुँदा बनाई अनुच्छेदमा लेख्न लगाउनु भाषिक सीप हो । थोरैलाई धेरै प्रसङ्ग व्याख्या गर्न लगाई भाषिक क्षमताको विकास हुन्छ । साथै कविता वाचन गर्ने कलाको विकास हुन्छ र निबन्धले लेखाइ सीपको

विकास गर्नका साथै बोलाइ सीप पनि विकास गराउँछ । पाठ्यपुस्तकमा रहेको विषयवस्तुलाई लिखित वा मौखिक अभिव्यक्ति रूपमा मुख्य कुरालाई नछुटाई क्रमबद्ध रूपमा प्रयोग गर्नु भाषिक सीप विकास गर्नु हो । भाषिक सीपको दृष्टिले पाठ्यपुस्तकको विश्लेषण गर्दा त्यसभित्र केकस्ता सीप विकास हुने खालको विधा राखिएको छ भनी खोज गरी भाषाका सीपको विकास गर्नुपर्दछ । त्यसै सन्दर्भमा प्रस्तुत अध्ययन भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तक विश्लेषणका लागि यो शीर्षक चयन गरिएको हो ।

## १.२ समस्या कथन

प्रस्तुत शोधकार्यको मुख्य समस्या भाषिक सीपका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको विश्लेषणसँग सम्बन्धित रहेको छ । ती भाषिक सीपहरूको अध्ययन भएको छ वा छैनन्, पाठगत आधारमा सीपहरू के-कस्ता रहेका छन् यिनै समस्यामा केन्द्रित भएर शोधकार्य गरिएको छ । प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) भाषिक सीप विकास दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकको विश्लेषण के-कस्तो रहेको देखिन्छ ?

(ख) भाषिक सीप विकासको दृष्टिले उक्त पुस्तकको उपयुक्तता केकस्तो देखिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत समस्याको प्राज्ञिक समाधानका लागि निम्न लिखित उद्देश्यहरू निर्धारण गरिएका छन् :

(क) भाषिक सीप विकास दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकको विश्लेषण गर्नु,

(ख) भाषिक सीप विकासको दृष्टिले उक्त पुस्तकको उपयुक्तता पहिल्याउनु ।

## १.४ शोधको सान्दर्भिकता र उपादेयता

भाषा विचार आदान प्रदान गर्ने भएकाले पाठ्यपुस्तक विश्लेषण गर्दा भाषाका सीपहरूको धेरै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषिक सीपलाई ध्यानमा राखी पाठ्यक्रममा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको पाठ्यपुस्तकमा भाषिक सीप शिक्षण गर्नु महत्त्व रहेको छ । यसका लागि विभिन्न तहका विद्यार्थीहरूको भाषिक सीप

विकास हुने खालको पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ । यसका लागि भाषिक सीप विकासका दृष्टिले कक्षा १० नेपाली पाठ्यपुस्तकको विश्लेषण हुनु आवश्यकता मानिएको छ । यसका साथै नेपाली भाषाशिक्षण अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपहरूको विकास गर्दै शिक्षक, विद्यार्थी, भाषाप्रेमी, अनुसन्धानकर्ता, नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक लेखन र परिमार्जन, भाषिक सीप विकास र भाषा विकास बारेमा जिज्ञासा राख्ने सबैका लागि समेत यो शोधकार्य उपयोगी भएकाले यसको उपादेयताको पुष्टि भएको छ ।

## १.५ अध्ययन सीमाङ्कन

प्रस्तुत शोधकार्यको सीमाङ्कन यसप्रकार रहेको छ :

(क) प्रस्तुत अध्ययन कक्षा १० को नेपाली पाठ्यपुस्तकको विश्लेषण गर्दा सुनाइ, बोलाइ, पढाइ, लेखाइसम्बन्धी विश्लेषण गरिएको छ ।

(ख) भाषिक सीप विकासको दृष्टिले नेपाली पाठ्यपुस्तकको विषय शिक्षक, शिक्षा विद् र पाठ्यक्रमविद्सँग अन्तरवार्ता लिँदै सीपहरूको उपयुक्तता स्पष्ट पारिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखालाई निम्न अध्याय र शीर्षकहरूमा यसप्रकार विभाजन गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको विश्लेषण

अध्याय पाँच : भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको

अध्याय छ : सारांश, निष्कर्ष तथा उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

यसभन्दा अगाडि भएका कार्यकलापहरूको खोजी गर्नु तथा लेखाजोखा गर्नु महत्त्वपूर्ण पूर्वकार्य हो । शोधकार्यको थालनी गर्नुभन्दा पहिले यस कार्य क्षेत्र सम्बन्धित कार्यहरू अगाडि भएका छन् कि छैनन् भनी पूर्वकार्यको खोजी गर्नु नितान्त आवश्यक हुन्छ । वर्तमानमा गर्न लागिएको शोधकार्यलाई गन्तव्यमा पुऱ्याउनका लागि पूर्वकार्यको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यस्तै पूर्वकार्यको समीक्षाले यसभन्दा अगाडि सम्बन्धित विषयमा के कति कार्यहरू भएका छन् र ती कार्य कार्यान्वयन पक्ष र बाँकी रहेका पक्षहरू समेतको जानकारी प्राप्त गर्नका लागि गर्नका लागि सहज हुने देखिन्छ । शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा, व्याख्या, विश्लेषण र निष्कर्ष लेखनका लागि आवश्यक पर्ने ज्ञान, विधि र प्रक्रियाको पृष्ठपोषण प्राप्त गर्न सम्बन्धित पूर्वकार्यले सघाउँछ । यस अध्ययनमा पूर्वकार्यको समीक्षालाई पुस्तक समीक्षा र शोधसमीक्षा गरी छुट्टाछुट्टै उपशीर्षकमा कालक्रमिक ढाँचामा गरिएको छ ।

### २.१.१ सम्बद्ध पुस्तक समीक्षा

सम्बद्ध पुस्तक समीक्षालाई यसप्रकार देखाउन सकिन्छ :

अधिकारी (२०६५) द्वारा 'नेपाली भाषा शिक्षण' पुस्तकमा भाषिक सीप सम्बन्धी चर्चा गरिएको छ । उक्त पाठ्यपुस्तकमा भाषा शिक्षण सम्बन्धी पाठ्यपुस्तकको विश्लेषण, भाषिक सीपहरूको पाठ्यपुस्तकमा उपयोगिता समावेश गरिएको छ । भाषा पाठ्यपुस्तक भाषा शिक्षणको महत्त्वपूर्ण सामग्री भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) प्राप्तिका लागि विभिन्न विधाको उपयोग गरी पाठहरूमा समावेश गर्नुपर्ने भएकाले यो सामग्री प्रस्तुत शोधकार्य लागि उपयुक्त मानिएको छ । यस पुस्तकबाट शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा तयार गर्न तथा उत्तर पुस्तिका परीक्षण गर्ने कुरामा सहयोग लिइएको छ ।

लामिछाने (२०६९) द्वारा 'नेपाली भाषा शिक्षण' नामक पुस्तक प्रकाशित भएको पाइन्छ । यस पुस्तकमा अध्याय एघारमा पठनाबेध र द्रुतपाठ शिक्षण शीर्षकमा पठनबोध

शिक्षणको विषयसूची समावेश गरिएको पाइन्छ । उक्त पुस्तकमा भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइको क्रमबद्धताका रूपमा चर्चा गरिएको छ र पठनबोधको परिचय, सस्वरपठन आवश्यकता, सस्वर पढाइका कार्यकलाप, मौनपढाइका कार्यकलाप, कक्षा स्तरअनुरूप सस्वर र मौनपठनको उपयोग, पठनबोध शिक्षण क्रम र द्रुतपाठ शिक्षण जस्ता विषयहरू राखिएको पाइन्छ । यस पुस्तकबाट शोधकार्य सम्पन्न गर्ने क्रममा तथ्याङ्कको व्याख्या विश्लेषण गर्न तथा उत्तरपुस्तिका परीक्षण गर्ने कुरा सहयोग लिइएको छ ।

पौडेल (२०७०) द्वारा 'नेपाली भाषा शिक्षण' पुस्तकमा भाषिक सीपको चर्चा गरिएको छ । यस पुस्तकमा भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइको क्रमबद्धता रूपमा चर्चा गरिएको छ । यस विषयको विधा शिक्षण उखान र टुक्कालाई बढी महत्त्व दिइन्छ र सुनाइ सँगसँगै बोलाइ सीपको विकास गराउँदै शिक्षण सिकाइ सञ्चालन गरिन्छ । यस पुस्तकबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा तयार गर्न तथा उत्तरपुस्तिका परीक्षण गर्ने कुरामा सहयोग लिइएको छ ।

अधिकारी र शर्मा (२०७१) द्वारा 'प्रारम्भिक नेपाली शिक्षण' नामक पाठ्यपुस्तक लेखिएको छ । उक्त  पाठ्यपुस्तकमा भाषा पाठ्यपुस्तकको परिचय, भाषा पाठ्यक्रमको परिचय, भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध, भाषा पाठ्यपुस्तकको अध्ययनका आधारहरू र भाषा शिक्षण गर्ने क्रममा नमुना अभ्यासको महत्त्व, सुनाइ शिक्षणको आवश्यकता र कार्यकलाप, बोलाइ शिक्षणको आवश्यकता र कार्यकलाप, उच्चारण शिक्षणको आवश्यकता र कार्यकलाप, पढाइ शिक्षणको आवश्यकता र कार्यकलाप, लेखाइ शिक्षणको आवश्यकता र कार्यकलाप कुराहरूको बारेमा उल्लेख गरेको छ । पाठ्यपुस्तकको अध्ययन पश्चात् नमुना अभ्यासका दृष्टिले पाठ्यपुस्तक निर्माणमा भाषिक सीपहरू प्रभावकारी हुनुपर्ने भनी जोड दिइएको छ । यस पुस्तकबाट शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा तयार गर्न तथा उत्तरपुस्तिका परीक्षण गर्ने कुरामा सहयोग लिइएको छ ।

शर्मा (२०७१) द्वारा 'नेपाली भाषा शिक्षण' पुस्तकमा भाषिक सीपहरूको चर्चा गरिएको छ । उक्त पुस्तकमा भाषाका सीपहरूलाई चिनाउँदै भनिएको छ । कुनै पनि पाठ्यपुस्तक अध्यापन गराउँदा भाषिक सीपमा दक्ष अनुभवी हुनुपर्दछ । पाठमा रहेको मूल

भाव र अनुच्छेदलाई नछुटाईकन सिलसिलाबद्ध ढङ्गले चार सीपको ख्याल गरी सिकाइ सञ्चालन गर्नुपर्दछ । सीप एउटा कला हो जहाँ अभ्यास र विकास हुने खालको पाठ्यपुस्तकको निर्माण गर्नुपर्दछ । पाठ्यपुस्तकको विश्लेषण गर्दा भाषिक सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपहरू सङ्क्षिप्तता, पूर्णता, गहनता, स्पष्टता र क्रमबद्धता रूपमा पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ । यस पुस्तकबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा तयार गर्न तथा उत्तरपुस्तिकका परीक्षण गर्ने कुरामा सहयोग लिइएको छ ।

### २.१.२ शोधकार्यको समीक्षा

प्रस्तुत शोधकार्यसम्बन्धी समीक्षालाई यसप्रकार उल्लेख गरिएको छ :

पौडेल (२०६०) द्वारा 'कक्षा दुईको मेरो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन' नामक शोधपत्र तयार गरिएको छ । अध्ययन अनुसार विषयवस्तुका दृष्टिले दुबै पाठ्यपुस्तक भौतिक र सांस्कृतिक क्षेत्रलाई समेटेर निर्माण गरिएको छ । वाक्यसम्बन्धी अभ्यासहरू मेरो नेपाली किताबमा रहेका तर सरल नेपाली किताबमा सबै भाषिक सीपहरू समेटिएको तर मेरो नेपाली किताबमा सुनाइ र बोलाइ सीपको उल्लेख नगरिएको पहिलो किताब सामान्यतः पाठ्यक्रमअनुरूप देखिएको तर दोस्रो नदेखिएको, मेरो नेपाली किताबको आधार उपयुक्त छ भने सरल नेपाली किताब केही भद्दा देखिएको र दुबै पाठ्यपुस्तक विद्यार्थीको रुचि, क्षमता र स्तरअनुकूल नभएको पाइन्छ । त्यस्तै प्रस्तुत अध्ययनमा गरिएको भाषिक सीप विकासको विश्लेषणका लागि आधार निर्माणमा समेत उपयोगी रहेको छ । उक्त शोध पुनरावलोकनबाट भाषिक सीपहरूको विकाससम्बन्धी सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपका लागि विश्लेषण प्रक्रियामा सघाउ पुऱ्याइएको छ ।

सुवेदी (२०६०) द्वारा 'कक्षा ५ को मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन' नामक शोधपत्रमा पाठ्यपुस्तक निर्माणका आधारमा तुलना गरिएको छ । यसमा मेरो नेपाली किताब केही त्रुटिबाहेक पाठ्यक्रमअनुरूपता नरहेको, मेरो नेपाली किताबमा लेखाइ सीपका तुलनामा सुनाइ, बोलाइ र पढाइसम्बन्धी भाषिक ओझेलमा परेका छन् । तर सजिलो नेपाली माला चाहिँ सुनाइ र बोलाइ सीपका केही अभ्यास नै नभएको विषयवस्तुको सङ्कलनमा सरल र जटिलको क्रमलाई दुबैले महत्त्व नदिइएको, भौगोलिक र

सांस्कृतिक विविधतालाई खासै महत्त्व नदिइएको पाइन्छ । व्याकरणसम्बन्धी र वाक्यगठनसम्बन्धी त्रुटि दुबैमा रहेका, मेरो नेपाली किताब र सजिलो नेपाली किताब दुबैमा शब्दभण्डार र वाक्य संरचनाको दृष्टिले समान रहेको छ । मेरो नेपाली किताबको तुलनामा सजिलो नेपाली मालाको आवरण र पृष्ठ, कागजको स्तर कलात्मक तथा राम्रो, छपाइका दृष्टिले पनि राम्रो भएको उल्लेख गरिएको छ । यस पूर्वकार्यको पुनरावलोकनबाट प्रस्तुत शोधकार्यमा तथ्याङ्कको व्याख्या विश्लेषण गर्नमा सहयोग पुग्ने देखिन्छ ।

घिमिरे (२०६६) द्वारा 'कक्षा ५ को मेरो नेपाली किताब र शुभारम्भ नेपाली लहर-५ तुलनात्मक अध्ययन' नामक शोधपत्रमा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण आधारहरूका आधारमा तुलना गरी निर्माण गरिएको छ । दुबै पाठ्यक्रम अनुरूप तयार भए पनि शब्दभण्डारका आधारमरा पाँचसय वटा नयाँ शब्द सिकाउने भनी पाठ्यक्रमले उपेक्षा गरेको दुबै पाठ्यपुस्तकले सुनाइ, बोलाइ र पढाइ भन्दा लेखाइ सीपलाई जोड दिइएको छ । उक्त पुस्तकमा दुबै बालमनोविज्ञानलाई बुझेर विषयवस्तु चयन नगरिएको मूल्यका दृष्टिले शुभारम्भ नेपाली लहर केही महँगो भएकाले शब्दको प्रयोग गर्ने तरिका हाम्रो नेपाली किताबमा मात्र रहेको, आकर्षणका दृष्टिले शुभारम्भ नेपाली लहर नै उत्कृष्ट रहेको छ । यस अध्ययनमा नेपाली पाठ्यपुस्तकमा समाविष्ट गरिएका सीपसँग सम्बन्धित अभ्यासहरू अभ्यसा गरी राम्रा र नराम्रा पक्षको टिप्पणी पनि गरिएकाले उल्लेखित शोधकार्यभन्दा फरक पाउन सकिन्छ ।

कोइराला (२०६९) द्वारा 'कक्षा पाँच नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन' शीर्षकमा शोधपत्र सम्पन्न गरिएको छ । पुस्तकालयीय विधि प्रमुख रूपमा अवलम्बन गरिएको छ । उक्त अध्ययन तहगत, सीपगत र विधागत वितरणका आधारमा अध्ययन, विश्लेषण गर्ने उद्देश्य राखिएको छ । उक्त अध्ययनमा शब्द भण्डार विकास गर्न सहयोगी सिद्ध हुने अभ्यासहरू समेटिएको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्र विधागत अनुरूपताका आधारमा अध्ययन गर्न, भाषिक सीपगत आधारमा विश्लेषण गर्नुपर्ने भएकाले उक्त शोधपत्रको विधागत अनुरूपताका आधारमा अध्ययन गर्ने ढाँचा निर्धारण गर्न भाषिक सीपगत आधारमा अभ्यास गर्न लागि नमुना निर्धारण गर्न, सैद्धान्तिक अवधारणा अपनाउन, अध्ययन विधि अपनाउन र नयाँ कुरा पत्ता लगाउनका लागि सहयोग पुग्ने भएकाले यो शोधपत्र शोधकार्यका लागि उपयुक्त सामग्री रहेको छ । यसले भाषिक

सीपहरूको चर्चा गरिएकाले यस शोध अध्ययनका लागि उपयुक्त मानिन्छ । उक्त पूर्वकार्यको पुनरावलोकन प्रस्तुत शोधकार्यमा तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

गौतम (२०६९) द्वारा 'कक्षा ९ को नेपाली पुस्तकहरूको अभ्यासहरूको तुलनात्मक अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधमा पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्यका आधारमा दुवै पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूको व्याख्या विश्लेषण गर्नु, अभ्यासको छनोट, स्तरण र वितरण आदिका आधारमा कक्षागत, तहगत, विधागत तालमेल पहिल्याउनु, समानता र असमानता, सबल, दुर्बल पक्ष आदि विविध आधारमा दुवै पाठ्यपुस्तकका नमुना अभ्यासहरूको तुलना गर्नु उद्देश्य राखिएको छ । उक्त अध्ययन पुस्तकालयीय अध्ययन विधिद्वारा नै सम्पन्न गरिएको छ । उक्त अध्ययनका लागि सुनाइ, बोलाइ सीपसँग सम्बन्धित प्रश्नहरू थप गरी दिनुपर्ने सिर्जनात्मक अभ्यासका लागि लेखाइ र पढाइ सीपको कम समावेश गरिएको, विद्यार्थीको स्तर, तह, उमेर र रूचिका प्रश्नहरूको मात्र थप गर्नुपर्ने सुझाव सहित दुवै कक्षाका नमुना अभ्यासहरू बीचको तालमेल मिलाउनु पर्ने निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रमा सैद्धान्तिक अवधारणा निर्धारण गर्न, पूर्वकार्यको समीक्षा गर्न अध्ययन विधि अपनाउन तथा तथ्याङ्क सङ्कलन र विश्लेषण गर्नमा सहयोग पुग्ने भएकाले उपयुक्त रहेको छ ।

थापा (२०७०) द्वारा 'कक्षा सात र कक्षा आठ नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको नमुना अभ्यास' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा सात र कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासको चर्चा गरिएको छ । भाषिक सीपका आधारमा स्वरूप पहिल्याउनु साथै सुनाइ, बोलाइ, पढाइ, लेखाइ सम्बन्धी समस्या छुटाउनु विभिन्न प्रकृतिको विधाको प्रयोजनअनुसार नमुना अभ्यासहरू भए नभएको औंल्याउनु साथै कक्षाको तहअनुसार पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरूको सुधारका लागि सुझाव दिनु रहेका छन् । उक्त शोधकार्यमा पुस्तकालीय अध्ययन र तुलनात्मक विधिमा केन्द्रित रहेर उक्त शोधकार्य गरिएको छ । उक्त शोधकार्यको निष्कर्षमा पाठ्यक्रमले तोकेको उद्देश्य पूरा गर्ने खालका अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने, विद्यार्थीहरूमा बौद्धिकता परीक्षण गर्ने खालका वस्तुगत प्रश्नको सङ्ख्या बढाउनु पर्ने निष्कर्ष निकालिएको र यसले पाठ्यपुस्तकको विश्लेषण गर्न

सहयोग पुऱ्याएको छ । उक्त शोधपत्रको अध्ययनबाट भाषिक सीपहरूको अध्ययन र विश्लेषण गर्नमा सहायता हुने भएकाले यस शोधपत्रको सहयोग लिइएको छ ।

के.सी. (२०७१) द्वारा 'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य विधागत वितरणका आधामा नमुना अभ्यासको विश्लेषण गर्नु रहेको छ । उक्त शोधकार्य पुस्तकालीय अध्ययनको प्रयोग गरी प्राथमिक र द्वितीय स्रोतहरूलाई सामग्री सङ्कलनमा प्रयोगमा ल्याइएको छ । उक्त शोधको निष्कर्षका रूपमा भाषा शिक्षणका निम्ति राखिएका नमुना अभ्यास शिक्षक तथा विद्यार्थीका लागि उपयुक्त र वैज्ञानिक देखिने, भाषिक सीप विकास गराउने अभ्यासअन्तर्गत सुनाइ सीपको विकास गराउने अभ्यासअन्तर्गत सुनाइ सीप विकास गराउने र लेखाइ सीपको विकास गराउने अभ्यास कमी रहेको छ भन्ने कुरा देखाइएको छ । भाषाका चारै सीपलाई विकास गर्ने अन्तर्सम्बन्धित अभ्यासहरू समावेश गर्नुपर्ने सुझाव दिइएको छ । उक्त पूर्वकार्यको पुनरावलोकन प्रस्तुत शोधकार्यमा तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

काफ्ले (२०७३) द्वारा 'कक्षा आठको नेपाली पाठ्यपुस्तक प्रयुक्त नमुना अभ्यासको अभ्यास' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यास पहिचान गर्नु, पाठगत आधारमा नमुना अभ्यासको अध्ययन गर्नु भाषिक सीपका दृष्टिले नमुना अभ्यासको विश्लेषण गर्नु जस्ता रहेका छन् । उक्त शोधकार्यमा पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ । उक्त शोधकार्य भाषाका चारवटै सीपलाई एक अर्काका परिपूरक र अन्तर्सम्बन्धित हुन् भनी विश्लेषण गरिएको यी प्रत्येक सामग्रीलाई पाठको विश्लेषण नमुना अभ्यासमा राख्न उपयुक्त हुन्छ भनी निष्कर्ष निकालिएकाले उक्त सामग्री उपयोगी हुन्छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्यमा तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

सापकोटा (२०७३) द्वारा 'कक्षा तीनको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण' शीर्षकमा स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधमा कक्षा तीनको नेपाली भाषा पाठ्यपुस्तक समाविष्ट हुने विधाहरू छनोट र स्तरण गर्नु कक्षा तीनको नेपाली विषयका लागि पाठ्यपुस्तकमा आधारित नमुना निर्माण गर्नु र भाषिक सीपको बारेमा चर्चा गर्नु उद्देश्य रहेका छन् सो उद्देश्य परिपूर्ति गर्नाका लागि प्राथमिक र द्वितीयक स्रोतबाट

सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत कक्षा तीनको पाठ्यक्रम र प्रस्तुत अध्ययन नमुना पाठहरू छनोटका लागि ल्याइएका बाल साहित्यिक पुस्तकहरू रहेका छन् भने द्वितीयक स्रोतका रूपमा शोधपत्र, कक्षा तीनको वर्तमान पाठ्यपुस्तक, खोजमूलक रचनाहरू, लेख रचनाहरू रहेका छन् । सो सामग्रीलाई पुस्तकालय अध्ययन प्रक्रियाद्वारा विश्लेषण गरिएको छ । यस शोधपत्रको अध्ययनबाट भाषिक सीपको चर्चा विश्लेषणमा टेवा पुग्ने भएकाले यस शोधपत्रको उपयोग गरी अनुसन्धानको कार्य गरिएको छ ।

यसरी हेर्दा पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी शोधकार्यहरू भएको पाइन्छ । विभिन्न तहका पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रयुक्त अभ्यास, शब्द भण्डार स्तर अनुकूलता तुलनात्मक अध्ययन र समग्र पाठ्यपुस्तकको विश्लेषण भएका छन् । कक्षा १० को भाषिक सीप विकासका दृष्टिले पाठ्यपुस्तकको विश्लेषण अध्ययन नभएकाले यसमा अनुसन्धान गर्न लागिएको हुँदा यो अध्ययन उपयोगी नै रहेको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषा संस्कृतको 'भाष्' धातुबाट वनेको हो । यसले शाब्दिक रूपमा 'व्यक्त' वाणीका रूपमा जुन अभिव्यक्ति गरिन्छ त्यसलाई वुझिन्छ, र भाषा मानवीय विचार तथा भावनाहरूको वाहक हो । समाजमा सम्पूर्ण क्रियाकलापहरू भाषामै आधारित हुन्छन् । मानवीय भावनाहरूको अभिव्यक्ति तथा विचारहरूको प्रकटीकरण गर्ने माध्यम भाषा नै हो । भाषाले मान्छेका दृष्टिकोण, रुचिहरू, क्षमताहरू, मूल्य मान्यताहरूलाई मूर्त आकार दिन्छ । नेपाली भाषा शिक्षणमा स्पष्ट पारिएको छ (दाहाल र ढुङ्गेल, २०७०, पृ. १६) ।

भाषा शिक्षण भनेको भाषा वारेमा शिक्षण नभई भाषिक सीपहरूको शिक्षण हो । सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषाका आधारभूत सीप हुन् ती मध्ये सुनाइ र पढाइ ग्रहणत्मक वा आदानात्मक सीप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिगत वा प्रदानात्मक सीप हुन् । त्यस्तै सुनाइ र बोलाइ मौखिक सीप हन् भने पढाइ र लेखाइ लिप्यात्मक सीप हुन् । राम्रोसँग सुन्नु सुने अनुसारको ध्वनि उच्चारण गरेर बोल्नु ध्वन्यात्मक उच्चारण अनुसार पढ्नु र उच्चारण सङ्केत अनुसारको लिपि प्रयोग गरेर लेख्नु भाषा शिक्षण सिकाइ अभीष्ट हो भनी नेपाली भाषा शिक्षण पुस्तकमा स्पष्ट पारिएको छ (पौडेल, २०७०, पृ. ३०) पाठ्यपुस्तकको विश्लेषण गर्दा भाषिक सीपको आवश्यकता पर्दछ ।

भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सीप प्रमुख हुन्छन् सुनाइ र बोलाइ सरल र पूर्ववर्ती सीप हुन् भने पढाइ र लेखाइ ती भन्दा जटिल र उत्तरवर्ती सीप हुन् । यस्तो भएपनि कक्षाको स्तर अनुसार सवै सीपहरूको शिक्षण गर्नु आवश्यक हुन्छ र कक्षा वा स्तर वृद्धि हुँदै जाँदा ती सीपहरू पनि क्रमशः स्तरीकृत हुदै जान्छन् । भाषिक सीप समृद्ध हुदै जानु भनेको भाषिक कलाको समृद्ध हुँदै जानु हो भनी भाषिक अनुसन्धान विधि पुस्तकमा स्पष्ट पारिएको छ (भट्टराई, २०७३, पृ. २८) ।

भाषिक सीपमा विकासका दृष्टिले पाठ्यपुस्तकको विश्लेषण गर्दा चार ओटा पक्षमा आधारित भएर गर्नुपर्दछ, जुन यसप्रकार छन् ।

### २.२.१ सुनाइ

भाषाका चारवटा सीपहरूमध्ये सुनाइ लाई प्रारम्भिक र आधारभूत सीप मानिन्छ । सुनाइ भनेको वक्ताको हाउभाउ समेतलाई विचार गरेर आशयगत अर्थ पनि पत्ता लगाउनु हो । वक्ताले भनेको कुरा श्रोताले सुनेको छ तर त्यसको अर्थ भाव र विचार तथा अभिप्राय बुझ्न सकेन भने त्यसलाई सुनाइ भनिँदैन । त्यसको सुनाइ सीप विकासका लागि तल्ला कक्षादेखि नै विशेष ख्याल गरी पाठ्यपुस्तकमा पनि उचित खालका सुनाइसम्बन्धी विभिन्न नमूना अभ्यास राख्नुपर्दछ (दाहाल र ढुङ्गेल, २०७१, पृ २४) सुनाइ सिकारुहरूमा सुन्ने र बुझ्ने क्षमताको विकास गर्न मौखिक कार्यकलापमा निपूण बनाउन सुनेर शब्द, ध्वनि र अभिप्राय बुझी त्यसको व्याख्या सुनेर शब्द, ध्वनि र अभिप्राय बुझी त्यसको व्याख्या गर्ने तुल्याउन सुनेका आधारमा संक्षेपीकरण, विस्तृतीकरण र वुदाँटिपोट गर्न सक्ने तुल्याउन र सुनाइ अभ्यासका माध्यमले भाषाका हरेक सीप समृद्धिमा सघाउ पुऱ्याउन सुनाइ बोध शिक्षण गरिएको छ भनी नेपाली भाषा शिक्षण पुस्तकमा दिइएको छ । यसमा कुराकानी, छलफल, प्रश्नोत्तर, वर्णविभेदीकरण, वाक्य विभेदीकरण, भाषण, हाजिरीजवाफ, अन्तवार्ता र गीत सुनाइ सीप अन्तर्गत पर्ने गर्दछन् र शिक्षण गराउँदा कुनै कुराप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्न, अरूको निर्देशन पालना गर्न आफ्नो दैनिक कार्य कुशलता पूर्वक सञ्चालन गर्न सुनाइ शिक्षणको भूमिका रहेको छ ।

(क) **सुनाइका प्रकार**

सबै प्रकारका कुरालाई हामी एकै किसिमबाट सुन्दैनौ (ढुङ्गेल र दाहाल (२०६८, पृ. १०) का अनुसार नेपाली भाषा शिक्षणमा सामान्यतया सुनाइलाई पाँच प्रकारबाट वर्गीकरण गरिएको छ ।

(अ) **सामान्य सुनाइ**

कुनै पनि कुरा आफूलाई उचित लागुन्जेल सुन्ने र उचित नलागेपछि नसुन्ने खालको सुनाइ सामान्य सुनाइ हो आफ्नो कक्षामा शिक्षकले हाजिर बोलाउँदा आफ्नो रोल्नम्बर सुन्नु सामान्य सुनाइ हो ।

(आ) **एकाग्र सुनाइ**

कसैको भनाइ, अभिव्यक्ति वा निर्देशनलाई दुखचित भएर सुन्नु नै एकाग्र सुनाइ हो, कुनै पनि विषय वा कुरालाई यस प्रकारले सुनिएता पनि सुनाइका आधारमा ठीक बेठीक छुट्टयाउन र कुनै कुरा बोध र ग्रहण गर्न सकिएको छ ।

(इ) **मनोरञ्जनात्मक सुनाइ**

मनोरञ्जनात्मक गर्ने अभिप्रायले सुनिएको सुनाइ मनोरञ्जनात्मक सुनाइ भित्र पर्छ, यस भित्र चलचित्रका वार्तालापहरू, रेडियो वा टेलिभिजनबाट सुनिने गीतहरू रहेका छन् ।

(ई) **आंशिक सुनाइ**

आंशिक सुनाइ भन्नाले एकैपल्ट एकभन्दा बढी कुराहरू सुन्नुपर्दा आफूलाई महत्त्वपूर्ण लागेको कुरा सुनी अर्को कुरामा पनि ध्यानलाई आंशिक सुनाइ भनिएको छ ।

(उ) **विश्लेषणात्मक सुनाइ**

सुनेका कुराहरू ठीक बेठीक छुटाउन सक्ने गरी सुन्नु विश्लेषणात्मक सुनाइ भनिने छ । कुनै पनि व्याख्यान वा अभिव्यक्ति सुनेपछि त्यसको खण्डन मण्डन गर्ने क्षमता हुनु विश्लेषणात्मक सुनाइको विशेषता हो ।

### २.२.२ बोलाइ

बोलाइ भाषाको प्रदानात्मक सीप हो । भाषाको प्रकटीकरण गर्ने कथन सर्न्दभ वा कथ्य रूपलाई मौखिक अभिव्यक्ति भनिन्छ र त्यसलाई सामान्य भाषामा बोलाइ भनिने छ ।

मानव सभ्यताको इतिहासको प्राचीन समय देखि आजसम्म कुनै पनि भाषिक अभिव्यक्ति क्षेत्रमा बोलाइको स्थान महत्त्वपूर्ण मानिएको छ भनी नेपाली भाषा शिक्षणमा दिइएको छ (पौडेल, २०७०, पृ. १८) ।

विद्यार्थीले बोलीका माध्यमबाट आफ्ना मनका भावना विचार, धारणा, चाहना र उद्देश्यलाई अरू समक्ष प्रस्तुत गराइने छ । बोलाइ सीप सामान्यतामा कुराकानी, गफगाफ, भलाकुसारी, ज्ञान गुन, हँसीठ्टटा आदेश निर्देश, मनोरञ्जन, विरोध यावत् प्रकार्यपरक भाषिक सर्न्दभमा सरल र व्यावहारिक प्रकटको माध्यम बोली भएकाले बोलाइ विद्यार्थीको आफ्नो विचार व्यक्त गर्ने क्षमता विकास गराउनाका साथै विद्यार्थीहरू दिन सक्ने क्षमता विकास गराउँछ र आफ्नो अनुभव (देखेको, सुनेको) कुरालाई आफ्नो भाषामा व्यक्त गर्ने क्षमताको विकास गराउने छ । शुद्ध एवम् स्पष्ट उच्चारण गर्दै भाव अनुकूल आरोह अवरोहका साथ वार्तालाप गर्दै शब्दभण्डारको विकास गराएको छ ।

बोलाइको समग्र प्रतिनिधित्व मौखिक अभिव्यक्ति भएकाले भाषाको प्राकृतिता वा मूल रूपमा शिक्षण दृष्टिले बोलाइ शिक्षण महत्त्वपूर्ण मानिएको छ । मानव समुदायको व्यावहारिक जीवनमा मौखिक भाग नै विचार विनिमयको माध्यम भएकाले बोलाइ शिक्षण अत्यन्त उपयोगी रहेको छ ।

### २.२.३ पढाइ

भाषाको चार सीपहरू मध्ये पढाइ आदानात्मक सीप हो । यसले विभिन्न लिखित सामग्रीलाई पढ्न लगाई त्यसमा विद्यार्थीहरूले गरेका उच्चारणगत त्रृटिहरूलाई सच्चाइ विद्यार्थीको शुद्ध उच्चारण गर्न सक्ने क्षमता विकास पढाइ सीपबाट हुन्छ भनी नेपाली भाषा शिक्षण पुस्तकमा दिइएको छ (दाहाल र ढुङ्गेल, २०७०, पृ. १६) ।

पढाइ सीप साहित्यका विभिन्न विधाहरूमा राखिएको छ, कथा, जीवनी, नाटक आदिको भाव अनुसार पढन लगाइएको छ । पढ्ने कलाको विकास गराउँदा दोस्रो भाषी वक्ताहरूमा त्रुटि देखिएको छ । लिखित सामग्री मौनवाचन गरी पढाइको गति विकास गर्न माध्यमिक तहमा पढ्न बोध शिक्षण उपयोगी रहेको हुन्छ । लिपिवद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान र एवम् सूचनालाई मस्तिष्कले सङगति गरी अर्थबोध गर्नु वा ग्रहण गर्नु पठनकला आवश्यक ठानिन्छ । लेख्य सामग्रीलाई दुई भागमा वर्गीकरण गरिएको छ । सस्वर

पठन र मौन पठन अर्कोले सुन्ने गरी कथ्य भाषाको ढङ्ग र ढाँचा अनुसार आवाज निकालेर पढ्नुलाई सस्वर पढन तथा आखाँ र दिमागले आवाज ननिकाली पढ्नुलाई मौन पठन भनिन्छ ।

पढाइ सीप सस्वर पठन गर्ने प्रारम्भिक चरण पनि हो, पढाइको प्रारम्भमा ध्वनि प्रति वा लिपिवद्ध अक्षर वा वर्णलाई उच्चारण गर्ने अभ्यास हो । आवाज निकालेर पढ्दा अरूको बुझ्ने गरी हाउभाउ पूर्ण र शुद्ध एवम् स्पष्टसँग पढ्ने बानीको विकास गर्न सस्वर पढाइको अभ्यास गराउनु आवश्यक मानिन्छ ।

### २.२.४ लेखाइ

भाषाको चार सीप मध्ये लेखाइ सीप प्रदानात्मक सीप हो । कुनै पनि व्यक्तिको मनमा लागेका कुरालाई लिपिवद्ध भाषामा प्रस्तुत गर्नुलाई नै लेखाइ भनिन्छ । लेखाइ भनेको हाम्रो मस्तिष्कमा रहेका कुराहरू अभिव्यक्त गर्ने साधनको रूपमा लिइएको छ । त्यसलाई विद्यार्थीहरूले प्राप्त गरेको ज्ञानलाई संरक्षण गर्ने माध्यमका रूपमा लिइन्छ । उक्त यसले विद्यार्थीहरूमा उपयोगी कुराहरू विर्सन सक्ने समस्यालाई केही हदसम्म रोकथाम गर्ने काम गर्छ भनी भाषा शिक्षण पुस्तकमा व्याख्या विश्लेषण गरिएको छ (पौडेल, २०७१, पृ. २०) ।

लेखाइ कुनै पनि समय र स्थानको सीमामा बाँधिने सक्दैन लेखाइ शाश्वत र सार्वभौम प्रकृतिको हो, भाषाका संरचना तथा शब्द भण्डारको लेख्य प्रयोग लेखाइमा व्यक्त हुनेछ । भाव प्रकाशनको माध्यम लेखाइ सीपबाट विषयवस्तुलाई छान्ने, त्यसै अनुरूप वाक्य संरचना तथा शब्दावलीको छनोट गर्ने क्षमता विकास हुनेछ । लेखाइ वैयक्तिक सन्तुष्टिको अत्यन्त महत्त्वपूर्ण माध्यम मानिएको छ । लेखाइ प्रभावकारी ढङ्गले लाग्नेहरूले समाजमा प्रतिष्ठा पाएका छन् । लेखाइले आर्थिक स्थितिमा पनि सुधार गर्न सक्छ । आफ्नो वैयक्तिक अनुभव प्रभावकारी रूपमा अभिव्यक्त गर्ने सीप विकास गर्न लेखाइ शिक्षण आवश्यक रहेको छ । लेखाइ सीपको माध्यमबाट कतिपय भाषिक तथा सज्ञानात्मक कार्यकलाप सम्पन्न भएको छ । विद्यार्थी विषयवस्तुमा पोख्त हुदाँ हुँदै पनि लेखन कला ज्ञानका अभावमा कुनै पनि विद्यार्थी परीक्षामा अनुतीर्ण हुन सक्दछ । त्यसैले सिकाइ क्रियाकलाप सक्रिय सहभागी भई परीक्षा उत्तीर्ण गर्नका लागि लेखाइ शिक्षण आवश्यकता रहेको छ । लेखाइ सीपले विद्यााार्थीको विचारलाई व्यवस्थित रूपमा लेख्ने र सिजर्नात्मक क्षमताको विकास गराएको छ ।

यसरी पाठ्यक्रम अनुसार सुनाइ र बोलाइलाई कम महत्त्व दिइएको र पढाइ र लेखाइलाई बढी महत्त्व दिइएको छ । ज्ञान, बोध, व्यावहारिक सीप, उच्च दक्षता प्रदान गर्न पढाइ र लेखाइ सीपको भूमिका रहेको छ । पाठ्यक्रम शब्दभण्डार भित्र शब्दार्थ, शब्दज्ञान, वाक्यमा प्रयोग लगाई विद्यार्थी बोलाइ र सुनाइ सीपको विकास गरिएको छ भने हिज्जे (वर्ण विन्यास) र लेख्य चिह्नबाट शुद्ध लेखनतिर लैजाने गरिन्छ । व्याकरणबाट शब्दवर्ग, शब्दनिर्माण, काल, पक्ष र भाव, वाक्य परिवर्तन तथा वाक्य संश्लेषण गर्न लगाई सुनाइ र लेखाइको सिजर्नात्मक रूपमा रचनाहरू १५० शब्दसम्मको अदृष्टांश गद्यांश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालको कुनै पाँच प्रश्न सोध्ने त्यसबाट बोलाइ र पढाइ सीपको विकास हो । बुदाटिपोट, निर्देशित रचना, व्यावहारिक लेखन, स्वतन्त्र रचनाबाट  विद्यार्थीको वादविवाद, संवाद र मनोवाद जस्ता पक्षबाट बोलाइ र पढाइ सीपको विकास हुन्छ भने निबन्ध कथा, कविता, जीवनी लेखनबाट लेखाइ सीपको विकास गरिएको छ ।

समग्रमा भाषिक सीप विकासको महत्त्व र आवश्यकता निम्न अनुसार बुदाँगत रूपमा उल्लेख गर्न सकिन्छ :

१. भाषिक सीप विकासले नेपाली पाठ्यपुस्तकको विश्लेषण गरी विकास गराउन सक्षम रहेको छ ।

२. विभिन्न सर्न्दभमा व्यक्त भएका मौखिक अभिव्यक्तिहरूलाई ख्याल गरेर प्रतिक्रिया जनाउने गरी सुन्न आवश्यक मानिन्छ ।

३. सञ्चारका विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न लगाइएको छ ।

४. कुराकानी, प्रश्नोत्तर, संवाद, वक्तृता, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दर्साउन सक्ने गरी सुन्न लगाइएको छ ।

५. मानव समुदायको व्यावहारिक जीवनमा मौखिक भाषा नै विचार विनिमयको माध्यम हो यसले गर्दा बोलाइ शिक्षणलाई अत्यन्त उपयोगी रहेको छ ।

६. लेख्य भाषाका तुलनामा मौखिक भाषा वढी प्रभावशाली माध्यम हो त्यसैले बोलाई शिक्षण अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

७. लेख्य भाषाले मौखिक भाषाले जति व्यापक क्षेत्र ओगट्न सक्दैन त्यसकारणले पनि बोलाइ शिक्षण अत्यन्त महत्त्वपूर्ण मानिन्छ ।

८. विद्यार्थीको सङकोचलाई अन्त्य गरी आफ्नो विचार अरूका सामु विना हिचकिचाहट प्रस्तुत गर्ने क्षमता विकास गराउन उपयोगी रहेको छ ।

९. गहन पठनका लागि माध्यमिक तहमा पठनबोध शिक्षणले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

१०. साहित्यिक कृति आस्वादनका लागि रुचि निर्माण गर्ने उद्देश्यबाट पनि माध्यमिक तहमा पढाइ सीप शिक्षण उपयोगी रहेको छ ।

११. दैनिक व्यावहारिक जीवनमा प्रयोग गरिने भाषिक कार्यकलापहरू जस्तैः चिठी, निवेदन, टिपोट, प्रतिवेदन आदि लेख्न सक्ने तुल्याउने लागि लेखाइ शिक्षण आवश्यक रहेको छ ।

१२. विभिन्न विषय तथा अभिव्यक्ति प्रसङ्ग अनुसार भाषिक शैलीको चयन गर्ने क्षमता विकास गर्न लेखाइ सीप उपयोगी रहेको छ ।

## २.३ भाषिक सीपका आधारमा कक्षा दशको नेपाली पाठ्यक्रम

### २.३.१ सुनाइ र बोलाइ सीप

सुनाइ र बोलाइ मौखिक पक्षअन्तर्गत पर्ने भाषिक सीपहरू हुन् । यी दुई सीपहरू एक अर्कामा अन्तरसम्बन्धित छन् । व्यक्तिले कुनै कुरा सुनेर मात्र भाषिक आवश्यकता पूरा गर्न सक्दैन । त्यसका लागि बोलाइको आवश्यकता पर्दछ । कुनै व्यक्तिले कुनै कुरा सुनेर मात्र बोलाइतिर लम्कन सक्छ । त्यसकारण सुनाइ पहिलो र बोलाइ दोस्रो भाषिक सीप हो । माध्यमिक तहको भाषा पाठ्यक्रमले कक्षा दशका लागि सुनाइ र बोलाइसँग सम्बन्धित जम्मा १७ ओटा उद्देश्यहरू निर्धारण गरेको र सबै सीपमा समान ढङ्गले जोड दिने प्रयास गरेको छ । सुनाइ र बोलाइ सीपको परीक्षण भाषाका एकाइहरूलाई आधार बनाएर गरिएकाले निकै राम्रो देखिन्छ । यी उद्देश्यहरू माध्यमिक तहको नेपाली पाठ्यक्रमबाट लिइएको हो । यसलाई तलका बुँदाहरूबाट अझ प्रस्ट पारिएको छ :

- शब्द र वाक्यहरूमा प्रयुक्त स्वर र व्यञ्जन वर्णहरू पहिल्याउन र सोहीअनुसार उच्चारण गर्न,
- मातृभाषा र विभिन्न भाषाभाषीको सन्दर्भलाई समेत ख्याल गरी उपयुक्त उच्चारण गर्न,
- गति र लय ख्याल गरी शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न,
- मौखिक अभिव्यक्तिमा व्यक्त भएका मुख्य विधाहरू पहिचान गर्ने गरी सुन्न,
- साहित्यिक विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न,
- साहित्यका विधा, पाठ तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्न,
- साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न,
- वक्तृता, संवाद, छलफल जस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरू पहिचान गर्न,
- देखे सुनेका अनुभव गरेका वा पढेका विषयवस्तु वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न,
- श्रोताहरूको अवस्था, प्रस्तुतिको योजना तथा परिवेशअनुसार विचार प्रस्तुत गर्न,
- गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्त गर्न,
- समूह छलफल, प्रस्तुति, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न,
- मौखिक पाठ तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य कुरा भन्न,
- आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न,
- कुनै पाठ सुनी त्यसको मूल विषयका बारेमा अनुमान गर्न,

- सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको सम्प्रेषणात्मक प्रकार्यका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन,
- प्रसङ्ग, सन्दर्भअनुसार उखान टुक्काको प्रयोग गर्न ।

### २.३.२ पढाइ

लिखित सामग्रीलाई बुझेर अभिव्यक्ति गर्न आधार प्रदान गर्ने सीप पढाइ हो । व्यक्तिको पहिलो खुड्किलो लेख्य भाषालाई पढ्न जान्नु हो । लिपिबद्ध गरिएका विचारलाई वाचन गर्न सक्नु पढाइ हो । पढाइबाट विचारको ग्रहण पाठको अनुकूलता अनुसार हुन्छ । विषयवस्तुको स्तरअनुसारको भावग्रहण गर्न सक्ने सामर्थ्य पढाइबाटै प्राप्त हुन्छ । पढ्न जानेमा आफ्नो सुविधाअनुरूप विषयवस्तुको ज्ञान आर्जन गर्न सकिन्छ । पढाइ सीप विकास गराउनका लागि सस्वरपठन र मौनपठनको प्रशस्त अभ्यास गराउनु पर्दछ । कक्षा दशको भाषा पाठ्यपुस्तकले पनि पढाइ सीप विकास गराउनका लागि विभिन्न प्रकारका उद्देश्यहरू राखेको छ । ती उद्देश्य परिपूर्ति गर्नमा पाठ्यपुस्तक कतिको उपयोगी छ भन्ने बारेमा अध्ययन गर्नका लागि पढाइ सीप अन्तर्गत १५ ओटा उद्देश्यहरू निर्धारण गरेको छ । यी उद्देश्यहरू माध्यमिक तहको नेपाली पाठ्यक्रमबाट लिइएको छ । यसलाई निम्नानुसार उल्लेख गरिएको छ :

- लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,
- निश्चित समय तोकी लिखित सामग्रीको पठनमा सन्दर्भ र भावअनुसार गति मिलाई पढ्न,
- लिखित सामग्रीको मौन पठनमा पढाइको गति विकास गर्ने गरी छिटो छिटो पढ्न,
- साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या गर्न र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न,
- पाठको संरचना, उद्देश्य, सूचना तथा अनुमानित अभिप्रायको बोध गर्न सक्ने गरी पढ्न,
- विभिन्न प्रकारका भाषिक पाठहरूको उद्देश्य पहिचान गर्ने गरी पढ्न,
- पाठमा प्रयुक्त भाषाको प्राज्ञिक, प्राविधिक, तार्किक पक्षको पहिचान गरी पढ्न,
- प्रयोजनअनुसार प्रस्तुत भएका विषयवस्तुको पाठ गरी शब्दभण्डार वृद्धि गर्न,

- लिखित सामग्रीको प्रयोजन ख्याल गरी पढ्न र ती सामग्रीको प्रयोजन सन्दर्भ पहिचान गर्न सक्ने गरी पढ्न,
- हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न,
- साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक, सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न,
- पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न,
- भाषाका पाठमा प्रस्तुत संरचनाका आधारमा मुख्य घटनालाई क्रम मिलाई अभिव्यक्त गर्न सक्ने गरी पढ्न,
- पाठमा प्रयुक्त विशिष्ट प्रकारका गणितीय, संख्यापरक तथा तिथिमिति युक्त सूचना पत्ता लगाई तिनको तालिकीकरण गर्न सक्ने गरी पढ्न,
- आलोचनात्मक सोचको निर्माण गर्ने गरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न ।

### २.३.३ लेखाइ

भाषाको चार सीपमध्ये लेखाइ सीप प्रदानात्मक सीप हो । कुनै पनि व्यक्तिको मनमा लागेका कुरालाई र मस्तिष्कमा रहेका, सुनेका, देखेका, पढेका, जानेका कुरालाई लिपिचिह्न धारा अभिव्यक्त गर्ने भाषिक कार्यकलापलाई लेखाइ भनिन्छ । लिखित अभिव्यक्ति, मौखिक अभिव्यक्तिको प्रतीकात्मक प्रयोग लेखाइ हो । भाषिक अभिव्यक्तिद्वारा सीपको विकास गर्नु भाषा पाठ्यक्रम लेखन सीपको उद्देश्य राखेको हुन्छ । उक्त यसले विद्यार्थीहरूमा उपयोगी कुराहरू विसर्जन हुन सक्ने समस्यालाई केही हदसम्म रोकथाम गर्ने काम गर्दछ । लेखाइ कुनै पनि समय र स्थानको सीमामा बाँधिन सक्दैन । लेखाइ शाश्वत र सार्वभौम प्रकृतिको हो, भाषाका संरचना तथा शब्दभण्डारको लेख्य प्रयोग लेखाइमा व्यक्त गरिन्छ । कक्षा दशको नेपाली भाषा पाठ्यक्रममा लेखाइ सीपअन्तर्गत १५ ओटा उद्देश्यहरू समेटेको पाइन्छ । जुन निम्नानुसार रहेका छन् :

- वर्णविन्यास (हिज्जे) र लेख्य चिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्टसँग लेख्न,
- विभिन्न प्रकारका सूचना सङ्कलन गरी तिनको सङ्गठन र संश्लेषण गरी लेख्न,
- लेखिएका सामग्रीको सम्पादन गरी र परिष्कार तथा पुनः सम्पादन र पुनः परिष्कार गरी लेख्न,

- कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न,
- आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषयवस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न,
- उद्देश्यमूलक सूचना र विषयवस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न,
- पढेका विषयका मुख्य मुख्य बुँदा टिपोट गर्न र सारांश लेख्न,
- साहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न,
- दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गर्न,
- उपयुक्त शैली र ढाँचामा संवाद र वादविवाद लेख्न,
- विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखानटुक्काहरूको सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न,
- लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न,
- विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र मौलिक र सिर्जनात्मक अभिव्यक्ति प्रकट गर्न,
- विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक र मूल्याङ्कनात्मक अभिव्यक्ति प्रस्तुत गर्न,
- कुनै निश्चित विषयमा आलोचनात्मक सोच निर्माण गरी लेख्न ।

# अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया

कुनै पनि अध्ययन अनुसन्धान गर्नका लागि खासखास विधिहरू अपनाइएको हुन्छ । प्रस्तुत कार्यलाई व्यवस्थित तरिकाले अध्ययन विश्लेषण गर्नका लागि जुन विधि मापदण्ड तथा सिद्धान्तलाई आधार मानिएको छ, तिनै विधिहरूलाई अध्ययन विधि भनिन्छ । प्रस्तुत अध्ययनको लागि पुस्तकालय र क्षेत्रीय अध्ययन विधिमा आधारित भई सम्पन्न गरिएको छ । त्यसैले यस शोधकार्यमा निम्नानुसार विधि र प्रक्रिया अपनाइएको छ ।

### ३.१ अध्ययन विधि

प्रस्तुत शोधकार्य भाषिक सीप विकासका दृष्टिले कक्षा १० पाठ्यपुस्तकको विश्लेषणका लागि क्षेत्रीय अध्ययन विधिका साथै तुलनात्मक र वर्णनात्मक विधिको उपयोग प्रयोग गरिएको छ ।

### ३.२ जनसङ्ख्याको पहिचान

प्रस्तुत अध्ययन भाषिक सीप विकासको दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको विश्लेषणका लागि काठमाडौँ जिल्लाको कक्षा दशमा अध्यापनरत नेपाली विषयका शिक्षक, नेपाली विषयका पाठ्यक्रमविद् र शिक्षाविद्हरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.३ प्रतिनिधि नमुना छनोट

प्रस्तुत शोधकार्य अध्ययनका लागि शैक्षिक सत्र २०७५ मा काठमाडौँ जिल्लाका कक्षा १० मा शिक्षण गर्ने १० जना शिक्षकहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । त्यस्तै नेपाली भाषाका पाठ्यक्रमविद् ५ जना र शिक्षाविद् ५ जना गरी जम्मा २० जना व्यक्तिलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ ।

### ३.४ सामग्री सङ्कलनका साधनहरू

प्रस्तुत शोधकार्य पूरा गर्नाका लागि प्राथमिक र द्वितीयक सामग्रीको नमुनाको रूपमा अवलम्बन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोतका सामग्रीहरू

प्रस्तुत शोधकार्यमा नेपाली भाषाका पाठ्यक्रमविद्, शिक्षाविद् र कक्षा दशमा अध्यापन गर्ने निजी तथा सरकारी विद्यालयका शिक्षकलाई निर्धारित फाराम भराई त्यसबाट प्राप्त हुन आएका सूचनालाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ ।

### ३.४.२ द्वितीयक स्रोतका सामग्री

प्रस्तुत अध्ययनमा शोधपत्रहरू, पुस्तकहरू, पत्रपत्रिकामा प्रकाशित लेखहरूलाई द्वितीय स्रोतका सामग्री मानिएको छ । यिनको उपयोग प्राथमिक स्रोतका सामग्रीको विश्लेषणका सन्दर्भमा गरिएको छ ।

## ३.५ परीक्षणका साधन

प्रस्तुत अध्ययनको समस्याकथन र उद्देश्य एकका लागि कक्षा दशको नेपाली पुस्तकको अभ्यासमा रहेका प्रश्नहरूको भाषिक सीप विकासका दृष्टिले विश्लेषण गरिएको छ भने समस्याकथन र उद्देश्य दुईअन्तर्गत नेपाली भाषाका पाठ्यक्रमविद्, शिक्षाविद् र नेपाली विषयका शिक्षकलाई छुट्टाछुट्टै वस्तुगत र विषयगत प्रश्नहरू सोधिएको छ । यहाँ नेपाली भाषाका ५ जना पाठ्यक्रमविद्लाई १० वटा वस्तुगत प्रश्न सोधिएको छ, जुन रेजा चिह्न लगाउने खालका प्रश्न छन् भने एउटा विषयगत प्रश्न पनि राखिएको छ । उक्त उद्देश्यमा आधारित भई ५ जना शिक्षाविद्लाई १० वटा वस्तुगत रेजा चिह्न लगाउने खालका प्रश्न राखिएको छ भने एउटा विषयगत स्वतन्त्र खालको प्रश्न पनि सोधिएको छ । त्यसैगरी निजी तथा सरकारी विद्यालयका १० जना शिक्षक/शिक्षिकालाई प्रश्नावली फाराम भर्न लगाइएको छ, जसमा २० वटा वस्तुगत प्रश्न राखिएको छ भने एउटा विषयगत स्वतन्त्र खालको प्रश्न दिई प्रश्नावली फाराम भरी परीक्षणको साधन तयार गरिएको छ ।

## ३.६ परीक्षणको कार्यान्वयन

प्रस्तुत शोधकार्यका लागि परीक्षण सामग्रीलाई अन्तिम रूप प्रदान गरी सके पश्चात कक्षा १० को नेपाली पाठ्यपुस्तकका अभ्यासमा रहेका प्रश्नहरूको भाषिक सीप विकासका दृष्टिले अध्ययन गरिएको छ भने तोकिएका शिक्षक, पाठ्यक्रमविद् र शिक्षाविद् छुट्टाछुट्टै फारम भराई प्राप्त तथ्यका आधारमा सम्बन्धित पाठ्यपुस्तकको उपयुक्तता पहिल्याइएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या विश्लेषण

शोधकार्य सम्पन्न गर्नका लागि भाषिक सीप विकासका दृष्टिले कक्षा १० को नेपाली पुस्तकका विश्लेषण गरिएको छ । चौथो अध्याय जुन ४.१ मा भाषिक सीप विकासका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकको विश्लेषण गरिएको छ। यसमा १६ वटा पाठहरू रहेका छन् जसमा कथा, कविता, जीवनी, मनोवाद, निबन्ध, वादविवाद, एकाङ्कीको शीर्षकअनुसार छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ । ४.२ मा कक्षा दसको नेपाली पाठ्यपुस्तकका अभ्यासमा प्रयुक्त भाषिक सीपको तुलनात्मक स्थितिको चर्चा गरिएको छ । ४.३ मा पाठ्यक्रम अनुरूपताका आधारमा भाषिक सीप जुन सुनाइ, बोलाइ, पढाइ, लेखाइको छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ । पाँचौ अध्यायमा भाषिक सीप विकासका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकको उपयुक्तता पहिल्याएको छ । यसमा ५.१ मा नेपाली विषयका ५ जना पाठ्यक्रमविद्बाट दिइएको तथ्याङ्कको विश्लेषण गरिएको छ जसमा पाठ्यक्रमविद्लाई ११ वटा प्रश्न सोधिएको छ। त्यसमध्ये १ वटा विषयगत प्रश्न सोधिएको थियो। ५.२ मा ५ जना शिक्षाविद्हरूबाट लिइएको तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । जसमा ११ वटा प्रश्न राखिएको छ । यसमा १ वटा स्वतन्त्र खालको प्रश्न दिइएको छ । ५.३ नेपाली विषयका अध्यापन गर्ने निजी तथा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूलाई २१ वटा प्रश्न सोधिएको छ। जुन २० वटा रेजा चिह्न लगाउने खालका

छन्। यसमा १ वटा स्वतन्त्र खालका प्रश्न दिइएको छ। प्रत्येक शिक्षाविद्, पाठ्यक्रमविद् र शिक्षक, शिक्षिकालाई प्रश्नावली फाराम भर्न लगाई तिनीहरूको फरक-फरक तरिकाले व्याख्या विश्लेषण गरी तालिकीकरण गरिएको छ। उक्त प्रश्नावली फारामबाट तथ्याङ्कको सङ्कलन गरी निष्कर्ष निकालिएको छ।

# अध्याय चार

# भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको विश्लेषण

## ४.१ भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको विश्लेषण

कुनै निश्चित तहको कुनै निश्चित कक्षामा वर्षभरि शिक्षण गर्नका लागि तयार गरिएको विषयवस्तुको सँगालोलाई पाठ्यपुस्तक भनिन्छ । त्यसैले भाषिक सीपहरू पाठ्यपुस्तकमा समावेश गरी शिक्षण सिकाइ सञ्चालन गर्नुपर्दछ । भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तक तयार भएको नभएको हेर्ने कार्य यस अध्यायमा गरिएको छ ।

### १. 'जन्मभूमि' : कथा

प्रस्तुत कथामा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.१

'जन्मभूमि कथा'

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ४ | ४ | ६ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत कथामा सुनाइ सीपको अभ्यासमा तीनओटा प्रश्न राखिएको छ । यसमा प्रथम प्रश्नमा पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र त्यस अनुच्छेदमा कुन-कुन पात्रहरूको नाम उल्लेख भएको छ भनी भनिएको छ भने दोस्रो पाठको दोस्रो अनुच्छेद सुन्न लगाइएको छ र विभीषणलाई किन निद्रा लागेन भनी सुनाइ सीपमा आधारित भई प्रश्न सोधिएको छ भने तेस्रो प्रश्नमा अन्तिम अनुच्छेद श्रुतिलेखन गर्नुहोस् भनी सुनाइ सीपमा जोड दिइएको छ ।

उक्त कथामा बोलाइ सीपअन्तर्गत ४ ओटा प्रश्न सोधिएका छन् । पहिले प्रश्नले पाठका अनुच्छेद पालैपालो पढ्नको लागि निर्देशन दिइएको छ भने उक्त दोस्रो अनुच्छेदमा पाठको चौथो अनुच्छेद पढी मौखिक प्रश्नहरू सोध्ने कार्य  गरिएको छ । कथाको पात्रहरूको मनका कुराहरू पात्रहरूको नाम, राम र सीताको विवाहको कुराहरू प्रश्नमा राखिएको छ ।

तेस्रो प्रश्नमा दसौँ अनुच्छेद पढी मुख्य-मुख्य चारओटा बुँदाहरू टिप्नको लागि निर्देशन दिइएको छ । उक्त अन्तिम प्रश्नमा एउटा अनुच्छेद दिएर त्यस भित्रबाट प्रश्नहरू राखिएको छ ।

जन्मभूमि कथामा लेखाइ सीपसँग छवटा प्रश्न अभ्यासमा राखिएको छ । यसमा पहिलो प्रश्नले पाँचओटा शब्दले वाक्यमा प्रयोग गर्न निर्देशन दिइएको छ भने दोस्रो प्रश्नले एघारौं र बाह्रौं अनुच्छेद अनुलेखन गर्नुहोस् भन्ने निर्देशन दिएको छ । तेस्रो प्रश्नले ५ ओटा प्रश्नहरूको छोटो उत्तर लेख्न निर्देशन गरेको छ । यसमा पात्रहरूको शारीरिक स्थिति मानसिक स्थिति ठाउँको चर्चा जस्ता विषयमा प्रश्न गरिएको छ । चौथो प्रश्नमा सुन्दर र सम्पन्न लङ्काको राजकाज छाडेर किन राम अयोध्या फर्किस् भनी कथाका आधारमा विवेचना गर्नुहोस् भनिएको छ । पाँचौँ प्रश्नले सप्रसङ्ग व्याख्या गर्न निर्देशन दिइएको छ । कथाको पात्रहरू चर्चा बारेमा जन्मभूमि स्वर्गभन्दा पनि महान् हुन्छ भनी सप्रसङ्ग व्याख्या गर्न भनिएको छ भने छैटौं प्रश्नले तालिकाको आधारमा ह्रस्व लेखिने शब्दको पाठको आधार टिपोट गर्न निर्देशन दिइएको छ । यसरी जन्मभूमि कथाको भाषाको चार ओटा सीपहरूको क्रमबद्धता रूपमा सरलदेखि जटिलतिर लगिएको छ ।

## २. सन्तुष्टि कविता

प्रस्तुत कवितामा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.२

**'सन्तुष्टि' कवितामा सीपहरूको प्रयोग**

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ४ | ३ | ७ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत सन्तुष्टि कवितामा सुनाइ सीपको अभ्यासमा तीन ओटा प्रश्नहरू राखेर कविता सुन्न लगाइएको छ । पहिलो प्रश्नमा कविताको पहिलो र दोस्रो श्लोक सुन्न लगाइएको छ त्यसपछि कवि विचार र तपाईको विचारमा के-के कुरामा सहमति रहेको छ भनी प्रश्न गरिएको छ । त्यसै क्रमअनुसार दोस्रो प्रश्नमा पाँचौ र छैटौं श्लोक सुन्न

लगाइएको छ । कविमा कस्ता-कस्ता छैनन् भनी भन्न लगाइएको छ र अन्तिम प्रश्नमा आठौं, नवौं र दसौं श्लोकको श्रुतिलेखन गर्न निर्देशन दिइएको छ ।

उक्त कवितामा बोलाइ सीपको विकास गर्न ४ ओटा प्रश्नहरू राखिएको छ । पहिलो प्रश्नमा तलका शब्दहरूको ठीक उच्चारण गर्नुहोस् भनी १० ओटा शब्दहरू दिइएको छ । दोस्रो प्रश्नमा ७ ओटा वाक्य दिएर वाक्यमा प्रयोग गर्नका लागि निर्देशन दिइएको छ । तेस्रो प्रश्नमा उक्त कविताको १२ औं र १३ औं श्लोक वाचन गर्न निर्देशन दिइएको छ । चौथो प्रश्नमा स्वतन्त्र रूपमा आफ्ना रचना के छन् भनी प्रश्न गरिएको छ ।

'सन्तुष्टि' कवितामा पढाइ सीपको विकास गर्न ३ ओटा प्रश्नहरू राखिएको छ । यसमा पहिलो प्रश्नमा पाठको कविता पालैपालो गति, यति र लय हालेर वाचन लगाएको छ यसबाट पढाइ सीपको विकास हुने गर्दछ । दोस्रो प्रश्नमा ५ वटा प्रश्न राखिएको छ, जसलाई मौखिक उत्तर दिनुपर्ने रहेको छ । उक्त तेस्रो प्रश्नमा लेखक कस्तो चिन्तन बोकेका व्यक्ति हुन् भन्ने कुरा अनुमान गर्नुभयो भनी पाठका आधारमा लेख्न लगाइएको छ त्यसबाट पढाइ सीप अगाडि लैजान सकिन्छ ।

'सन्तुष्टि' कवितामा लेखाइ सीपसम्बन्धी ७ वटा प्रश्नहरू राखिएको छ । यसमा प्रथम प्रश्नमा कविताको ९ देखि १२ श्लोकबाट मुख्य-मुख्य बुँदा टिपी सार लेख्नको लागि निर्देशन दिइएको छ । उक्त लेखन सीपको विकास गर्न दोस्रो प्रश्नमा ५ ओटा प्रश्न राखिएको छ । यसमा कविताको मुख्य भन्न खोजेको कुराहरूलाई प्रश्न बनाइदिएको छ । उक्त तेस्रो प्रश्नमा सन्तुष्ट हुन के के गर्नुपर्दो रहेछ भनी कविताका आधारमा लेख्नुहोस् भनेर लेखाइ सीपलाई निर्देशन दिइएको छ । चौथो प्रश्नमा कविताको पंक्तिहरू व्याख्या विश्लेषण गर्न भनिएको छ । उक्त पाँचौ प्रश्नमा लैङ्गिक समानता शीर्षकमा अनुच्छेद रचना गर्नुहोस् भनी सीपको चर्चा गरिएको छ छैटौं प्रश्नमा मेरा सपनाहरू भन्ने शीर्षकमा सर्वप्रथम बुँदाहरू टिपोट गर्नुहोस् । ती बुँदालाई निबन्धमा रूपमा लेख्नुहोस् भनी दिइएको छ भने सातौं प्रश्नमा पाठबाट दीर्घ ईकार लागेका शब्दहरू टिप्नुहोस् भनी कवितामा लेखाइ सीपमा जोड दिइएको पाइन्छ ।

### ३. सन्दुक रुइत : जीवनी

प्रस्तुत जीवनीमा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.३

'सन्दुक रुइतको जीवनी'सम्बन्धी सीपहरूको प्रयोग

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ४ | ५ | ४ | ६ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत जीवनीको अभ्यासात्मक सीपमा सर्वप्रथम सुनाइ सीप राखिएको छ । यसमा ४ वटा प्रश्न राखिएको छ । पहिलो प्रश्नमा पाठको नवौं अनुच्छेद शिक्षकबाट सुनी ठीक बेठीक छुट्याउनुहोस् भनी त्यसभित्र ५ ओटा प्रश्न दिइएको छ । उक्त दोस्रो प्रश्नमा पाठको दोस्रो अनुच्छेद श्रुतिलेखन गर्नुहोस् भनी गृहकार्य दिइएको छ । तेस्रो प्रश्नमा पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र खाली ठाउँ भर्नुहोस् भनी ५ ओटा खाली ठाउँ भर्ने प्रश्न दिइएको छ । चौथो प्रश्नमा अनुच्छेद पढ्न लगाइ त्यसैका आधारमा ५ ओटा प्रश्न दिइएको छ ।

उक्त बोलाइ सीपमा विकास गर्न ५ ओटा प्रश्नहरू राखिएको छ । प्रथम प्रश्नमा तलका शब्दहरू ठीकसँग उच्चारण गर्नुहोस् भनी ७ वटा प्रश्न दिइएको छ । दोस्रो प्रश्नमा अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् भनी चार ओटा कठिन वाक्य उच्चारण गर्न दिइएको छ । उक्त तेस्रो प्रश्नमा तपाइले आजैदेखि सुरु गर्न सक्ने कुनै दुई सकारात्मक कामहरू कक्षामा सुनाउनुहोस् भनी दिइएको छ । चौथो प्रश्नमा देशका दुर्गम गाउँमा विकासको मुहान फुटाउन कसले के गर्नुपर्छ भनी स्वतन्त्र विचार प्रकट गर्न भनिएको छ भने पाँचौ प्रश्नमा कक्षाका दुई जना साथीहरू उठेर रुइतका पिता सोनाम र माता केसाङ बनी बालक सन्दुकलाई पढ्न पठाउने बारेमा भएको कुराकानीलाई अभियानसहित संवादको रूपमा कक्षामा प्रस्तुतीकरण गर्न भनिएको छ ।

उक्त जीवनीमा पढाइसँग सम्बन्धित भई पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्न निर्देशन दिइएको छ भने दोस्रो प्रश्नमा पाठको दसौं अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् भनी ५ ओटा प्रश्न सोधिएको छ । तेस्रो प्रश्नमा पाठको एघारौं अनुच्छेदमा मौन पठन गर्नुहोस् र चारओटा मुख्य बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् भनी निर्देशन दिइएको छ भने चौथो प्रश्नमा अनुच्छेदका आधारमा ५ वटा प्रश्न सोधिएको छ ।

जीवनीमा लेखाइ सीपको विकास गर्नका लागि पहिलो प्रश्नमा सङ्क्षिप्त उत्तर लेख्नुहोस् भनी ५ ओटा प्रश्नहरू राखिएको छ । यसमा पाठसँग सम्बन्धित भई सोधिएको छ । उक्त दोस्रो प्रश्नमा पाठको बारौं अनुच्छेदबाट मुख्य पाँचओटा बुँदा टिप्नुहोस् भनी प्रश्न सोधिएको छ भने तेस्रो प्रश्नमा भाव स्पष्ट पार्नुहोस् भनी दुईवटा प्रश्न दिइएको छ । रुइतको जातीय र धार्मिक पक्षलाई चम्काउनाका साथै नेपालको दुर्गम ठाउँको चर्चा गरिएको छ । चौथो प्रश्नमा पाठको छैटौं अनुच्छेदबाट 'श' र 'स' को प्रयोग भएको शब्दहरू लेख्नुहोस् भनी दिइएको छ । उक्त पाँचौं प्रश्नमा पाठको सातौं अनुच्छेदबाट ह्रस्व इकार र दीर्घ इकार लागेका पाँच पाँचओटा शब्द लेख्नुहोस् भनी दिइएको छ भने छैटौं प्रश्नमा उदाहरणका आधारमा अनेकार्थी शब्दलाई भिन्न-भिन्न अर्थ आउने गरी वाक्यमा प्रयोग गर्न भनी १८ शब्दहरू दिइएको छ । यस जीवनीमा भाषाको चार सीपको व्यवस्थित गरी अभ्यासात्मक सीपहरूको प्रयोग गरिएको छ ।

### ४. **थाङका : निबन्ध**

प्रस्तुत निबन्धमा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

**तालिका ४.४**

**'थाङ्का निबन्धमा' भाषिक सीपहरूको प्रयोग**

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ४ | ५ | ७ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत निबन्धमा प्रयोग भएका भाषिक सीपहरूलाई अभ्यासात्मक सीपमा यसरी चर्चा गरिएको छ । पहिला सुनाइ सीपका ३ ओटा प्रश्न राखिएको छ । यसमा पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र ठीक बेठीक छुट्याउनुहोस् भनी ६ ओटा प्रश्नहरू दिइएको छ । उक्त दोस्रो प्रश्नमा पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुन्नुहोस् र ४ ओटा प्रश्न सोधिएको छ । यसमा थाङ्काको अर्थ र त्यसैको चर्चा गरिएको छ । तेस्रो प्रश्नमा पाठको दसौं अनुच्छेद सुन्नुहोस् र त्यसको सार भन्न लगाइएको छ ।

बोलाइ सीपको विकास हुने गरी पहिलो प्रश्नमा ६ ओटा वाक्यहरू शुद्धसँग उच्चारण गर्न दिइएको छ र दोस्रो प्रश्नमा १० ओटा वाक्यको शब्दको अर्थ भन्न लगाइएको छ। उक्त तेस्रो प्रश्नमा थाङ्का कलाको उत्कृष्ट रूप हो भन्ने विषयलाई आफ्ना तर्कद्वारा पुष्टि गर्नुहोस् भनी निर्देशन दिइएको छ। चौथो प्रश्नमा थाङका लेख्ने कपडा कसरी तयार हुन्छ। पाठको तेस्रो अनुच्छेदका आधारमा भन्न लगाइएको छ। उक्त भाषिक सीपहरूको अभ्यासमा विकास गराउने गरिएको छ।

पढाइ सीप विकास हुने गरी ५ वटा प्रश्नहरू राखिएको छ। यसमा पहिलो प्रश्नमा पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् र हरेक अनुच्छेद पढ्न कति समय लाग्यो भनी प्रश्न राखिएको छ। दोस्रो प्रश्नमा पाठको चौथो अनुच्छेद पढी थाङ्का गर्ने कामका चरण प्रक्रिया बताउनुहोस् भनी प्रश्न सोधिएको छ। उक्त तेस्रो प्रश्नमा पाठको पाँचौं अनुच्छेद पढ्न निर्देशन दिइएको छ र थाङ्का निबन्धका मुख्य देवताहरूका रङको सूची बनाउन निर्देशन दिइएको छ। चौथो प्रश्नमा छैटौं, सातौं र आठौं अनुच्छेद पढी प्रत्येकबाट मुख्य मुख्य बुँदाहरू टिप्न लगाइएको छ। उक्त पाँचौं प्रश्नमा अनुच्छेद पढी सारांश लेख्न निर्देशन दिइएको छ।

लेखाइ सीप विकास गर्नका लागि ७ ओटा प्रश्न राखिएको छ। पहिलो प्रश्नमा १२ ओटा शब्दलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिइएको छ। उक्त दोस्रो प्रश्नमा ५ ओटा प्रश्न दिइएको यसमा थाङ्काको विकास र सुरुवातदेखि अन्तिमसम्म चर्चा गरिएको छ। तेस्रो प्रश्नमा थाङ्काको प्रवर्धन गर्न सक्दा नेपाललाई केकस्ता फाइदा हुन्छ भनी विवेचनात्मक प्रश्न गरिएको छ। उक्त चौथो प्रश्नमा व्याख्या गर्नुहोस् भनी दुईओटा प्रश्न दिइएको छ जहाँ विविधता हुन्छ त्यहाँ अनेकता जस्ता प्रश्नहरू राखिएको छ। पाँचौं प्रश्नमा तलको तालिकामा उच्चारण र लेखाइ दुबैमा व प्रयोग हुने शब्दहरूका केही उदाहरण दिइएको छ भनी तालिका दिइएको छ। उक्त छैटौं प्रश्नमा पाठबाट उच्चारण र लेखाइ दुबैमा 'व' हुने शब्दहरू टिपेर सूचीकृत गर्नुहोस् भनी निर्देशन दिइएको छ। पाठबाट 'ब' उच्चारण भए पनि 'व' लेखिने शब्दहरू खोजेर उत्तर पुस्तकमा लेख्नुहोस् भनी लेखाइ सीपको विकास गरिएको छ। उक्त भाषाको चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइले थाङका निबन्धको अभ्यासमा यसरी राखिएको पाइन्छ।

## ५.	म पनि सक्छु : मनोवाद

प्रस्तुत मनोवादमा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.५

'म पनि सक्छु,' मनोवाद

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ४ | ३ | ४ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत मनोवादमा भाषाका चार सीपमा आधारित भई सीपगत अभ्यासहरू चर्चा यसरी गरिएको छ । पहिलो प्रश्न सुनाइसम्बन्धी तीनओटा प्रश्न राखिएको छ । यसमा पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र कुमार आज किन खुसी छन् भन्नुहोस् भनी प्रश्न सोधिएको छ । उक्त दोस्रो प्रश्नमा पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र ५ ओटा प्रश्नको उत्तर मौखिक रूपमा दिनुहोस् भनी निर्देशन दिइएको छ । उक्त तेस्रो प्रश्नमा पाठको तेस्रो अनुच्छेद श्रुतिलेखन गर्नुहोस् भनी सुनाइ सीपको विकास गरिएको छ ।

बोलाइ सीप विकास गर्ने क्रममा ४ ओटा प्रश्नहरू अभ्यासमा समावेश गरिएको यसमा पहिलो प्रश्नमा ७ ओटा वाक्यहरूलाई शुद्धसँग उच्चारण गर्न निर्देशन दिइएको छ भने दोस्रो प्रश्नमा ६ वटा वाक्यलाई वाक्यमा प्रयोग गर भनी दिइएको छ । उक्त तेस्रो प्रश्नमा मान्छेले कुनै एउटा विषयमा विशेषज्ञता हासिल गर्ने हो भन्ने यस मनोवादको पात्र कुमारको भनाइसँग तपाईको सहमति वा असहमति के छ भनी तर्क दिन भनिएको छ । यसमा आफ्नो मौलिकताको पहिचान गर्न सकिने छ । उक्त चौथो प्रश्नमा अपाङ्गता भएका व्यक्तिलाई दया होइन, अवसर दिनुपर्दछ भनी कक्षामा छलफल गर्न निर्देशन दिइएको छ ।

मनोवादमा उक्त पढाइ सीपको विकास गराउन अभ्यासमा पढाइ सीपसँग सम्बन्धित रही ३ ओटा प्रश्न राखिएको छ । यसमा पहिलो प्रश्नमा पाठका अनुच्छेद पालैपालो पढ्नुहोस् भनी निर्देशन दिइएको छ भने दोस्रो प्रश्नमा पाठको आठौँ अनुच्छेद पढ्नुहोस् र कुन क्षेत्रमा जानका लागि कुन-कुन विषय पढ्नुपर्छ भनी 'सूची बनाऊ' भनिएको छ । उक्त अन्तिम

प्रश्नमा पाठको नवौं अनुच्छेद पढ्नुहोस् र अपाङ्गता भएका व्यक्तिहरूले केकस्ता काम गरेका छन् भनी भन्न लगाइएको छ । पढाइ सीपको विकास गराउन मनोवादका प्रत्येक अनुच्छेद राम्रोसँग अध्ययन गर्न लगाइएको छ ।

उक्त लेखाइ सीपलाई प्रबर्द्धन गर्नका लागि ४ ओटा प्रश्नहरू राखिएको छ यसमा पहिलो प्रश्नमा रहेको छ । सङ्क्षिप्त प्रश्नहरू दिइएको छ । यसमा ५ ओटा छोटा प्रश्नहरू राखिएको छ । मनोवादको पात्रहरूको बारेमा कामहरूको चर्चा गरिएको छ । प्रश्न दुईमा भाव विस्तार भनी ३ ओटा प्रश्न राखिएको छ र तेस्रो प्रश्नमा परिवर्तित अवस्थामा अपाङ्गता भएकाहरूले चिन्ता लिन किन आवश्यक छैन भनी विवेचना प्रश्नहरू सोधिएको छ । यसमा पात्रको मनोवादको चर्चा गरिएको छ । पाठको शीर्षक म पनि सक्छु कतिको उपयुक्त छ भनी तर्कसहित धारणा प्रस्तुत गर्न भनी अन्तिम प्रश्नमा निर्देशन दिइएको छ र विद्यार्थीको स्वतन्त्र लेखनलाई मध्यनजर राख्दै मनोवादको चर्चा गर्नुपर्ने रहेको छ । यसरी भाषाको सीपहरूको क्रमबद्धता रूपमा चर्चा गरिएको छ ।

## ६. व्यापारिक चिठी : चिठी

प्रस्तुत चिठीमा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

**तालिका ४.६**

**'व्यापारिक चिठी'**

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ६ | ३ | ४ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत व्यापारिक चिठीमा सुनाइ सीपको विकास गर्नका लागि भाषाका चार ओटा सीपमा आधारित भई अभ्यासात्मक क्रियाकलाप सञ्चालन गरिएको छ । प्रथम चरणमा ३ ओटा प्रश्नहरू राखिएको छ । पहिलो प्रश्नमा पाठको चौथो अनुच्छेद श्रुतिलेखन गर्नुहोस् भनी दिइएको छ । उक्त दोस्रो प्रश्नमा पाठको चिठी शिक्षकबाट सुन्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् भनी जम्मा ५ ओटा चिठीसम्बन्धी प्रश्न दिइएको छ । तेस्रो प्रश्नमा पाठको आधारमा ठीक बेठीक छुटाउन लगाइ ५ ओटा प्रश्न दिइएको छ ।

बोलाइ सीपको विकास गर्नका लागि ६ ओटा प्रश्नहरू राखिएको छ । जुन पहिलो प्रश्नमा ५ ओटा शब्दहरू शुद्ध उच्चारण गर्न लगाएको छ । जुन कठिन शब्दहरू दिइएको छ । उक्त दोस्रो प्रश्न पाठमा भने अनुसार किताबहरूमध्ये कुनै एक किताबमा बारेमा कक्षामा सुनाउनुहोस् भनी विद्यार्थी बोलीमा स्पष्टता ल्याउँदै स्मरण शक्तिको विकास हुने खालका प्रश्नहरू राखिएको छ । तेस्रो प्रश्नमा कक्षा दशमा पढ्ने विद्यार्थीले साहित्यिक किताब पढ्दा हुने फाइदाका बारेमा समूहमा छलफल गरी त्यसको निष्कर्ष निकाल्न भनिएको छ, त्यसलाई समूह-समूह बनाइ सुनाउन भनेको देखिन्छ । यसबाट विद्यार्थीलाई समूहमा बस्ने बानीको विकास हुने गर्दछ । उक्त चौथो प्रश्नमा माध्यमिक तहमा पढ्ने विद्यार्थीले पाठ्यपुस्तकका अतिरिक्त साहित्यिक किताब पढ्दा परीक्षाको नतिजामा पर्ने प्रभावका बारेमा समूहगत रूपमा छलफल गर्नुहोस् भनी स्वतन्त्र लेखनलाई जोड दिइएको पाइन्छ । पाँचै प्रश्नमा कक्षा दशमा पढ्ने विद्यार्थीले व्यापारिक चिठी पढ्नुपर्ने कारणबारे कक्षामा सुनाउनुहोस् भनी स्वतन्त्र लेखन क्षमताको पहिचान गर्न खोजेको छ । उक्त छैटौं प्रश्नमा अहिलेसम्म पढेका किताबहरूमध्ये कुन किताब राम्रो लाग्यो भनी कक्षामा सुनाउनुहोस् भनी बोलाइ सीपको विकास गरिएको छ ।

पढाइ सीपलाई माध्यमिक तहमा विकास गर्नका लागि व्यापारिक चिठीमा ३ ओटा प्रश्नहरू राखिएको छ । प्रथम प्रश्न माथिको पाठ पालैपालो सस्वरपठन गरी कक्षामा सुनाउनुहोस् भनिएको छ । उक्त दोस्रो प्रश्न अनुच्छेद राम्ररी पढी तलका ५ ओटा प्रश्नको उत्तर दिनुहोस् भनिएको छ । तेस्रो प्रश्नमा पर्यायवाची शब्द दिइएको यसमा २१ वटा शब्दहरू राखिएको छ । त्यसैमा विपरीतार्थक शब्द दिइएको यसमा २२ वटा शब्दको अर्थ पढ्न लगाइएको छ ।

उक्त लेखाइ सीप विकास हुने गरी ४ ओटा प्रश्नहरू राखिएको छ यसमा पहिलो प्रश्नमा ४ ओटा प्रश्नको उत्तर सोधिएको छ । दोस्रो प्रश्नमा तलका शब्दको वाक्यमा प्रयोग गर्नुहोस् भनी ५ वटा शब्दलाई वाक्यमा प्रयोग गर्न भनिएको छ । उक्त माथिको पाठबाट ह्रस्व इकार र दीर्घ ईकार लागेका पाँच पाँच ओटा शब्द लेख्नुहोस् भनी प्रश्न दिइएको छ । यसबाट विद्यार्थीको लेखन सीपमा शुद्धता ल्याउन सकिन्छ । उक्त चौथो प्रश्नमा शुद्ध गरी सार्नुहोस् भनी एक हरफ लान दिइएको छ । यसबाट भाषिक लेखन सीपहरूको विकास गर्न सकिन्छ ।

## ७. प्रत्यागमन : कथा

प्रस्तुत कथामा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.७

'प्रत्यागमन कथा'

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ४ | ६ | ५ | ६ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत कथाको अभ्यासात्मक सीपमा आधारित भएर कथाको व्याख्या विश्लेषण गरिएको छ । यसमा सुनाइमा ४ ओटा प्रश्न राखिएको छ । पहिलो प्रश्न रहेको छ कथा सुनेका आधारमा तलका भनाइ कसले कसलाई भनेका हुन् भनी ५ ओटा प्रश्नहरू राखिएको छ । दोस्रो प्रश्नमा कथाको आठौं अनुच्छेद श्रुतिलेखन गर्नुहोस् भनी दिइएको छ । तेस्रो प्रश्नमा तेइसौं अनुच्छेद सुन्नुहोस् त्यसैका आधारमा ५ ओटा प्रश्नहरू राखिएको छ । उक्त पाठको एकतिसौं अनच्छेद सुनी त्यसमा व्यक्त गरिएका कुरालाई कक्षामा सुनाउनुहोस् भनी सुनाइ सीपको विकास हुने गरी चर्चा गरेको पाइन्छ ।

बोलाइ सीपको विकास हुने गरी प्रत्यागमन कथामा अभ्यासात्मक क्रियाकलाप जम्मा ६ वटा प्रश्नहरू राखिएको छ । जुन पहिलो प्रश्नमा कठिन शब्दहरू ५ ओटा उच्चारण गर्न दिइएको छ । उक्त दोस्रो प्रश्नमा प्रत्यागमन कथाको शीर्षक कत्तिको उपयुक्त छ भनी आफ्नो स्वतन्त्र विचार राख्न दिइएको छ भने तेस्रो प्रश्नमा रामुको जस्तो प्रत्यागमनको अवस्था अब समाजमा कसैले पनि भोग्न नपरोस् भन्नका लागि केके गर्नुपर्ला भनी प्रश्न सोधिएको छ । त्यसले समाजमा जनचेतना जगाउने पात्रको रूपमा भूमिका निर्वाह गरेको पाइन्छ । उक्त चौथो प्रश्नमा कथाको तिसौं अनुच्छेद सस्वरवाचन गर्नुहोस् र उक्त अनुच्छेद पढ्न तपाईलाई कति समय लाग्यो शिक्षकलाई सोध्नुहोस् । यसबाट विद्यार्थीको बोलीमा शुद्धता ल्याउन सहयोग पुऱ्याउने गर्दछ । त्यसपछि पाँचौं प्रश्न कथाको छत्तिसौ अनुच्छेद सस्वरवाचन गर्न लगाई ४ ओटा पूरा मौखिक रूपमा उत्तर दिनुपर्ने रहेको छ । छैटौं प्रश्नमा तपाईको विचारमा रामु के छुट्टिएर बस्नु आवश्यक थियो भनी तार्किक उत्तर खोजेको

पाइन्छ । कथाको आधारमा रामुको चरित्र वर्णन गरिएको छ । यसबाट विद्यार्थी बोलाइ सीपको विकास गराउने प्रश्न राखिएको छ ।

प्रस्तुत प्रत्यागमन कथाले पढाइ सीपसँग सम्बन्धित भई ५ ओटा प्रश्नहरू राखेको छ । यसमा पहिलो प्रश्नमा पाठका अनुच्छेदहरू पालैपालो सस्वरवाचन गर्नुहोस् भनी पढाइ सीपलाई निर्देशन दिइएको छ । दोस्रो प्रश्नमा कथा पढेका आधारमा रामुसित सम्बन्धित कुराहरू पाँच ओटा बुँदाटिपोट गर्नुहोस् भनी विद्यार्थीलार्य धेरै कथालाई संक्षेपमा भन्न सक्ने गरी सीपको विकास गरिएको छ । उक्त तेस्रो प्रश्नमा । पाठको बाउन्नौँ अनुच्छेद मनमनै पढ्नुहोस् र रामुको दुर्दशा हुनाका कारण आफ्नै शैलीमा लेख्नुहोस् भनी स्वतन्त्र विचार राख्न भनेको छ र चौथो प्रश्नले तलको अनुच्छेद पढी ५ ओटा प्रश्नहरू उत्तर दिन भनेको छ । उक्त छैटौं प्रश्नमा कथा पढेका आधारमा धनी र गरिबी बिचको वर्गीय सन्तुलन नमिल्दा उत्पन्न हुने समस्यालाई समेटी ७० शब्दसम्मको अनुच्छेद लेख्नुहोस् भनी विद्यार्थीलाई दिइएको छ । यसबाट विद्यार्थीको मत विभेद गरी कतिको प्रत्यागमन कथाले प्रभाव पऱ्यो बुझ्न सजिलो हुन्छ ।

लेखाइ सीपलाई विकास गर्नको लागि प्रत्यागमन कथामा लेखाइ सीपसँग सम्बन्धित भई ६ ओटा प्रश्नहरू राखिएको छ । पहिलो प्रश्नमा शुद्धसँग सार्नुहोस् भनी एक लाइन शब्दहरू दिइएको छ भने दोस्रो प्रश्नमा सङ्क्षिप्त उत्तर आउने गरी ५ आटा प्रश्न राखिएको छ । उक्त तेस्रो नम्बरमा तार्किक खालको प्रश्न दिइएको छ यदि तपाई पास्नीमा दाजु, भाउजु र छोराछोरीलाई बोलाउनुहुन्थ्यो कि हुदैनथ्यो भनी स्वतन्त्र उत्तर दिने खालको प्रश्न रहेको छ । उक्त चौथो प्रश्नमा प्रत्यागमन कथामा कथाकारले नेपाली समाजका के कस्ता वास्तविकतालाई देखाउन खोजेका छन् । भनी प्रश्न राखिएको छ । उक्त पाँचौ प्रश्नमा कथाको अन्तिम अनुच्छेद पढी चार ओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् भनी दिइएको छ । छैटौं प्रश्नमा सप्रसङ्ग व्याख्या गर्नहोस् भनी परमेश्वर म कृतघ्न छुँ । मेरा पौरखलाई शिकार छ भनी पछुतोको भावना व्यक्त गरिएको छ । यसबाट विद्यार्थीको लेखाइ सीपको विकास हुने गर्दछ ।

## ८. वर्षा : कविता

प्रस्तुत कवितामा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.८

'वर्षा कविता'

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ४ | ४ | ५ | ६ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत कवितामा भाषिक सीपहरूको अन्तर्गत रहेर सुनाइमा ४ वटा अभ्यासात्मक क्रियाकलाप राखिएको छ । पहिलोमा वर्षा कविता शिक्षकबाट सुन्नुहोस् र यसै अनुसार सामूहिक रूपमा सस्वर वाचन गर्नुहोस् भनिएको छ । यस सीपमा दुईवटा सीपहरूको विकास हुने गर्दछ । उक्त दोस्रो प्रश्नमा कविताको चौथो र पाँचौ श्लोक सुन्नुहोस् र त्यसका आधारमा निम्न लिखित प्रश्नहरूको उत्तर दिन भनिएको छ । यसमा ६ ओटा प्रश्न राखिएको छ । यसमा वर्षाको चर्चा गरिएको छ । तेस्रो प्रश्नमा कविताको सातौ श्लोक सुन्नुहोस् र ठीक बेठीक छुट्याउनुहोस् भनी ४ ओटा प्रश्न दिइएको छ । चौथो प्रश्नमा गद्यांश सुन्नुहोस् र यसका आधारमा ५ ओटा प्रश्नको उत्तर दिनुहोस् भनी भनिएको छ ।

बोलाइ सीपको विकास गराउने क्रममा ४ ओटा प्रश्नहरू राखिएको यसमा विद्यार्थीको बोलीमा शुद्धता ल्याउने खालका प्रश्नहरू रहेका छन् । पहिलो चरणमा तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् भनी ५ ओटा शब्दहरू दिइएको छ । उक्त दोस्रो प्रश्नमा तलका प्रश्नको उत्तर भन्नुहोस् भनी वर्षा कविताको बारेमा ५ ओटा प्रश्नहरू सोधिएको छ । यसलाई क्रमबद्धता दिँदै पाठका आधारमा वर्षा ऋतुमा देखिने परिवर्तनका बारेमा समूह बनाएर छलफल गर्नुहोस् भनी प्रश्न राखिएको छ । यसबाट बोलाइमा शुद्धता ल्याउन सकिने छ । त्यस प्रश्नपछि चौथो प्रश्नमा कुनै दुई जना साथीहरू उठेर कक्षामा वर्षा ऋतुका बारेमा संवाद गर्नुहोस् भनी दिइएको पाइन्छ ।

त्यस क्रमबद्धता दिँदै पढाइ सीपलाई ध्यानमा राखी ५ ओटा प्रश्नहरू राखिएको यसमा पहिलो प्रश्नमा 'वर्षा' कवितामा गति, यति र लय मिलाई कविता वाचन गर्नुहोस् भनिएको छ । यसले विद्यार्थीको बोलीमा शुद्धता ल्याउन सकिन्छ । त्यसपछि दोस्रो प्रश्नमा कविताको छैटौ श्लोक मौन पठन गरी तलका ५ ओटा प्रश्नको उत्तर दिन भनी निर्देशन दिइएको छ । यसमा वर्षाको बारेमा व्याख्या गरिएको छ । उक्त तेस्रो प्रश्नमा पाठको पहिलो

र दोस्रो श्लोक पढी छोटो उत्तर आउने तीन ओटा प्रश्न निर्माण गरी कक्षामा प्रस्तुत गर्नुहोस् भनी विद्यार्थीको इच्छाअनुसार प्रश्न बनाउन दिइएको छ । चौथो प्रश्नमा 'सारा', 'धारा' जस्ता अनुप्रासयुक्त शब्द पाठबाट खोजेर शिक्षकलाई भन्नुहोस् भनी विद्यार्थीलाई पढ्ने र सोध्न प्रति प्रेरित गरेको छ । पाँचौ प्रश्नमा अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिन भनिएको छ यसमा ५ वटा प्रश्न राखिएको छ । यसरी खोजी गर्दै पढ्ने बानी विकास पढाइ सीपले गराएको छ ।

भाषिक सीपहरूमध्ये महत्त्वपूर्ण सीप लेखाइ सीपसँग सम्बन्धित भई ६ वटा प्रश्नहरू राखिएको छ । पाठका आधारमा सङ्क्षिप्त उत्तर दिनुहोस् भनी 'वर्षा' ऋतुको चर्चा गर्दै ४ ओटा प्रश्नहरू राखिएको छ । दोस्रो प्रश्नमा सप्रसङ्ग व्याख्या गर्न भनी २ ओटा प्रश्नहरू राखिएको छ । यसमा प्रकृति रूपको चित्रण गरिएको छ । उक्त तेस्रो प्रश्नमा 'वर्षा' कविताको मूलभाव लेख्नुहोस् भनेको यसमा विद्यार्थीले शिक्षण सिकाइ पश्चात् विद्यार्थीको लेखन क्षमता पहिचान गर्नु हो । उक्त चौथो प्रश्नमा कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् भनी चार हरफ, कविता लेखनाथ पौड्यालको कविता दिइएको छ त्यसबाट जम्मा ५ ओटा प्रश्नहरू रहेका छन्, छैटौं प्रश्नमा ५ ओटा शब्दहरू दिएर प्रचलित वर्णविन्यासअनुसार सच्याएर अभ्यास पुस्तिकामा लेख्नुहोस् भनी लेखाइ सीपलाई जोड दिइएको पाइन्छ ।

### ९. हाम्रो संस्कृति : निबन्ध

प्रस्तुत निबन्धमा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.९

'हाम्रो संस्कृति निबन्ध'

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ४ | ५ | ३ | ८ |

स्रोत : नेपाली कक्षा १०, २०७५

प्रस्तुत निबन्धमा भाषिक सीपहरूको अभ्यासमा चर्चा गरिएको छ । जुन सुनाइ सीपबाट सञ्चालन गरिएको छ । सुनाइ सीपमा ४ ओटा प्रश्न राखिएको छ । पहिलो प्रश्नमा

निबन्धको पहिलो अनुच्छेद सुन्नुहोस् र संस्कृति भनेको के हो भन्नुहोस् रहेको छ । त्यसमा सुनाइको साथसाथै बोलाइ सीपको पनि विकास भएको पाइन्छ । दोस्रो प्रश्नमा निबन्धको दोस्रो अनुच्छेद सुन्नुहोस् र धर्म र संस्कृतिका बिचको अन्तर भन्नुहोस् भनी दुई पक्षको बिचमा विद्यार्थीलाई तुलना गर्न लगाइएको छ । तेस्रो प्रश्नमा । निबन्धको तेस्रो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् भनी ४ ओटा प्रश्नको उत्तर खोजेको छ । विज्ञानसम्बन्धी कुराहरू रहेका छन् । त्यसपछि चौथो प्रश्नमा निबन्धको नवौँ अनुच्छेद सुन्नुहोस् र यसको आधारमा सारांश भन्नुहोस् भनेको छ, त्यसबाट विद्यार्थीलाई सुनाइको साथसाथै बुझाइ कलाको पनि विकास गरेको छ ।

बोलाइ सीपमा आधारित भई ५ वटा प्रश्नहरू राखेको छ । यसमा पहिलो प्रश्न । तलका शब्दहरू ठीक उच्चारण गर्नुहोस् भनी २० ओटा शब्दहरू उच्चारण गर्न दिइएको छ । दोस्रो प्रश्नमा तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् भनी २३ शब्दहरू वाक्यमा प्रयोग गर्न लगाएको छ । त्यसबाट विद्यार्थीको बोलीमा स्पष्टता ल्याउन सकिन्छ । त्यसपछि तेस्रो प्रश्न पाठको चौथो अनुच्छेदलाई सस्वरवाचन गर्नुहोस् र ती अनुच्छेद तपाईलाई कति समय लाग्यो साथीबाट सुन्नुहोस् भनी द्रुतपठन अभ्यासतिर लैजान खोजेको देखियो । उक्त चौथो प्रश्नमा एउटै कक्षामा पढ्ने भिन्न भिन्न संस्कृतिका दुई साथीहरूका बिचमा कुराकानी गरी हाउभाउ सहित कक्षामा प्रस्तुत गर्नुहोस् । त्यसबाट विद्यार्थीहरूको मेलमिलाप र बोलीमा शुद्धता, लजाउने पन हटेर जाने र सुधार भएर आउने गर्दछ । पाँचौ प्रश्नमा  तपाई आफूलाई स्वदेशप्रति कस्तो धारणा राख्ने व्यक्तिका रूपमा चिनाउन चाहनु हुन्छ भनी स्वतन्त्र मौखिक प्रश्नमा विद्यार्थीले आफ्नो विचार राख्ने पाउने र बौद्धिक क्षमताको विकास हुने गर्दछ ।

पढाइ सीपलाई विकास गराउन यस निबन्धमा कम महत्त्व दिइएको छ । पहिलो प्रश्नमा पाठका अनुच्छेदहरू पालैपालो सस्वरवाचन गर्नुहोस् भनेको छ । दोस्रो प्रश्नले छोटो उत्तर दिनुहोस् भनेको छ यसमा ३ वटा प्रश्न रहेका छन् । संस्कृति पक्षको चित्रण गर्न भनेको छ । तेस्रो प्रश्नमा पाठ पढेपछि तपाई लेखकका कुनकुन विचारमा सहमत वा असहमत के हुनुहुन्छ आफ्नो धारणा व्यक्त गर्नुहोस् भनेको छ । यस निबन्धमा हाम्रो संस्कृति भन्ने शीर्षकमा विद्यार्थीलाई आफ्नो मन्तव्य व्यक्त गर्न लगाइएको छ ।

लेखाइ सीपको विकास गराउन यस निबन्धमा बढी महत्त्व दिइएको छ । लेखाइ अभ्यासमा आधारित भई ८ वटा प्रश्नहरू राखिएको छ । पहिलो प्रश्नमा पाठको दसौं

अनुच्छेदबाट मुख्य-मुख्य पाँच बुँदा टिपी सारांश लेख्नुहोस् भनी विद्यार्थी लेखन क्षमतालाई विकास गर्न खोजिएको छ । उक्त दोस्रो प्रश्नमा पाठबाट तपाईले थाहा पाएका मुख्य नयाँ कुराहरू के-के हुन् भनेको छ त्यसबाट विद्यार्थीलाई खोजी र अनुसन्धान गर्ने बानीको विकास गराउँदछ । तेस्रो प्रश्नमा व्याख्या गर्नुहोस् भनी २ वटा प्रश्नहरू दिइएको छ । यसमा संस्कृति चरित्र र परम्परागत विकृति कसरी हटाउने भनी आफ्नो मौलिकता र बौद्धिकता पक्षको विकास गर्न खोजिएको छ । चौथो प्रश्नमा विविधतामा एकता र आपसी सहिष्णुता हाम्रो संस्कृतिको विशेषता हो भन्ने आफ्नो भनाइलाई तर्कपूर्ण उत्तर दिन भनिएको छ । यसबाट विद्यार्थीले आफूले जानेको सुनेको कुराहरूको जोड उत्तर दिने मौका पाउँछन् । पाँचौ प्रश्नमा नेपालमा संस्कृतिका नाममा देखिएका विकृतिहरूको उदाहरण सहित विवेचना गर्नुहोस् भनी विद्यार्थी थाहा पाएको कुराहरू व्यक्त गर्न सक्नेछन् । उक्त छेटौं प्रश्नमा देशभक्ति शीर्षकमा अनुच्छेद रचना गर्नुहोस् भनी दिइएको छ । विद्यार्थीले पाठमा पढेर र जानेका आधारमार देशप्रति प्रेम भाव बुझ्नको लागि विद्यार्थीले आफ्नो मन्तव्य व्यक्त गर्ने छन् । उक्त प्रश्न सातमा मानव सभ्यताको संरक्षण भन्ने शीर्षकमा सर्वप्रथम, शिक्षकबाट बुँदाहरू प्राप्त गर्नुहोस् । त्यस बुँदालाई समेटेर निबन्ध लेख्नुहोस् भनी विद्यार्थीको बौद्धिक पक्षको विकास गर्ने खालको विकास गर्न गरी प्रश्न निर्माण गरिएको छ । आठौं प्रश्नमा मेरो व्यवहार नै मेरो आचरणको ऐन हो भन्ने शीर्षकमा बुँदा तयार पारी आत्मपरक निबन्ध रचना गर्नुहोस् भनी दिइएको छ । विद्यार्थी मौलिकता, बौद्धिकता स्वतन्त्र लेखन र निबन्धले कस्तो ज्ञान दिइएको छ भन्ने कुरा निबन्ध लेखनबाट थाहा पाउन सकिन्छ ।

### १०. स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस

प्रस्तुत वादविवादमा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.१०

'स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस' वादविवाद

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ४ | ५ | १३ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत वादविवादमा भाषिक सीपहरूलाई क्रमबद्धता रूपमा राखिएको छ । यसमा लेखाइ सीपलाई बढी महत्त्व दिइएको छ सर्वप्रथम सुनाइ सीप रहेको छ जुन ३ ओटा प्रश्नहरू रहेका छन् । पहिलो प्रश्नमा पाठको पहिलो अनुच्छेद सुनी वादविवाद प्रतियोगितामा के कस्ता नियम पालना गर्नुपर्दो रहेछ भन्नुहोस् भनी सुनाइ सीपलाई जोड दिइएको छ । दोस्रो प्रश्नमा पाठको तेस्रो र चौथो अनुच्छेद सुन्नुहोस् र विश्वव्यापीकरण भनेको के हो भन्नुहोस् भनी सुनाइका आधारमा वादविवाद शिक्षणको व्याख्या विश्लेषण गरेको छ । उक्त तेस्रो प्रश्नमा पाठको पाँचौँ अनुच्छेद श्रुतिलेखन गर्नुहोस्, भनी सुनाइको आधारमा सुनेका कुराहरू टिप्नुहोस् भनिएको छ ।

बोलाइ सीपसँग सम्बन्धित रही ४ ओटा प्रश्नहरू राखिएको छ यसमा पहिलो प्रश्न तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् भनी ८ ओटा शब्दहरूलाई राखिएको छ । दोस्रो प्रश्नमा विश्वव्यापीकरण सम्पन्न र शक्तिशालीमा पक्षमा छ कसरी भनी प्रश्न गरिएको छ र पाठको बारौं अनुच्छेदका आधारमा भन्नुहोस् भनी प्रश्न राखिएको छ । यस वादविवादमा विश्वव्यापीकरण बारेमा चर्चा गरिएको छ । तेस्रो प्रश्नमा तपाईको समाजमा विश्वव्यापीकरणको के कस्तो प्रभाव छ । समूहमा छलफल गर्नुहोस् र समूह नेताले छलफलको निष्कर्ष कक्षामा सुनाउनुहोस् भनी विद्यार्थीको बौद्धिकता क्षमताको पहिचान गराउँदै बोलाइमा शुद्धता ल्याउन खोजिएको छ । उक्त चौथो प्रश्नमा तपाईको विद्यालयमा हुन वादविवाद नयाँ विषय के हुन सक्छन् । कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् भनी विद्यार्थीलाई खोजी गर्ने बानीको विकास गराइएको छ ।

पढाइ सीपसँग सम्बन्धित भई ५ ओटा प्रश्नहरू क्रमबद्धता रूपमा राखिएको छ । पहिलो प्रश्नले पाठका अनुच्छेदहरू हाउभाउ सहित पालैपालो पढ्नुहोस् भनी तोकेको जसले विद्यार्थीको बोलीमा स्पष्टता ल्याउन सकिन्छ । उक्त दोस्रो प्रश्नमा पाठको छैटौं अनुच्छेद पढी ५ वटा प्रश्नहरू राखिएको छ । यसमा स्थानीकरणको स्थानीय शासकहरू, धनीमानीहरू, टाठाबाठाहरू, बदमासहरू व्यक्तिको बारेमा चर्चा परिचरर्चा गरिएको छ । उक्त तेस्रो प्रश्नमा पाठको दसौं अनुच्छेदमा सारांश भन्नुहोस् भनी विद्यार्थीको बोलीमा शुद्धता, स्पष्टता, निडरतापनको विकास गर्न खोजिएको छ । उक्त चौथो प्रश्नमा पाठको एघारौं अनुच्छेद पढी त्यसका मुख्य-मुख्य बुँदा टिपोट गर्नुहोस् भनी पढाइको विकास गर्नाको साथै लेखाइ सीपसँग जोड्न खोजिएको छ । उक्त पाँचौ प्रश्नमा पाठका १२ औं १५ औं र

१६ औं अनुच्छेदहरू पढी कुनै पाँचओटा प्रश्न बनाउनुहोस् भनी विद्यार्थीलाई स्वतन्त्र रूपमा प्रश्न बनाउन भनिएको छ ।

लेखाइ सीपको विकास गराउन बढी महत्त्व दिइएको छ । माध्यमिक तहमा लेखाइ सीपको व्यवस्थित तरिकाले गर्दै १३ ओटा प्रश्नहरू राखिएको छ । यसमा पहिलो प्रश्न अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् भनी ६ ओटा वाक्यहरू दिइएको छ । उक्त दोस्रो प्रश्नमा तलका शब्दहरूले पर्यायवाची शब्द लेख्नुहोस् भनी ९ वटा शब्दको पर्यायवाची शब्द दिइएको छ । तेस्रो प्रश्नमा साथीलाई भन्न लगाई पाठका कुनै दुई अनुच्छेदको श्रुतिलेखन गर्नुहोस् र लेखिसकेपछि मूल पाठसँग रुजु गरी गल्ती सच्याउनुहोस् भनी साथीले बोलेका कुराहरूलाई टिपोट गर्न लगाइएको छ । यसबाट बोलाइ र लेखाइ सीपलाई जोड दिइएको छ । चौथो प्रश्नमा स्थानीयकरण पक्षका वक्ताहरूका तर्कलाई आधार मानी तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् भनी ६ वटा प्रश्नहरू दिइएको छ । यसमा मातृभाषा र पेसाको अनि वातावरणीय पक्षहरूसँग सम्बन्धित भई प्रश्न बनाएको छ । भने पाँचौं प्रश्नमा भाव विस्तार गर्न भनी दुईवटा प्रश्नहरू दिइएको छ । जहाँ स्थानीय उत्पादनहरू बढी लाभदायक, टिकाउ र अझ सङ्ग्रहणीय हुन्छन् भनी जस्ता प्रसङ्गको भावविस्तार गर्न दिइएको छ । छैटौं प्रश्नमा विश्वव्यापीकरणका राम्रा र नराम्रा पक्षहरू के-के हुन् भनी तालिका बनाउन दिइएको छ । सातौँ प्रश्नमा विश्वव्यापीकरणका दुष्प्रभाव हटाउन स्थानीयकरण आवश्यक रहेकाबारे । विवेचना गर्नुहोस् भनी पाठसँग सम्बन्धित भई विद्यार्थीमा स्वतन्त्र लेखन क्षमता बढाउन खोजेको पाइन्छ । उक्त आठौँ प्रश्नमा हलन्त (अन्त्यमा व्यञ्जन) उच्चारण हुने अवस्थालाई लेखाइमा खुट्टो काटेर देखाइन्छ (जस्तैः बस्, हिँड्, लेख् आदि) तर सबै ठाउँमा यसरी खुट्टो काटिँदैन । तलको तालिकामा उच्चारण र लेखाइमा पाइने भिन्नता र समानताका केही उच्चारण दिइएको छ, थप उदाहरणहरू खोज्नुहोस् भनी विद्यार्थीले खोजी गर्ने कलाको विकास हुने गरी प्रश्न निर्माण गरिएको छ । उक्त प्रश्न नम्बरमा पाठबाट खुट्टो काटेका ( हलन्त प्रयोग भएका) १० ओटा शब्दहरू खोजेर लेख्नुहोस् भनी प्रश्न दिइएको छ । उक्त प्रश्न दसैंमा तलको तालिका अध्ययन गरी पञ्चम वर्णको प्रयोगका बारेमा बुझ्नुहोस् र उत्तम पुस्तिकामा सार्नुहोस् भनी तालिकामा आधार र पञ्चम वर्णको प्रयोग लेखन परम्परागत रूपमा छुटाएको छ भने एघारौँ प्रश्नमा तल दिएका शब्दहरूलाई पञ्चम वर्णको प्रयोग गरी लेख्नुहोस् भनी १२ वटा शब्दहरू दिइएको छ । यसमा पञ्चम वर्ण छुटाउन भनिएको छ । उक्त बाह्रै प्रश्नमा पाठबाट पञ्चम वर्णको प्रयोग भएका १० ओटा शब्द

खोजेर वाक्यमा प्रयोग गर्नुहोस् भनी विद्यार्थीलाई पढाइ र लेखाइ सीपको विकास गराउनाका साथै खोजी गर्ने बानीको विकास गरेको पाइयो । त्यसपछि अन्तिम प्रश्न पाठबाट शिरविन्दु लागेका कुनै १० ओटा शब्द खोजेर अभ्यास पुस्तिकामा टिप्नुहोस् भनी निर्देशन दिइएको छ ।

११. लक्ष्मीपूजा : कथा

प्रस्तुत कथामा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.११

'लक्ष्मीपूजा कथा'

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ३ | ४ | १० |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत कथामा भाषिक सीपहरूलाई जोड दिँदै अभ्यासात्मक क्रियाकलाप क्रमबद्धता रूपमा राखिएको छ । पहिला सुनाइ सीपमा ३ ओटा प्रश्न राखिएको छ पहिलो प्रश्न पाठका सुरुका छ ओटा अनुच्छेद सुन्नुहोस् र लाल, मान र प्रेमको कुराकानीको सार बताउनुहोस् भनिएको छ । यस प्रश्नले सुनाइ सीपसँग सम्बन्धित भई पढाइ सीपलाई पनि जोड दिइएको छ । उक्त दोस्रो प्रश्नले पाठको ७७ औँ अनुच्छेद सुन्नुहोस् र मानिसहरू के के गरिरहेका थिए वर्णन गर्नुहोस् भनी यसमा आधारमा सुनाइको आधारमा व्याख्या विश्लेषण गरिएको छ भने तेस्रो प्रश्नमा पाठको ७८ औँ अनुच्छेद श्रुतिलेखन गर्नुहोस् भनी सुनाइ सीपको विकास गरिएको छ ।

उक्त बोलाइ सीपको विकास गर्नका लागि प्रस्तुत कथाको अभ्यासमा तीन ओटा प्रश्नहरू राखिएको छ । यसमा पहिलो प्रश्न तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् भनी १८ वटा शब्दहरू उच्चारण गर्न दिइएको छ । यसमा बोलीमा शुद्धता ल्याउन सकिन्छ । यसैगरी दोस्रो प्रश्नमा किन लालकी आमाले लक्ष्मीपूजाका सामान र मिठाई किन नकिनेकी हुन्, बताउनुहोस् भनी विद्यार्थीको बोलाइ सीपको विकास गर्न सुनेका आधारमा प्रश्न राखिएको छ । उक्त तेस्रो प्रश्नमा जुवा, तास जस्ता पैसा हानमार हुने खेल खेल्नु हुन्न भन्ने

विषयमा कक्षामा छलफल गर्नुहोस् र छलफलको निष्कर्षलाई कक्षामा सुनाउनुहोस् भनिएको छ । विद्यार्थीमा यस प्रश्न जनचेतना मूलक सन्देश फैलाएको छ । समाजमा सचेततातिर लैजादै देखासिकी गर्ने प्रवृत्तिलाई हटाइएको छ ।

लक्ष्मीपूजा कथामा पढाइ सीपसँग आधारित भई ४ ओटा प्रश्नहरू राखिएको छ । यसमा पढाइ सीपको बारेमा चर्चा गरिएको छ पहिलो प्रश्न पाठका अनुच्छेदहरू पालैपालो सस्वरवाचन गर्नुहोस् भनी पढाइ सीपलाई महत्त्व दिइएको छ । उक्त दोस्रो प्रश्नमा पाठको अन्तिम अनुच्छेद पढ्नुहोस् र त्यसपछि के भयो होला भनी अनुमान गरी लेख्नुहोस् भनी पढाइ सीपलाई विस्तार गर्न लगाइएको छ । तेस्रो प्रश्नमा पाठका ८८ औं अनुच्छेदको सारांश लेख्नुहोस् । पढाइ सीपसँग सम्बन्धित भई लेखाइ सीपलाई पनि प्राथमिकता दिइएको छ । उक्त चौथो प्रश्नमा तलको कथांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् भनी ६ वटा प्रश्नहरू दिइएको छ । यसमा विद्यार्थीलाई अनुच्छेद दिएर प्रश्नको उत्तर दिनुहोस् भनी पढाइ सीपको विकास गरिएको छ ।

उक्त भाषिक सीप सम्बन्धित रही लेखाइ सीपलाई माध्यमिक तहमा बढी प्राथमिक दिइएको छ । लेखाइ सीपमा जम्मा १० ओटा प्रश्न राखिएको छ । पहिलो लेखाइ सीपमा जम्मा १० ओटा प्रश्न राखिएको छ । पहिलो प्रश्नमा शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् भनी १० वटा वाक्य दिइएको छ । यसपछि दोस्रो प्रश्नमा पाठको ८१ औदेखि ८५ औं सम्मका अनुच्छेदहरू श्रुतिलेखन गर्नुहोस् भनी सुनाइको आधारमा श्रुतिलेखन गर्न लगाएको छ । भने तेस्रो प्रश्नमा पाठका आधारमा तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् भनी पाँच ओटा प्रश्नहरू राखिएको छ । यसमा कथाको पात्रहरूको वर्णन र चर्चा गरिएको छ । उक्त चौथो प्रश्नमा लक्ष्मीपूजा कथामा बाल मनोविज्ञानको प्रयोग के कसरी भएको छ भनी विवेचना गर्नुहोस् भनी यसबाट विद्यार्थीको लेखन क्षमता पत्ता लगाउन खोजिएको छ । त्यसपछि पाँचौं प्रश्नमा शब्दको उच्चारण गर्दै तिनलाई अभ्यास पुस्तिका लेख्नुहोस् भनी ९ वटा शब्दहरू दिइएको छ । छैटौं प्रश्नमा पाठबाट चन्द्रविन्दु लागको १० ओटा शब्द टिप्नुहोस् भनी खोजसम्बन्धी अभ्यास गराइएको छ भने सातौं प्रश्नमा तल 'ऋ' बाट सुरु हुने नेपाली भाषामा प्रचलित शब्दहरू दिइएको छ । शब्दकोश हेरेर शब्द र अर्थको जोडा मिलाई अभ्यास पुस्तिका सार्नुहोस् भनी दिइएको छ । उक्त आठौं प्रश्नमा तलका शब्दलाई अभ्यास पुस्तिकामा सारी शिक्षकलाई देखाउनुहोस् भनी १० वटा शब्दहरू दिइएको छ । त्यसपछि नवौं प्रश्नमा पाठको ९१ औं अनुच्छेदमा कुन कुन लेख्य चिह्नहरूको प्रयोग भएका छन् ।

यहाँ प्रयोग भए बाहेकका अरू लेख्य चिह्नहरू केके हुन् उदाहरणसहित लेख्नुहोस् भनी खोजमूलक प्रश्न रहेको छ यसबाट विद्यार्थीलाई नयाँ ज्ञानको विकास हुने गर्दछ र अन्तिम प्रश्न दिइएको छ। तलका बुँदा समेटी गोविन्दबहादुर मल्ल गोठालेको जीवनी लेख्नुहोस् भनी ६ ओटा बुँदा दिइएको छ। लेखाइ सीपको विकासलाई बढी यी बुँदा उपयुक्त देखिन्छन्।

**१२. क्लारा जेटकिन : जीवनी**

प्रस्तुत जीवनीमा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

**तालिका ४.१२**

**'क्लारा जेटकिन जीवनी'**

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ३ | ४ | ५ |

स्रोत : नेपाली कक्षा १०, २०७५।

प्रस्तुत क्लारा जेटकिन जीवनीमा सर्वप्रथम सुनाइ सीपमा आधारित भई सुनाइ सीपको चर्चा गरिएको छ। सुनाइ सीपको पहिलो प्रश्नमा ३ वटा प्रश्नहरू राखेको छ। पहिलो प्रश्न पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र ठीक बेठीक छुट्याउनुहोस् भनी ६ वटा प्रश्नहरू दिइएको छ। पाठसँग सम्बन्धित रहेको छ। उक्त दोस्रो प्रश्नमा पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् भनी क्लारा जेटकिनको बारेमा वर्णन गरिएको छ। उक्त तेस्रो प्रश्नमा पाठको छैटौं अनुच्छेद श्रुतिलेखन गर्नुहोस् भनी सुनाइ पश्चात लेख्न लगाइएको छ।

उक्त बोलाइ सीपसँग सम्बन्धित भई ३ वटा प्रश्न राखिएको छ यसमा पहिलो प्रश्न तलका शब्द शुद्ध उच्चारण गर्नुहोस् भनी ९ वटा वाक्यहरू शुद्धसँग उच्चारण गर्न दिइएको छ। यसबाट कठिन शब्दहरू उच्चारण गर्न सकिन्छ। दोस्रो प्रश्नमा क्लारा जेटकिनको वैवाहिक जीवन कस्तो रह्यो भनी पाठको आधारमा भन्नुहोस् भनिएको र पढाइ सीपलाई जोड दिने गर्दछ र तेस्रो प्रश्नमा विवाहपछि महिलाले आफ्नो पतिको थर लेख्ने चलन छ। क्लाराले पनि विवाहपछि आफ्नो नामका पछि जेटकिन भन्न र लेख्न थालिन् र त्यही नाम नै

उनको प्रसिद्ध भयो । यसरी विवाहपछि पतिको थर राख्ने चलन तपाईलाई कस्तो लाग्छ कक्षामा छलफल गर्नुहोस् र छलफलको निष्कर्ष अभ्यास पुस्तिका टिप्नुहोस् भनी विद्यार्थी आफ्नो मौलिकतालाई प्रकट गर्ने प्रश्न निर्माण गरिएको छ । यसबाट विद्यार्थी बोलाइ सीपमा स्पष्ट, रचनात्मक क्षमताको विकास गर्न सकिन्छ ।

पढाइ सीपको विकास गर्नको लागि यस जीवनीमा ४ वटा प्रश्नहरू राखिएको छ यसमा पहिलो प्रश्न पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् भनी पढाइ सीपलाई जोड दिइएको छ । दोस्रो प्रश्नमा तलको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् भनी ५ वटा प्रश्नहरू राखिएको छ । यसमा लेखकको परिभाषा र काठमाडौँको वातावरणको चर्चा गरिएको छ । यसैगरी तेस्रो प्रश्नमा पाठको तेस्रो अनुच्छेद पढी त्यसको सारांश भन्नुहोस् भनी लगाइएको छ । त्यसमा विद्यार्थीलाई बौद्धिक सीपको परीक्षण गर्न खोजिएको छ । उक्त चौथो प्रश्नले पाठ पढेर त्यसमा प्रयोग भएका मितिहरू क्रमबद्ध रूपमा टिप्नुहोस् र कुन-कुन मितिमा के-के भयो सूची बनाउनुहोस् । यस प्रश्नले विद्यार्थीलाई खोजी गर्ने बानीको विकास गराउने प्रश्न राखी पढाइ सीपलाई जोड दिइएको छ ।

लेखाइ सीपको विकास गराउन यस जीवनीमा जम्मा ५ वटा प्रश्नहरू राखिएको छ, यसमा पहिलो प्रश्न रहेको छ तलका शब्दको पदावलीलाई वाक्यमा प्रयोग गर्नुहोस् भनी ८ वटा कठिन वाक्य दिइएको छ । यसबाट विद्यार्थीको रचनात्मक क्षमताको विकास हुने गर्दछ । दोस्रो प्रश्नमा तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् भनी ५ वटा प्रश्न दिइएको यसमा क्लाराको जीवनीको बारेमा चित्रण गरिएको छ । उक्त तेस्रो प्रश्नमा क्लारा जेटकिन अन्तर्राष्ट्रिय महिला दिवसकी प्रणेता हुन् भनी उनका बारेमा व्याख्या विश्लेषण गरिएको छ । उक्त चौथो प्रश्नमा महिला हक अधिकारका लागि क्लारा जेटकिनले के कस्ता काम गरिन् भनी विवेचना गर्नुहोस् भनी महिलाहरूको बारेमा उनले गरेका कामहरूको चर्चा गर्न भनिएको छ । उक्त पाँचौँ प्रश्नमा कुनै हिमाली आरोहण गर्दाको अनुभव गरी २५०-३०० शब्दसम्मको रचना तयार पार्नुहोस् भनी लेखाइ सीपको चर्चा गरिएको छ यसमा विद्यार्थीको स्वतन्त्र लेखन क्षमताको विकासमा जोड दिइएको छ ।

### १३. जयभुँडी - निबन्ध

प्रस्तुत निबन्धमा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.१३

'जयभुँडी निबन्ध'

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ५ | ५ | ६ | ७ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत निबन्धमा भाषिक सीपहरूको चर्चा अभ्यासमा गरिएको छ । यस निबन्धमा पहिला सुनाइ सीपको चर्चा गरिएको छ । यसमा ५ वटा प्रश्नहरू राखिएको छ । यसमा पहिलो प्रश्नमा पाठको पाँचौ अनुच्छेद सुन्नुहोस् र खाली ठाउँ भर्नुहोस् भनी ५ वटा खाली ठाउँ भर्ने प्रश्न दिइएको छ । उक्त दोस्रो प्रश्नमा पाठको छैटौं अनुच्छेद श्रुतिलेखन गर्नु भनिएको छ । यसमा सुनाइको आधारमा लेख्न लगाइएको छ र तेस्रो प्रश्नमा रहेको छ पाठको आठौँ अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् भनी ५ वटा प्रश्नहरू दिइएको छ । चौथो प्रश्नमा पाठको बारौं अनुच्छेद सुनी त्यसमा व्यक्त भएको विचारलाई सारांशमा लेख्नुहोस् भनी विद्यार्थीको विचार प्रकट गर्न भनिएको छ । उक्त पाँचौ प्रश्नमा पाठको नवौं अनुच्छेद सुन्नुहोस् र त्यसमा प्रयोग भएका उखानलाई प्रयोग गरेर नयाँ वाक्य बनाउनुहोस् भनी विद्यार्थीको सुनाइ सीपअन्तर्गत जोड दिइएको छ ।

उक्त बोलाइ सीपमा आधारित भई प्रस्तुत निबन्धको अभ्यासात्मक क्रियाकलापमा बोलाइ सीपको महत्त्व रहेको छ । यसमा पहिलो प्रश्न तलका शब्दहरूको उदाहरणमा देखाएजस्तै ठीक उच्चारण गर्नुहोस् भनी ७ वटा शब्दहरू दिइएको छ । यसले विद्यार्थीको बोलीमा स्पष्टता ल्याउँछ । दोस्रो प्रश्नमा यस निबन्धको शीर्षक कत्तिको उपयुक्त छ, समूह समूहमा छलफल गरी निष्कर्ष निकाल्नुहोस् र कक्षामा सुनाउनुहोस् भनी निबन्ध पढ्न लगाएको र पढेपछि छलफल गर्न लगाएको छ । तेस्रो प्रश्नमा तलका उखान टुक्कालाई वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् भनी ५ वटा उखान टुक्कालाई दिइएको छ । यसबाट विद्यार्थी बौद्धिक क्षमता बढाउने खालको छन् उक्त चौथो प्रश्नमा पाठमा कस्ता कस्ता भुँडीहरूको बारेमा व्यङ्ग्य गरिएको छ भनी बुँदागत रूपमा कक्षामा सुनाउनुहोस् भनी विद्यार्थीको बोलाइ सीपको विकास गरेको छ । त्यसपछि अन्तिम प्रश्नमा के विश्वमा

भइरहेका युद्धहरू भुँडीकै समस्याबाट उब्जिएका छन् । कक्षाका कुनै दुई जना साथीहरू उठेर हाउभाउ सहित संवाद गर्नुहोस् भनी विद्यार्थीको बोली स्पष्टता ल्याउन खोजेको छ ।

भाषिक सीपलाई मध्यनजर गर्दै जयभुँडी निबन्धमा पढाइ सीपसँग सम्बन्धित भई ६ वटा प्रश्नहरू राखिएको छ । पहिलो प्रश्न पाठका सबै अनुच्छेदहरू पालैपालो सस्वरवाचन गर्नुहोस् भनिएको छ । त्यसपछि दोस्रो प्रश्नमा पाठको पहिलो र दोस्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् र ती अनुच्छेद पढ्न तपाईंलाई कति समय लाग्यो  शिक्षकलाई सोध्नुहोस् भनी विद्यार्थीमा द्रुत पठन अभ्याससम्बन्धी छलफल गराइएको छ । उक्त तेस्रो प्रश्न पाठको नवौं अनुच्छेद पढी पाँचओटा प्रश्न तयार पार्नुहोस् भनी बोलाइमा स्पष्टता शुद्धता ल्याउन खोजेको पाइन्छ । चौथो प्रश्नमा तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् भनी ५ वटा प्रश्न दिइएको छ । जसमा विद्यार्थीको बोलीमा शुद्धता ल्याउन सकिन्छ । पाँचौ प्रश्नमा पाठका शब्दार्थ खण्डमा नपरेका कुनै पाँच ओटा कठिन शब्द टिपी तिनको अर्थ शब्दकोशका सहायताले लेख्नुहोस् भनी विद्यार्थीलाई खोजी गर्न लगाएको छ । छैटौं प्रश्नमा तल दिइएका श्रुति समभिन्नार्थक शब्द र तिनको अर्थ पढ्नुहोस् र वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् भनी १९ वटा शब्द राखिएको छ ।

उक्त भाषिक सीपहरू विकास गर्नको लागि विवेच्य निबन्धमा लेखाइ सीपअन्तर्गत ७ वटा प्रश्नहरू राखिएको छ जुन पहिलो प्रश्नमा तल दिइएको अनुच्छेदहरू चारओटा मुख्य बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् भनी लेखाइ सीपको पहिचान गरिएको छ । दोस्रो प्रश्नमा पाठका आधारमा तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् भनी ४ वटा प्रश्नहरू दिइएको छ जुन मौखिक उत्तर आउने खालको छन् । तेस्रो प्रश्नमा ११ औं अनुच्छेदबाट चार ओटा बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्न लगाएको छ । चौथो प्रश्नमा के जय भुँडी निबन्धमा निबन्धकारले भने जस्तै कुनै दिन उन्नाइसौ. महापुराणका रूपमा भुँडी पुराण जोडिएला तार्किक उत्तर दिनुहोस् भनी विद्यार्थीलाई पाठको आधारमा स्वतन्त्र प्रश्न सोधिएको हो । उक्त पाँचौ प्रश्न व्याख्या गर्नुहोस् भनी २ ओटा प्रश्नहरू दिइएको छ । यसमा विद्यार्थी आफ्नो कर्तव्य प्रति प्रेरित गरेको छ । भुँडीबाट व्यङ्ग्य प्रहार गरिएको छ । छैटौं प्रश्नमा पाठको दोस्रो अनुच्छेद अनुलेखन गर्नुहोस् भनी लेखनमा शुद्धता ल्याउन खोजिएको छ । अन्तिम प्रश्नमा तलका वाक्यलाई कापीमा शुद्ध गरी सार्नुहोस् भनी एउटा अनुच्छेद दिइएको छ जसले लेखाइ सीपमा जोड दिएको छ ।

## १४. म सडक बोल्दै छु

प्रस्तुत कवितामा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.१४

'म सडक बोल्दै छु' - कविता

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| २ | ४ | २ | १० |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत कवितामा भाषिक सीपहरूको क्रमबद्धता रूपमा राखिएको छ । पहिलोमा सुनाइमा ३ ओटा प्रश्न राखिएको छ, यसमा प्रथम प्रश्न कविताको पहिलो परिच्छेद सुन्नुहोस् र सडकले के गर्न सक्दैन भन्नुहोस् भनी सुनाइलाई जोड दिइएको छ । दोस्रो प्रश्नमा कवितामा दोस्रो परिच्छेद सुन्नुहोस् र सडकले कुनकुन कुरा आफूले गरेको होइन भनेको छ टिपोट गर्नुहोस् भनी सुनेका कुराहरूलाई टिपोट गर्न लगाइएको छ तेस्रो प्रश्नमा तेस्रो परिच्छेदको श्रुतिलेखन गर्नुहोस् भनी सुनेका आधारमा लेखन क्षमताको विकास गर्न खोजिएको छ ।

कवितामा बोलाइ सीपको विकास गर्नको लागि प्रस्तुत कवितामा बोलाइ सीप अन्तर्गत रही ४ वटा प्रश्नहरू राखिएको छ । जुन पहिलो प्रश्नमा तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् भनी ८ वटा कठिन शब्दहरू दिइएको छ । दोस्रो प्रश्न कविताको चौथो परिच्छेदमा के भनिएको छ, कविताका आधारमा उत्तर दिनुहोस् भनी विद्यार्थीलाई बोलाइ सीपलाई जोड दिइएको छ । तेस्रो प्रश्नमा तपाईको वरपरको सडकको अवस्था कस्तो छ भन्नुहोस् भनी विद्यार्थीलाई सबैका अगाडि बोल्ने बानीको विकास गर्नको यस उद्देश्यले सहयोग पुऱ्याएको छ । चौथो प्रश्नमा तलका हाइकुहरू हाउभाउसहित उच्चारण गर्नुहोस् र हाइकुको संरचना (हरफ र अक्षर) बारेमा कक्षामा छलफल गर्नुहोस् १७ वटा वाक्यहरू उच्चारण गर्न लगाएको छ । जसबाट विद्यार्थीको बोलाइमा स्पष्टता ल्याउने खालका शब्दहरू दिइएको छ ।

पढाइ सीपको विकास गर्नको निम्ति कविताको अभ्यासमा २ वटा प्रश्नहरू राखिएको छ । पहिलो प्रश्न पाठको कविता गति, यति र लय मिलाई पालैपालो पढ्नुहोस् र पढाइमा लाग्ने समय टिपोट गर्नुहोस् भनी कविता पठनप्रति आकर्षित गरेको छ । दोस्रो प्रश्नमा तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् भनी ७ वटा प्रश्नहरू दिइएको छ । यसबाट विद्यार्थीको खोजी गर्ने बानीको विकास हुने गर्दछ ।

लेखाइ सीपको विकास गर्नको लागि माध्यमिक तहमा यस कवितामा १० वटा प्रश्नहरू राखिएको छ । यसमा पहिलो प्रश्न अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् भनी ९ वटा कठिन शब्द दिइएको छ । दोस्रो प्रश्नमा शब्दकोशको सहायताले तलका शब्दहरूबाट पर्यायवाची शब्द लेख्नुहोस् भनी १७ वटा प्रश्नहरू राखिएको छ, जसले पर्यायवाची अर्थ दिने खालको छन् । विद्यार्थीको लेखन क्षमताको विकास गर्नको लागि यिनी शब्दले सहयोग पुऱ्याएको छ । उक्त तेस्रो प्रश्नले साथीलाई भन्न लगाई पाठको चौथो अनुच्छेदको श्रुतिलेखन गर्नुहोस् र लेखिसकेपछि मूल पाठसँग रुजु गरी  गल्ती सच्याउनुहोस् भनी लेखाइ सीपलाई शुद्धसँग लेखन निर्देशन दिइएको छ भने चौथो प्रश्नले तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् भनी ५ वटा प्रश्नहरू दिइएको छ । यसमा नेपालको भौगोलिक स्थितिको बारेमा प्रश्नहरू रहेका छन् र पाँचौ प्रश्नमा सप्रसङ्ग व्याख्या गर्नुहोस् भनी दुईवटा व्याख्या गर्ने प्रश्नहरू रहेका छन् । जुन व्यङ्ग्यात्मक प्रश्नहरू हुन् । उक्त छैटौं प्रश्न रहेका छन् जुन निर्दोष सडकलाई झुर, खत्तम र रद्दी भन्ने मानवलाई तपाई के सल्लाह दिन चाहनुहुन्छ आफ्नो विचार र प्रतिक्रिया लेख्नुहोस् भनी विद्यार्थीको स्वतन्त्र लेखन क्षमताको विकास हुने खालको छ । सातौँ प्रश्नमा पाठमा दिइएको कविताको मूल आशय के हो विवेचना गर्नुहोस् भनी विद्यार्थी पढाइसँग सँगै लेखाइ पनि निरन्तरता दिइएको छ । आठौँ प्रश्नमा तलको उदाहरण (क) र (ख) का शब्दहरूको लेखाइमा पाइने भिन्नताको कारण के हो शिक्षकसँग छलफल गरी थाहा पाउनुहोस् र लेखनको अभ्यास पनि गर्नुहोस् भनी क को लाइनमा १५ वटा शब्दको अर्थ भन्न लगाएको छ र ख मा १४ वटा शब्दको अर्थ भन्न लगाइएको छ । नवौं प्रश्नमा तल शब्दको सुरुमै दीर्घ लेखिने केही तत्सम शब्दहरू दिएका छन् । तिनलाई शुद्धसँग पुन सार्नुहोस् भनी २५ वटा शब्द रहेका छन् । त्यसबाट विद्यार्थीले शुद्ध लेखन क्षमताको विकास हुने गर्दछ र अन्तिम प्रश्नमा तलको तालिकामा दिइएका शब्दहरूको लेखनमा रहेको भिन्नता पहिचान गरी त्यही अनुसार लेखनको अभ्यास गर्नुहोस् भनी

शब्दान्तमा ह्रस्व र शब्दान्तमा दीर्घ गरी दुई तहमा छुट्याएको छ यसले लेखन सीपलाई जोड दिइएको छ ।

### १५. टीका : एकाङ्की

प्रस्तुत एकाङ्कीमा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.१५

'टीका एकाङ्की'

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ३ | ३ | ७ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत एकाङ्कीमा भाषिक सीपहरूको क्रमबद्धता रूपमा चर्चा गरिएको छ पहिला सुनाइ सीपको गरिएको छ यसमा ३ वटा प्रश्न राखिएको छ । पहिलो प्रश्न पाठका एकदेखि पाँच अनुच्छेदसम्म सुन्नुहोस् र पात्रहरू कुन विषयमा छलफल गर्दै छन् भन्नुहोस् भनी सुनाइ सीपको चर्चा गरिएको छ । दोस्रो प्रश्नमा पाठको दसौं अनुच्छेद सुन्नुहोस् र आमैको विचार तपाईंलाई कस्तो लाग्यो बताउनुहोस् भनी पाठको आधारमा विद्यार्थीलाई सुनाइपश्चात पात्रको बारेमा भन्न लगाइएको छ । उक्त सुनाइको अन्तिम प्रश्न पाठको ४६ औ अनुच्छेद श्रुतिलेखन गर्नुहोस् भनी सुनेको आधारमा लेख्न प्रति निर्देशन दिइएको छ । यसबाट विद्यार्थीलाई कुन अनुच्छेदमा केकस्तो रहेको भनी सुनाइ विकास गर्ने खालका प्रश्नहरू रहेका छन् ।

भाषिक सीप विकासको लागि यस एकाङ्कीमा बोलाइसँग सम्बन्धित रही ३ वटा प्रश्न राखिएको छ । पहिलो प्रश्नमा तलका शब्द/शब्द समूहलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् भनी ५ वटा शब्दहरूको वाक्यमा प्रयोग गर्न भनिएको छ । यसबाट विद्यार्थीको बौद्धिकताको विकास हुने गर्दछ । दोस्रो प्रश्नमा कमानसिंहले एक दिनमा कति रुपियाँ कमाउँछ अहिले भए उसले कति कमाउँथे होला भन्नुहोस् भनी विद्यार्थीको सुनाइका आधारमा बोलाइमा स्पष्टता ल्याउन खोजिएको छ । तेस्रो प्रश्नमा पाठका लेखकले अहिले जस्तो लाखौ लाख नेपाली युवाहरू विदेशमा काम गर्न गएको देखेका भए यो एकाङ्कीमा

भएका कुन कुन संवादलाई कसरी परिवर्तन गर्थे होलान् कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् भनी विद्यार्थीलाई देश प्रेमको भावना झल्काउने खालको प्रश्न राखिएको छ ।

प्रस्तुत एकाङ्कीमा पढाइ सीप विकास गराउनको लागि ३ वटा प्रश्नहरू राखिएको छ । यसमा पहिलो प्रश्न कक्षाका विद्यार्थीहरू अलग-अलग पात्रमा बाडिनुहोस् र आ-आफ्नो भागको संवाद हाउभाउ सहित पढ्नुहोस् भनी पढाइ सीपमा जोड दिइएको छ । दोस्रो प्रश्नमा पाठमा आमैले बोलेको संवाद राम्ररी पढ्नुहोस् र उनका विचार तपाईलाई कस्तो लाग्यो तर्कसहित आफ्नो धारणा लेख्नुहोस् भनी पाठको आम्मैको विचारलाई धारणालाई पढी लेखाइमा परिणत गर्न खोजिएको छ । तेस्रो प्रश्नमा पाठ पढी तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् भनी एकाङ्कीकारको बारेमा व्याख्या विश्लेषण गरिएको छ ।

यस एकाइङ्कीमा लेखाइ सीप विकास गर्नका लागि ७ वटा प्रश्नहरू राखिएको छ । पहिलो प्रश्नमा यस एकाङ्कीको शीर्षक टीका कत्तिको ठीक छ तर्कसहित आफ्नो धारणा लेख्नुहोस् भनी शीर्षकमा आफ्नो धारणा राखी लेखाइ सीपमा जोड दिइएको छ । दोस्रो प्रश्नमा तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् भनी ५ वटा प्रश्न राखिएको छ । यसमा टीका प्रसङ्गको महत्त्व बारेमा चर्चा गरिएको छ । उक्त तेस्रो प्रश्नमा सप्रसङ्ग व्याख्या गर्नुहोस् भनी नेपालको भूमि र भौगोलिक पक्षका बारेमा चित्रण गर्न लगाइएको छ । अनि चौथो प्रश्नमा रहेको एक पाइलो हिडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ भनी नाटककार आमैलाई भनाउँछन् के उसो भए हामीले नेपालबाहिर खुट्टै नहाल्न भन्ने नाटककारको भनाइ हो त तार्किक उत्तर दिनुहोस् भनी प्रदेशी जीवनी धेरै कष्टकर जीवनी हो । अरूको देशमा जस्तोसुकै काम गर्ने र त्यही काम नेपालमा गऱ्यो भनी धेरै विकास हुने प्रति लैजान खोजिएको छ । उक्त पाँचौं प्रश्नमा युवाहरू आफ्नै देशमा बसेर काम गर्नुपर्छ भन्ने विषयमा एउटा संवाद तयार गर्नुहोस् भनी विद्यार्थीहरूलाई आफ्नो देशप्रतिको माया र यहाँको कामबारे स्वतन्त्र लेखन रहेको छ । उक्त छैटौं प्रश्नमा टीका एकाङ्की पढेपछि आफ्ना छोराछोरीलाई कामका लागि विदेश पठाउन हुरुक्कै हुने बाबा आमालाई तपाई के सल्लह दिन चाहान्छ भनी विद्यार्थीलाई स्वतन्त्र भनाई व्यक्त गर्न भनिएको छ । उक्त सातौ प्रश्नका आफ्ना वृद्ध बुवा आमालाई वृद्धाश्रममा लैजाने तयारी गरिरहेका छोरा बुहारी र बृद्धवृद्धाको सेवाका गर्न सबैको कर्तव्य हो भन्दै वृद्धाश्रममा नपठाउन भनी सम्झाउने युवा विद्यार्थीका बिचको संवाद तयार पार्नुहोस् भनी देशप्रेमको माया र घरपरिवार माया विद्यार्थीमा देखाउन

खोजिएको छ । मानव भएपछि मानवताको व्यवहार गर्नुपर्ने भनी लेखाइ सीपको विकास गरेको पाइन्छ ।

### १६. माउजङ बाबुसाहेबको कोट : कथा

प्रस्तुत कथामा रहेका सीपगत अभ्यासलाई तल दिइएको तालिकामा यसरी देखाइएको छ :

तालिका ४.१६

**'माउजङ बाबुसाहेबको कोट' : कथा**

| सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| ३ | ३ | ४ | ५ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

प्रस्तुत कथामा भाषिक सीपहरूको क्रमबद्धता रूपमा चर्चा गरिएको छ । यसमा सबैभन्दा बढी लेखाइ सीपमा जोड दिइएको छ भाषाका चार सीपमध्ये सुनाइ सीपअन्तर्गत रही ३ वटा प्रश्नहरू राखिएको छ जुन पहिलो प्रश्नमा नवौं अनुच्छेद सुनेर सारांश भन्नुहोस् भनी विद्यार्थीलाई सुनाइ सँगसँगै बोलाइ सीपलाई पनि जोड दिइएको छ । दोस्रो प्रश्नमा पाठको २२ औं अनुच्छेद सुनी निर्विकार, क्षोभ र आवेग शब्दको अर्थ बताउनुहोस् भनी सुनाइको आधार तीनवटा शब्दको अर्थ बताउन भनेको छ । यसबाट विद्यार्थीमा खोजी गर्ने बानीको विकास हुन्छ । तेस्रो प्रश्नमामा पाठको अन्तिम अनुच्छेद श्रुतिलेखन गर्नुहोस् भनी सुनाइसँगै लेखाइ सीपलाई पनि जोडेको छ ।

बोलाइ सीपअन्तर्गत रही माउजङ बाबुसाहेब नोट कथामा बोलाइ सीपअन्तर्गत ३ वटा प्रश्नहरू राखिएको छ । पहिलो प्रश्नमा तलका शब्द शुद्ध उच्चारण गर्नुहोस् भनी २४ वटा पाठको कठिन शब्दहरू दिइएको छ । दोस्रो प्रश्नमा तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् भनी ११ वटा शब्दहरू दिइएको छ । यसमा विद्यार्थीको बोलीमा स्पष्टता साथै खोजी गर्ने बानीको विकास गर्ने खालको रहेको छ भने तेस्रो प्रश्नमा पाठको कथा कस्तो लाग्यो दुई जना  साथी मिलेर संवाद गर्नुहोस् भनी विद्यार्थीलाई बोल्ने बानीको विकास तर्फ जोड दिइएको छ ।

पढाइ सीप विकास गर्नको लागि यस कथामा ४ वटा प्रश्नहरू राखिएको छ। पहिलो प्रश्नमा पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् भनी विद्यार्थीलाई बोलीमा स्पष्टता र पढाइ शुद्धता ल्याउन खोजिएको छ । दोस्रो प्रश्नमा पाठको पाँचौँ अनुच्छेद पढ्नुहोस् र पाँच ओटा प्रश्न बनाउनुहोस् भनी पढाइ सीपमा जोड दिइएको छ भने तेस्रो प्रश्नमा तलको अनुच्छेद पढ्नुहोस् र चार ओटा बुँदा टिपोट गर्नुहोस् भनी पढाइसँग सँगै लेखाइ सीपको विकास गर्न खोजेको छ। चौथो प्रश्नमा तलका अनुच्छेदहरू पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् भनी पढाइसँग सम्बन्धित भई ६ वटा प्रश्नहरू राखिएको छ।

भाषिक सीपमध्ये लेखाइ सीप अति महत्त्वपूर्ण सीप हो। यसलाई माध्यमिक तहमा बढी प्राथमिकता दिइएको छ । लेखाइ सीपको विकास गर्नको लागि ५ वटा प्रश्नहरू राखिएको छ जसअन्तर्गत पहिलो प्रश्नमा पाठको कुनै दुई अनुच्छेदको अनुलेखन गर्नुहोस् भनी लेखाइलाई जोड दिइएको छ। दोस्रो प्रश्नमा तलका प्रश्नका छोटो उत्तर दिनुहोस् भनी ५ वटा प्रश्नहरू दिइएको छ । यसमा माउजङ बाबुसाहेबको बारेमा चर्चा गरिएको छ । यसबाट विद्यार्थीको खोजी गरी लेखनसीप अगाडि बढाउने खालका छन् । तेस्रो प्रश्नले माउजङ बाबुसाहेबको कोट कथाको सारांश लेख्नुहोस् भनी निर्देशन दिइएको छ । चौथो प्रश्नमा माउजङ बाबुसाहेबको कथामा के कस्तो मनोविज्ञानको चित्रण गरिएको छ विवेचना गर्नुहोस् भनी विद्यार्थीलाई पढाइको आधारमा कथाको व्याख्या गर्न भनिएको छ पाँचौ प्रश्नमा तलका बुँदा समटी भवानी भिक्षुको जीवनी लेख्नुहोस् भनी यसमा भवानी भिक्षुको नाम, जन्म, माता, पिता, शिक्षा कृति, सेवा, पुरस्कार, निधन बारेमा चर्चा गरिएको छ । यसरी माध्यमिक तहमा लेखाइ सीपमा जोड दिइएको देखिन्छ।

## ४.२ कक्षा दशको नेपाली पाठ्यपुस्तकका अभ्यासमा प्रयुक्त भाषिक सीपको तुलनात्मक स्थिति

भाषिक सीपहरूलाई पाठगत आधारमा छुट्याएर देखाउन सकिन्छ :

तालिका ४.१७

| क्र.सं. | पाठशीर्षक | सुनाइ | बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|---|---|
| १. | जन्मभूमि | ३ | ४ | ४ | ६ |
| २. | सन्तुष्टि | ३ | ४ | ३ | ७ |
| ३. | सन्दुक रुइत | ४ | ५ | ४ | ६ |
| ४. | थाङ्का | ३ | ४ | ५ | ७ |
| ५. | म पनि सक्छु | ३ | ४ | ३ | ४ |
| ६. | व्यापारिक चिठी | ३ | ६ | ३ | ४ |
| ७. | प्रत्यागमन | ४ | ६ | ५ | ६ |
| ८. | वर्षा | ४ | ४ | ५ | ६ |
| ९. | हाम्रो संस्कृति | ४ | ५ | ३ | ८ |
| १०. | स्थानीयकरण भन्दा व्यापारीकरण बेस | ३ | ४ | ५ | १३ |
| ११. | लक्ष्मी पूसा | ३ | ३ | ४ | १० |
| १२. | क्लारा जेटकिन | ३ | ३ | ४ | ५ |
| १३. | जय भुँडी | ५ | ५ | ६ | ७ |
| १४. | म सडक बोल्दैछु | ३ | ४ | २ | १० |
| १५. | टीका | ३ | ३ | ३ | ७ |
| १६. | माउजङ बाबुसाहेबको कोट | ३ | ३ | ४ | ५ |
| | जम्मा | ५४ | ६७ | ६३ | ११७ |
| | प्रतिशत | १८ | २२.३३ | २१ | ३८.६७ |

स्रोत : नेपाली कक्षा १०, २०७५ ।

भाषिक सीपको तुलना गर्ने क्रममा सर्वप्रथम सुनाइ सीपको चर्चा गर्दा पाठ्यक्रममा १६ वटा पाठहरू राखिएको छ । सुनाइसम्बन्धी अभ्यासमा ३ वटा प्रश्नहरू प्रतिशतमा लैजाँदा ५.५६% हुने गर्दछ भने सुनाइसम्बन्धी अभ्यासमा केही पाठमा ४ वटा प्रश्नहरू दिइएको छ । जसलाई प्रतिशतमा लैजाँदा समयमा ७.४०% मा लैजान सकिन्छ । यसरी पाठगत आधारमा अभ्यासमा सुनाइसम्बन्धी एउटा पाठमा ५ वटा प्रश्नहरू दिएको छ यसलाई प्रतिशतमा लैजादा ९.२५% रहेको पाइन्छ । समग्रमा लैजाँदा सुनाइ सीप १८% आवश्यक रहेको देखिएको छ ।

नेपाली कक्षा १० पुस्तकमा बोलाइसम्बन्धी भएर हेर्दा पाठगत आधारमा १६ वटा पाठहरू रहेका छन् जसमा ४ वटा पाठमा ३ वटा प्रश्नहरू दिएको छ । यसलाई प्रतिशतमा लैजादा ४.४७% आउने गर्दछ । उक्त ७ वटा पाठमा ४ वटा प्रश्नहरू दिएको छ जसलाई प्रतिशतमा लैजादा ७% आउने गर्दछ भने ५ वटा प्रश्नको ७.४६% आउने गरेको देखियो भने ६ वटा प्रश्नहरूको प्रतिशतमा लैजादा ९% आएको तथ्याङ्क रहेको पाइयो र समग्रमा हेर्दा बोलाइ सीप २२.३३% आवश्यक रहेको देखिएको छ ।

पढाइ सीपलाई हेर्दा माध्यमिक तहमा १६ वटा पाठहरू रहेका छन् जसमा कुनै पाठमा २ वटा अभ्यास दिइएको छ । यसलाई प्रतिशतमा लैजादा ३.१७% हुने गर्दछ भने ५ वटा पाठमा ३ वटा पढाइ सीपसँग सम्बन्धित अभ्यास दिइएको जसलाई प्रतिशतमा लैजाँदा ४.७६% आउने गर्दछ । पढाइ सीपसँग सम्बन्धित रही ४ वटा पाठमा ५ वटा प्रश्न दिइएको छ । यसलाई प्रतिशतमा लैजाँदा ७.३४% आउने गर्दछ । त्यसरी ४ वटा पाठमा ५ वटा प्रश्नहरू दिइएको छ । यसलाई प्रतिशतमा लैजादा ७.९५% हुने गर्दछ १ वटा पाठमा एउटा अभ्यासमा १३ वटा प्रश्नहरू दिइएको छ । यसलाई प्रतिशतमा लैजाँदा ९.५२% आउने गर्दछ समग्रमा लैजादा पढाइ सीप २१% आवश्यक रहेको देखियो ।

लेखाइ सीपसँग सम्बन्धित रही २ वटा अभ्यासलाई ४ वटा प्रश्न सोधिएको छ । यसलाई प्रतिशतमा लैजादा ३.४४% रहेको छ । २ वटा अभ्यास ५ वटा प्रश्न सोधिएको छ । यसलाई प्रतिशतमा लैजाँदा ४.३१% रहेको छ । लेखाइ सीपमा आधारित भई ४ वटा अभ्यासमा ६ वटा प्रश्न रहेका छन् । यसलाई प्रतिशतमा लैजाँदा ५.१८% रहेको छ । उक्त ४ वटा अभ्यासको पाठमा ७ वटा प्रश्न दिइएको छ । यसलाई प्रतिशतमा लैजाँदा ६.०३% रहेको पाइयो भने १ वटा अभ्यासको पाठमा ८ वटा प्रश्न दिइएको छ । यसलाई प्रतिशतमा लैजाँदा

६.९०% रहेको पाइएको छ । २ वटा पाठको अभ्यासमा १० वटा खालका प्रश्नहरू दिइएको छ । यसलाई ८.६२% आवश्यक रहेका छन् । उक्त पाठमा १ अभ्यासमा १३ वटा प्रश्न राखिएको छ । यसलाई प्रतिशतमा लैजाँदा ११.२०% आवश्यक रहेको देखियो तर समग्रमा लेखाइ सीपलाई ३८.६७% आवश्यक रहेको देखिएको छ । यसरी सबैभन्दा बढी लेखाइ सीपलाई प्राथमिकता दिइएको देखिन्छ ।

## ४.३ पाठ्यक्रम अनुरूपताका आधारमा भाषिक सीप

### ४.३.१ सुनाइ

भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् जुन पहिलो सिकाइ सञ्चालन गर्नका लागि सुनाइ सीपको आवश्यकता पर्दछ । सुनाइ भन्नाले वक्ताको हाउभाउ समेतलाई विचार आशयगत अर्थ पनि यस सीपबाट पत्ता लगाउन सकिन्छ । कुनै पनि सीपको विकास गर्नका लागि सुन्न आवश्यक पर्दछ त्यसैले सुनाइ सीप तल्लो कक्षादेखि उपल्लो तहसम्म महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाली पाठ्यपुस्तकको अभ्यासमा सुनाइ सीपलाई १८% मान्यता दिएको छ । सुनाइ सिकारुहरूले सुन्ने र बुझ्ने क्षमताको विकास गर्न मौखिक कार्यकलापमा निपूर्ण बनाउन सुनेर शब्द, ध्वनि र अभिप्राय बुझी त्यसको व्याख्या सुनेर शब्द, ध्वनि र अभिप्राय बुझी त्यसको व्याख्या सुनेर शब्द, ध्वनि र अभिप्राय बुझी त्यसको व्याख्या सुनेर शब्द, ध्वनि र अभिप्राय बुझी त्यसको व्याख्या गर्ने तुल्याउन सुनेका आधारमा संक्षेपीकरण, विस्तृतीकरण, बुँदाटिपोट गर्न सुनाइ सीपको आवश्यकता पर्दछ ।

सुनाइ सीप नेपाली पाठ्यपुस्तकमा कम मात्रामा महत्त्व दिइएको छ । अभ्यासमा पनि सुनाइ सीपलाई कम महत्त्व दिइएको छ ।

### ४.३.२ बोलाइ

बोलाइ सीप भाषाको प्रदानात्मक सीप हो । भाषाको प्रकटीकरण गर्ने कथन सन्दर्भ वा कथ्य रूपलाई मौखिक अभिव्यक्ति भनिन्छ । यसलाई सामान्य भाषामा बोलाइ भनिन्छ । कक्षा १० को नेपाली पाठ्यपुस्तकमा बोलाइ सीपलाई सुनाइ सीपभन्दा बढी महत्त्व दिइएको छ । नेपाली पुस्तकको अभ्यासमा पनि अझ महत्त्वका साथ बोलाइ सीपलाई जोड दिइएको छ ।

मानव सभ्यताको इतिहासको प्राचीन समयदेखि आजसम्म पनि बोलाइ सीपले महत्त्वपूर्ण स्थान पाएको छ । बोलाइ विद्यार्थीले आफ्ना मनका भावना, विचार, धारणा, चाहाना र उद्देश्यलाई अरू समक्ष प्रस्तुत गर्नको लागि बोलाइ सीपको आवश्यकता पर्दछ । पाठ्यपुस्तकमा अभ्यासगत आधारमा बोलाइ सीपको विकास हुनका लागि विभिन्न प्रश्नहरू राखिएको छ जसलाई २२.३३% प्राथमिकता दिइएको छ । नेपाली भाषालाई बोलीमा स्पष्टता ल्याउनको लागि मौखिक अभिव्यक्तिको आवश्यकता पर्दछ ।

### ४.३.३ पढाइ

लिखित सामग्रीलाई बुझेर अभिव्यक्ति गर्न आधार प्रदान गर्ने सीप पढाइ सीप हो । व्यक्तिको पहिलो खुड्किलो लेख्य भाषालाई पढ्न जान्नु हो । लिपिबद्ध गरिएका विचारलाई वाचन गर्नु पढाइ हो । नेपाली पाठ्यपुस्तकमा पढाइ सीपको विकास गराउनका लागि सस्वरपठन र मौनपठनको प्रशस्त अभ्यास गराउनु पर्दछ । अभ्यासलाई पनि पाठगत आधारमा क्रमबद्धता रूपमा चर्चा गरिएको छ । पढाइ सीपलाई पाठगत आधारमा अभ्यासलाई २१% प्राथमिकता दिइएको छ ।

पढाइ सीप लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न र निश्चित समय तोकी लिखित सामग्रीलाई पठनमा सन्दर्भ र भावअनुसार गति मिलाई पढ्न अभ्यासात्मक काम दिइएको छ । पढाइ सीप साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या गर्न र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पठन अभ्यासले जोड दिइएको छ ।

### ४.३.४ लेखाइ

सुनेका, देखेका, पढेका, जानेका कुराहरूलाई लिपिचिह्न धारा अभिव्यक्त गर्ने भाषिक कार्यकलापलाई लेखाइ भनिन्छ । लिखित सीप विकास गर्न कक्षा १० को नेपाली पाठ्यक्रमको अभ्यासमा वर्णविन्यास (हिज्जे र लेख्य चिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्टसँग लेख्न भनी निर्देशन दिइएको छ । लेखाइ सीपबाट विभिन्न लेखिएका सामग्रीलाई सम्पादन गरी परिष्कार तथा पुनः सम्पादन र पुनः परिष्कार गरी लेखन अभ्यासमा जोड दिइएको छ ।

लेखाइ सीपबाट आफूले देखेका, सुनेका, अनुभव गरेका घटना र पढेका विषयवस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्नु साथै साहित्यिक विधा र पाठहरू विश्लेषण गर्न विशिष्ट अंशहरूलाई व्याख्या र सप्रसङ्ग व्याख्या गर्न लेखाइ सीपले अभ्यासमा जोड

दिइएको छ । नेपाली पाठ्यक्रममा भाषाका सीपहरूमध्ये सबैभन्दा बढी महत्त्व लेखाइ सीपलाई दिइएको पाइन्छ जसलाई ३८.६७% प्राथमिकता दिइएको छ । अभ्यासगत आधारमा पनि लेखाइ सीप अरू सीपभन्दा जटिल रहेको छ ।

### ४.३.४ निष्कर्ष

कक्षा दशको नेपाली पाठ्यपुस्तक तहगत सक्षमताका आधारमा अभ्यास र पाठहरूको अध्ययन विश्लेषण गर्दा उपयुक्त नै देखिन्छ भने सीपगत उपलब्धि अनुरूप अभ्यासहरू नरहेको पाइयो । उक्त पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरू पाठ्यक्रमले निर्धारण गरेको विधा क्षेत्र अनुकूल छन्, शिक्षण सिकाइ प्रक्रियाका लागि पाठपछि सिर्जनात्मक अभ्यासहरू राखिएका छन् । नेपाली पुस्तकमा १६ वटा पाठहरू राखिएको छ । यसमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपसँग छुट्टाछुट्टै अभ्यास दिएको छ जसलाई सुनाइसम्बन्धी समग्रमा हेर्दा २२.२१% आवश्यक रहेको देखियो भने बोलाइ सीपसँग सम्बन्धित रही २६.९३% आवश्यक रहेको देखियो । पढाइ सीपसँग आधारित भई ३१.७२ प्रतिशत आवश्यक रहेको देखियो अनि लेखाइ सीपमा आधारित भई ४५.६७% आवश्यक रहेको देखियो समग्रमा हेर्दा सबैभन्दा बढी लेखाइ सीपलाई जोड दिइएको पाइयो ।

# अध्याय- पाँच

## भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको उपयुक्तता

शोधकार्यका राखिएको उद्देश्यहरू पुरा गर्ने क्रममा यस अध्यायमा भाषिक सीप विकासका दृष्टिले पाठ्यपुस्तकको उपयुक्तता पहिल्याउने काम गरियो । वर्तमान अवस्थालाई मध्यनजर गर्दै पाठ्यक्रमविद् र शिक्षाविद्सँग प्रश्नावली फाराममा दिइएको व्याख्या विश्लेषण गरियो । त्यसै क्रममा सरकारी तथा निजी विद्यालयका शिक्षकहरूलाई पाठ्यपुस्तकलाई कसरी प्रयोगमा र सञ्चालन गर्नु भएको छ भनी प्रश्नावली फाराममा शिक्षकले दिइएको उत्तरको व्याख्या विश्लेषण गरियो ।

तथ्याङ्क सङ्कलन गर्ने क्रममा छनोट गरिएको ५ जना पाठ्यक्रमविद् र ५ जना शिक्षाविद् र सरकारी विद्यालयका ५ जना शिक्षक र नीजि विद्यालयका ५ जना शिक्षक छनोट गरिएको छ ।

### ५.१ पाठ्यक्रमविद्हरूबाट दिइएको तथ्याङ्कको विश्लेषण

यस अध्यायको उद्देश्य पुरा गर्नका लागि पाठ्यक्रमविद्लाई ११ ओटा प्रश्नहरू समावेश गरी प्रश्नावली फारममा राखिएको थियो । यिनै भाषाको सीपहरूको आधारहरू समेटेर प्रश्नहरू सोधिएको थियो पाठ्यक्रमविद्को प्रतिक्रियाहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

१. सुनाइ सीपको विकास गर्न श्रुतिलेखन अभ्यास कतिको उपयुक्त मान्नुहुन्छ भन्ने प्रश्नमा पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका १ मा यसरी देखाइएको छ :

**तालिका ५.१**

**श्रुतिलेखन अभ्यास**

| श्रुतिलेखन | मान्छु | प्रतिशत | मान्दैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली भाषाका पाठ्यक्रविद्हरूसँग तथ्याङ्क विवरणका लागि प्रश्नावली फारम भराई तथ्याङ्क निकालिएको थियो । यसमा माध्यामिक तहमा श्रुतिलेखन अभ्यास आवश्यक रहेको देखियो । पाठ्यक्रमविद्को विचार र धारणाअनुसार पूर्ण रूपमा सहमति जनाएको पाइयो । पाठ्यक्रमविद् ५ जनाले १००% सहमति भई आवश्यक रहेको देखियो । सुनाइ सीपको विकास गराउन श्रुतिलेखन अभ्यासबाट विद्यार्थीलाई छिटो सिकाउन सकिन्छ ।

२) सुनाइ सीपलाई मजबुत गराउन कति मात्रामा श्रुति वर्णन क्रियाकलाप महत्त्वपूर्ण ठान्नुहुन्छ भनी पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका २ मा यसरी देखाइएको छ :

**तालिका ५.२**

**श्रुति वर्णन क्रियाकलाप**

| श्रुतिवर्णन | ठान्छु | प्रतिशत | ठान्दैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली भाषाका पाठ्यक्रमविद्हरूसँग प्रश्नावली फारम भराई तथ्याङ्क निकालिएको थियो । यसमा माध्यमिक तहमा श्रुतिवर्णन क्रियाकलाप आवश्यक रहेको बताइयो । पाठ्यक्रमविद् ५ जनालाई प्रश्न राखिएको थियो त्यसमध्ये १००% पूर्ण रूपमा सहमति रहेको पाइयो । उक्त श्रुतिवर्णन क्रियाकलाप आवश्यक ठानिएको र आवश्यक नठानिएकोमा ०% रहेको भेटियो । पाठ्यक्रमविद्हरू पूर्ण रूपमा सहमति जनाएको देखियो । यसरी माध्यमिक तहमा सुनाइ सीपको विकास गराउनको लागि श्रुतिवर्णन क्रियाकलाप महत्त्व रहेको देखियो ।

३. कविता सुनाइपश्चात् वाक्यविभेदीकरण गर्न उपयुक्तता कतिको आवश्यक मान्नु हुन्छ भनी पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका ३ मा यसरी देखाइएको छ :

### तालिका ५.३

### वाक्य विभेदीकरण

| वाक्य विभेदीकरण | हुन्छ | प्रतिशत | हुदैन | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| | ४ | ९० | १ | १० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा पाठ्यक्रविद्हरूसँग प्रश्नावली फारम भराई तथ्याङ्क लिएको थियो । यसमा माध्यमिक तहमा कविता सुनाइपश्चात् कठिन वाक्य विभेदीकरण गर्न ४ जनाले ९०% सहमति जनाएको देखियो भने १ जनाले कवितामा वाक्य विभेदीकरणमा दुई मत जारी भएको पाइयो र शिक्षण सिकाइ सञ्चालन गराउन कविताहरू सीमित राखिएको जसले विद्यार्थीको बौद्धिक क्षमताको विकास हुने गरी पाठ्यक्रम निर्माण गरिएको छ ।

४. सुनाइ सीपको विकास गर्न सुनेको कथाहरू उच्चारण गर्न कत्तिको आवश्यक ठान्नुहुन्छ भनी पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका ४ मा यसरी देखाइएको छ :

### तालिका ५.४

### सुनाइसम्बन्धी उच्चारण

| सुनाइसम्बन्धी उच्चारण | हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा पाठ्यक्रमविद्हरूसँग प्रश्नावली फारम भराई तथ्याङ्क लिएको थियो यसमा माध्यमिक तहमा सुनाइसम्बन्धी उच्चारण आवश्यक रहेको बताइयो । उक्त ५ जना पाठ्यक्रमविद्सँग प्रश्न सोधिएको थियो त्यसमा सबै जनाले शत प्रतिशत आवश्यक रहेको बताएको देखियो । सुनाइ सीपको विकास गर्न सुनेको कथाहरू उच्चारण गर्न १००% पूर्णता आवश्यक ठानेको पाइयो भन्ने कुरा पाठ्यक्रमविद्को भनाईबाट थाहा पाइयो ।

५)	बोलाइ सीपमा सुधार ल्याउन उच्चारण अभ्यास कतिको आवश्यक ठान्नुहुन्छ भन्ने प्रश्नमा पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका ५ मा यसरी देखाइएको छ :

**तालिका ५.५**

**उच्चारणका अभ्याससम्बन्धी**

| उच्चारण अभ्यास | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली भाषाका पाठ्यक्रमविद्हरूसँग फारम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । यसमा माध्यमिक तहमा बोलाइसम्बन्धी उच्चारण अभ्यासहरू उपयुक्त रहेको बताइयो । पाठयक्रमविद् ५ जनासँग ११ ओटा प्रश्नहरू सोधिएको थियो । एउटा प्रश्न स्वतन्त्र खालको उत्तर लेख्न दिइएको थियो । यसमा माध्यमिक तहमा उच्चारण अभ्यास कति आवश्यक रहेका छन् भनी प्रश्न गरिएको थियो । यसमा ५ ज नाले पाठ्यक्रमअनुसार १००% उच्चारण अभ्याससम्बन्धी आवश्यक रहेको थाहा पाइयो ।

६)	भाषिक सीप विकास गर्न बोलाइसँग सम्बन्धित रही प्रस्तुतीकरण कतिको आवश्यक मान्नुहुन्छ भनी पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका ६ मा यसरी देखाइएको छ :

**तालिका ५.६**

**बोलाइसँग सम्बन्धित प्रस्तुतीकरण विधि**

| प्रस्तुतीकरण विधि | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली भाषाका पाठ्यक्रमविद्हरूसँग प्रश्नावली फारम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । यसमा माध्यमिक तहमा बोलाइसँग सम्बन्धित

रही प्रस्तुतीकरण विधि सहज रहेको बताइयो । पाठ्यक्रमविद् ५ जना १००% पूर्ण रूपमा सहमति जनाएको देखियो । माध्यमिक तहमा पूर्ण रूपमा प्रस्तुतीकरण आवश्यक रहेको थाहा देखियो । भाषिक सीप विकास गराउँदा बोलाइसँग प्रस्तुतीकरणबाट विद्यार्थीको र शिक्षक बौद्धिक ज्ञानको विकास हुने देखिएको छ ।

७) शिक्षण सिकाइ सञ्चालन गर्दा व्याख्यान तथा प्रवचन विधि कक्षाकोठामा कतिको महत्त्वपूर्ण ठान्नुहुन्छ भनी पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका ७ मा यसरी देखाइएको छ :

**तालिका नं ५.७**

**व्याख्यान तथा प्रवचन विधिको महत्त्व**

| प्रवचन विधि | हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| | ५ | ६० | २ | ४० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली भाषाका पाठ्यक्रमविद्हरूसँग प्रश्नावली फारम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । यसमा केही सहमति जनाएको पाइयो भने केही असहमति जनाएको पाइयो ५ पाठ्यक्रमविद्हरू मध्ये ३ जनाले ६०% सहमति पाइयो भने २ जनाले असहमति भई आफ्नो धारणा प्रस्तुति गरेको पाइयो । माध्यमिक तहमा पाठ्यक्रमअनुरूप प्रवचन विधि कम प्रयोग गर्नुपर्ने र सहभागितामूलक बनाउनु पर्ने भनी बताइयो । सिकाइ सञ्चालन गराउँदा कक्षा कोठमा शान्ति राख्नुपर्ने हुनाले केही मत विभेद रहेको थाहा देखियो ।

८) पढाइ सीपको विकास गराउन द्रुत पठन अभ्यास कतिको आवश्यक मान्नुहुन्छ भनी पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका ८ मा यसरी देखाइएको छ :

तालिका ५.८

**द्रुतपठन अभ्यास**

| द्रुतपठन अभ्यास विधि | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली भाषाका पाठ्यक्रमविद्हरूसँग प्रश्नावली फारम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । यसमा माध्यमिक तहमा पढाइ सीपसँग सम्बन्धित द्रुतपठन अभ्यास आवश्यक रहेको बताइयो । त्यस प्रश्नावली ५ जना पाठ्यक्रमविद्हरूलाई सोधिएको थियो । पाठ्यक्रमविद्हरू १००% आवश्यक रहेको जानकारी दिइयो । माध्यमिक तहमा पढाइ सीप विकास द्रुतपठनले गर्दछ र पाठ्यक्रममा सिकाइलाई छिटो सञ्चालन र विद्यार्थीको पठन क्षमताको विकास गराउन द्रुतपठन अभ्यास आवश्यकता रहने कुरा जनाइयो ।

९. शिक्षण सिकाइको क्रममा पाठ्यपुस्तकमा बोध प्रश्नोत्तर अभ्यास कतिको आवश्यक मान्नुहुन्छ भनी पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका ९ मा यसरी देखाइएको छ :

तालिका ५.९

**बोध प्रश्नोत्तर अभ्यास**

| बोधप्रश्नोतर अभ्यास | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली भाषाका पाठ्यक्रमविद्हरूसँग प्रश्नावली फारम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । यसमा माध्यमिक तहमा नेपाली पाठ्यपुस्तकमा बुदाँटिपोट, सारांश लेखन उपयुक्त रहेको थाहा पाइयो । लेखाइ सीपको विकास गराउनको लागि पाठ्यपुस्तकमा बुँदाटिपोट र सारांश लेखन क्षमता प्रश्नावली फारममा सोधिएको

थियो । पाँच जना पाठ्यक्रमविद्ले पूर्ण रूपमा आवश्यक रहेको देखियो । माध्यमिक तहमा लेखाइ क्षमतालाई स्तरीय बनाउनु पर्ने हुनाले पाठ्यपुस्तकमा पनि सही मार्गनिर्देशन गरेको थाहा पाइयो ।

१०. लेखाइ सीपको विकास गराउनको लागि पाठ्यपुस्तकमा बुँदाटिपोट, सारांश लेखन कति उपयुक्त रहेको छ भन्ने प्रश्नमा पाठ्यक्रमविद्बाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिका १० मा यसरी देखाइएको छ :

**तालिका ५.१०**

**बुँदाटिपोट, सारांश लेखन**

| बुँदाटिपोट, सारांश लेखन | छ | प्रतिशत | छैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली भाषाका पाठ्यक्रमविद्हरूसँग प्रश्नावली फारम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । यसमा माध्यमिक तहमा नेपाली पाठ्यपुस्तकमा बुँदाटिपोट, सारांश लेखन उपयुक्तता रहेको थाहा देखियो । लेखाइ सीपको विकास गराउनको लागि पाठ्यपुस्तकमा बुँदाटिपोट र सारांश लेखन क्षमता प्रश्नावली फाराममा सोधिएको थियो । पाँचजना पाठ्यक्रमविद्ले पूर्ण रूपमा सहमति र आवश्यक रहेको बताइयो । माध्यमिक तहमा लेखाइ क्षमतालाई स्तरीय बनाउनु पर्ने हुनाले पाठ्यपुस्तकमा पनि सही मार्गनिर्देशन गरेको देखियो ।

११) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त विधामा भाषिक सीप विकासका दृष्टिले के-कस्तो छ भन्ने प्रश्नमा प्राप्त पाठ्यक्रमविद्को भनाइ यसप्रकार रहेका छन् :

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त विधामा भाषिक सीप विकासका दृष्टिले समन्वयात्मक भाषिक सीप विकास गर्ने खालको रहेको साथै भाषिक सीपलाई विधासँग आवद्ध गरिएको छ । भाषिक सीपगत क्रियाकलाप निर्धारण र कार्यान्वयनका लागि उपयुक्त देखिन्छ र भाषाका चारओटा सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई आवश्यक संयोजन गर्ने प्रयत्न गरिएको छ । भाषाका चारै सीपलाई उपयुक्त ढङ्गले संयोजन गर्न सकिएन भने

समग्रमा भाषिक सीपहरू विकास हुन नसक्ने हुनाले पाठ्यपुस्तकका हरेक विधामा प्रयुक्त पाठ्यवस्तुका साथसाथै भाषिक सीप विकासका दृष्टिले पाठ्यपुस्तक सबल रहेको देखिन्छ भनी आफ्नो धारणा बताइयो । उक्त पाठ्यक्रमद्वारा निर्दिष्ट सक्षमता र सिकाइका उद्देश्यअनुसार पाठ्यवस्तु छनोट र स्तरणको प्रयास भएकाले र भाषिक सीपको सन्तुलित विकासप्रति सचेतता अपनाएकाले भाषिक सीप विकासका दृष्टिले ठीकै भएको पाउछु भनी बताइयो र शिक्षण सिकाइ प्रक्रियामा पाठ्यपुस्तकलाई सबै मान्नु हुन्न र स्थानीय परिवेश, विद्यार्थीको मातृभाषा (बहुभाषिकता) समेतलाईं दृष्टिगत गरी पाठ्यपुस्तकभन्दा बाहिरका विषयवस्तुको पनि समुचित प्रयोग गरिएमा सबै खाले विद्यार्थीले भाषिक सीप आर्जन गर्न सक्षम हुन्छन् भनी ५ जना पाठ्यक्रमविद्ले आफ्नो धारणा प्रस्तुत गरेको पाइयो ।

## ५.२ शिक्षाविद्हरूबाट लिइएको तथ्याङ्कको विश्लेषण

२) शिक्षाविद्हरूबाट दिइएको तथ्याङ्कको विश्लेषण यस अध्याय उद्देश्यलाई पूरा गर्न ५ जना शिक्षाविद्हरूलाई छनोट गरिएको थियो । शिक्षाविद्हरूलाई जम्मा ११ ओटा प्रश्न सोधिएको छ । पाठ्यपुस्तकमा आधारित भई चार ओटा सीपहरूमा आधारित भई प्रश्नावली फारम तयार पारिएको थियो । शिक्षाविद्हरूले दिइएको विचार, धारणा, प्रतिक्रिया निम्नानुसार रहेको छ ।

१. सुनाइ सीपको विकास गर्न श्रुतिलेखन अभ्यास कतिको उपयुक्तता मान्नुहुन्छ शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.११**

**श्रुतिलेखन अभ्यास**

| श्रुतिलेखन अभ्यास | मान्छ | प्रतिशत | मान्दैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विषयसम्बद्ध शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । उक्त शीर्षकमा शिक्षाविद्ले १००% आवश्यक रहेको

भने तापनि केही शिक्षाविद्ले माध्यमिक तहमा पढाइ र लेखाइको तुलनामा सुनाइ, बोलाइको कम महत्त्व दिनुपर्ने देखियो तर समग्रतामा हेर्दा पाठ्यपुस्तक उपयुक्तता बताएको पाइयो । सुनाइ सीपको विकास गराउन श्रुतिलेखन आवश्यक रहेको पाइयो ।

२. सुनाइ सीपलाई मजबुत गराउन कति मात्रामा श्रुतिवर्णन क्रियाकलाप महत्त्वपूर्ण ठान्नुहुन्छ शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.१२**

**श्रुति वर्णन क्रियाकलाप**

| श्रुति वर्णन | ठान्नु | प्रतिशत | ठान्दैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विषयसम्बद्ध शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । शिक्षाविद् ५ जनालाई प्रश्न राखिएको थियो । त्यसमा १००% पूर्ण रूपमा सहमति रहेको बताइयो । सुनाइ सीपलाई मजबुत गराउन श्रुतिवर्णन क्रियाकलाप आवश्यक रहेको देखियो । त्यसभित्र रही केही शिक्षाविद्ले श्रुति वर्णनलाई २५% मान्यता दिइएको पाइयो । समग्रमा हेर्दा श्रुति वर्णन क्रियाकलाप आवश्यक रहेको देखियो ।

३) कविता सुनाइपश्चात् वाक्य विभेदीकरण गर्न उपयुक्ता कतिको आवश्यकता मान्नु हुन्छ भनी शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.१३**

**वाक्य विभेदीकरण**

| श्रुति वर्णन | मान्नु | प्रतिशत | मान्दैन | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| | ४ | ९० | १ | १० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विषयसम्बद्ध शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । उक्त ५ जना शिक्षाविद्हरूलाई प्रश्न गरिएको थियो

त्यसमध्ये ४ जनाले ९० सहमति जनाएको पाइयो भने १ जना १० प्रतिशत असहमति जनाएको पाइयो शिक्षण सिकाइ सञ्चालन गराउन कविताहरू सीमित राखिएको जसले विद्यार्थीहरूको बौद्धिक क्षमताको विकास हुने गरी पाठ्यक्रम निर्माण गरिएको छ । त्यसैले माध्यमिक तहमा कवितामा वाक्य विभेदीकरण महत्त्व रहेको थाहा पाइयो ।

४) सुनाइ सीपको विकास गर्न सुनेको कथाहरू उच्चारण गर्न कतिको आवश्यक ठान्नुहुन्छ शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.१४**

**सुनाइसम्बन्धी उच्चारण**

| सुनाइसम्बन्धी उच्चारण | हुन्छ | प्रतिशत | हुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विषयसम्बद्ध शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । शिक्षाविद्ले माध्यमिक तहमा केही कम महत्त्व रहेको देखियो । सुनाइ सीपको विकास गराउन सुनेका कथाहरू उच्चारण महत्त्व रहेको देखाइएको बताइयो । उक्त शीर्षकमा उक्त शिक्षाविद्को भनाईअनुसार १००% सहमत रहेको पाइयो । माध्यमिक तहको पाठ्यपुस्तकमा कथाहरू सीमित रहेको पाइयो ।

५) बोलाइ सीपमा सुधार ल्याउन उच्चारण अभ्यास कतिको आवश्यक ठान्नुहुन्छ भनी शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.१५**

**उच्चारण अभ्याससम्बन्धी**

| उच्चारण अभ्यास | हुन्छ | प्रतिशत | हुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विषयसम्बद्ध शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । उक्त शिक्षाविद् ५ जनासँग प्रश्नहरू राखिएको छ । त्यसमा १००% अभ्यास आवश्यक रहेको बताएको देखियो । माध्यमिक तहमा उच्चारण अभ्यासलाई कम महत्त्व दिनुपर्ने भने केही शिक्षाविद्ले आफ्नो मन्तव्य व्यक्त गरेको पाइयो । तर समग्रमा भन्नुपर्दा बोलाइ सीपको विकास गर्न उच्चारण अभ्यास आवश्यक देखियो ।

६. भाषिक सीप विकास गर्न बोलाइसँग रही प्रस्तुतीकरण कतिको आवश्यक मान्नुहुन्छ शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.१६**

**बोलाइसँग सम्बन्धित प्रस्तुतीकरण विधि**

| प्रस्तुतीकरण विधि | मान्नुहुन्छ | प्रतिशत | मान्नुहुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई विषयसम्बद्ध शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । शिक्षाविद्हरूले पूर्ण सहमति जनाएको पाइयो । माध्यमिक तहमा बोलाइसँग सम्बन्धित प्रस्तुतीकरण विधि १००% मान्यता दिइएको शिक्षाविद्बाट थाहा देखियो । कक्षा प्रस्तुतीकरण गराउँदा विद्यार्थीको साथै शिक्षकको बौद्धिक ज्ञानको विकास हुने गरी पाठ्यक्रम निर्माण गरिएको बताइयो ।

७) शिक्षण सिकाइ सञ्चालन गर्दा व्याख्यान तथा प्रवचन विधि पाठ्यपुस्तकमा कतिको महत्त्वपूर्ण ठान्नुहुन्छ भनी शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

## तालिका ५.१७

## व्याख्यान तथा प्रवचन विधिको महत्त्वपूर्ण

| प्रवचन विधि | ठान्नुहुन्छ | प्रतिशत | ठान्नुहुँदैन | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| | ३ | ६० | २ | ४० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई विषयसम्बद्ध शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । शिक्षाविद्हरूले केही सहमति जनाएको पाइयो भने केही शिक्षाविद् असहमति जनाएको पाइयो । सम्बद्ध शिक्षाविद्हरूमध्ये ६०% ले आवश्यक ठानेको पाइयो भने ४०% ले आवश्यक नठानेको देखियो । माध्यमिक तहमा पाठ्यक्रमअनुरूप प्रवचन विधि कम प्रयोग गर्नुपर्ने र सहभागितामूलक बनाउनु पर्ने भनी आफ्नो धारण व्यक्त गरेको पाइयो । शिक्षण सिकाइ सञ्चालन गराउँदा प्रवचन विधिमा केही मत विभेद देखिएको पाइयो बढी मात्रामा आवश्यक रहेको तथ्याङ्कबाट देखियो ।

८) पढाइ सीपको विकास गराउन द्रुतपठन अभ्यास कतिको आवश्यक मान्नुहुन्छ भनी शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

## तालिका ५.१८

## द्रुत पठन अभ्यास

| द्रुत पठन अभ्यास | हुन्छ | प्रतिशत | हुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विषयसम्बद्ध शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । शिक्षाविद्हरूले माध्यमिक तहमा पढाइ सीपको विकास गराउनको लागि पाठ्यपुस्तकमा द्रुतपठन अभ्यास आवश्यक रहेको बताइयो । यस प्रश्नावली ५ जना शिक्षाविद्हरूलाई सोधिएको थियो । उक्त प्रश्नमा १००% आवश्यक रहेको देखियो ।

केही शिक्षाविद्हरूले माध्यमिक तहमा द्रुत अभ्यास पठन आवश्यक रहेको बताइयो । माध्यमिक तहमा पढाइ सीप विकास गर्नका लागि द्रुत पठन अभ्यासले शिक्षक र विद्यार्थीको दुवै बौद्धिक क्षमता बढाउने गर्दछ भने थाहा पाइयो ।

९) शिक्षण सिकाइको क्रममा पाठ्यपुस्तकमा बोध प्रश्नोत्तर अभ्यास कतिको आवश्यक मान्नुहुन्छ शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.१९**

**बोध प्रश्नोत्तर अभ्यास**

| बोध प्रश्नोत्तर | हुन्छ | प्रतिशत | हुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विषयसम्बद्ध शिक्षाविद्सँग स्थलगत अध्ययन गरी २०७५ मा शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । शिक्षाविद्सँग भनाईअनुसार माध्यमिक तहमा पाठ्यपुस्तकमा बोध प्रश्नोत्तर अभ्यास आवश्यक रहेको थाहा पाइयो । यस शीर्षकमा शिक्षाविद्ले १००% पूर्ण सहमति जनाएको देखिएको छ । पाठ्यक्रम निर्माण गर्दा बोध प्रश्नोत्तर अनिवार्य राख्नुपर्ने कुरा देखियो । बोध प्रश्नले विद्यार्थीको मनोबल बढाउने गर्दछ भन्ने कुरा थाहा पाइयो । शिक्षण सिकाइको क्रममा पाठ्यपुस्तकमा बोध प्रश्नोत्तर अभ्यास गराउँदा विद्यार्थीको स्तरअनुसार पाठहरू समावेश गर्नुपर्ने साथै अभ्यास दिनुपर्ने भन्ने कुरा थाहा पाइयो ।

१०) लेखाइ सीपको विकास गराउनको लागि पाठ्यपुस्तकमा बुँदाटिपोट सारांश लेखन कतिको उपयुक्तता रहेको छ भनी शिक्षाविद्हरूबाट प्रश्नावली भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

तालिका ५.२०

बुँदाटिपोट, सारांश लेखन

| बुँदाटिपोट, सांराश लेखन | छ | प्रतिशत | छैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई विषयसम्बद्ध शिक्षाविद्सँग प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । शिक्षाविद्हरूले माध्यमिक तहमा नेपाली पाठ्यपुस्तकमा बुँदाटिपोट सांराश लेखन उपयुक्तता रहेको थाहा पाइयो । लेखाइ सीपको विकास गराउनको लागि पाठ्यपुस्तकमा बुँदाटिपोट र सांराश लेखन क्षमता प्रश्नावली फारम सोधिएको थियो । यस शीर्षकमा शिक्षाविद्ले १००% सहभागी जनाएको देखियो । माध्यमिक तहमा लेखन क्षमतालाई स्तरीय बनाउनु पर्ने हुनाले पाठ्यपुस्तकमा पनि सही मानी निर्देशन गरेको थाहा पाइयो ।

११) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त विधामा पाठ्यवस्तु भाषिक सीप विकास दृष्टिले के कस्तो छ भन्ने प्रश्नमा प्राप्त भएको शिक्षाविद्हरूको भनाई यसप्रकार रहेको छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त विधामा पाठ्यवस्तु भाषिक सीप विकासका दृष्टिले उपयुक्त रहेको बताउनु भयो । उक्त शीर्षकमा सीपगत अभ्यासलाई आधार मानी शिक्षण गरेमा प्रभावकारी हुने देखिन्छ । नेपाली पाठ्यपुस्तकमा भाषिक सीपहरू उपयुक्त रहेको तापनि अर्को थप गर्न पाएका धेरै राम्रो हुने देखियो । यसरी भाषाका चारओटा सीपहरू सनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई माध्यमिक तहमा दिइएको स्थान उपयुक्त देखिन्छ । यस तहमा सुनाइ र बोलाइलाई भन्दा अझै बढी पढाइ र लेखाइलाई बढी जोड दिइएको पाइन्छ र सुनाइ सीपलाई मजबुत गराउन २५% श्रुतिवर्णन गरे पुग्ने बताइएको देखिन्छ ।

यसरी विभिन्न शिक्षाविद्हरूले आफ्नो भनाइहरू पाठ्यपुस्तकमा यस्तो हुनुपर्दछ भनी धारणा राखी भाषिक सीपहरूलाई जोड दिइएको पाइयो ।

समग्रतामा हेर्दा पाठ्यक्रमविद् र शिक्षाविद्को भनाइअनुसार पाठ्यपुस्तकमा समन्वयात्मक भाषिक सीप विकास गर्ने खालको रहेको छ र भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई आवश्यकताअनुसार संयोजन गर्ने प्रयत्न गरिएको छ । भाषाका चारैवटा सीपलाई उपयुक्त हुने ढङ्गले संयोजन गरिएको र पाठ्यपुस्तक सबल रहेको देखिन्छ ।

## ५.२ नेपाली विषय शिक्षकहरूबाट दिइएको तथ्याङ्कको विश्लेषण

कक्षा १० मा अध्यापन गर्ने सरकारी विद्यालयका नेपाली विषय शिक्षक ५ जनालाई प्रश्नावली फाराम भराई तथ्याङ्क सङ्कलन गरिएको थियो भने निजी विद्यालयका नेपाली विषय शिक्षक ५ जनालाई प्रश्नावली फारम भर्न लगाएको थियो । विद्यालयमा नेपाली पाठ्यपुस्तक शिक्षण गर्दा कुन-कुन सीपलाई कसरी प्रयोग २ सञ्चालन गर्नुहुन्छ भनी भाषाको चार ओटा सीपहरूमा आधारित भएर प्रश्न निर्माण गरिएको थियो ।

सरकारी विद्यालयका शिक्षक शिक्षिकालाई आफ्नो विषयमा कसरी कुन-कुन सीपहरू प्रयोगमा ल्याउनुहुन्छ र शिक्षण सिकाइ सञ्चालन गर्दा कुन सीपलाई माध्यमिक तहमा बढी जोड दिनुहुन्छ भनी जम्मा २१ वटा प्रश्नहरू सोधिएको थियो र तथ्याङ्कलाई यहाँ प्रस्तुत गरिएको छ :

१) सुनाइ सीपको विकास हुने गरी श्रुतिलेखन गर्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.२१**

**सुनाइ सीपको विकास हुने गरी श्रुतिलेखन**

| श्रुतिलेखन | हुन्छ | प्रतिशत | हुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विद्यालयका विषय शिक्षकले माध्यमिक तहमा पनि सुनाइ सीपसँग सम्बन्धित रही श्रुतिलेखन सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको थियो । उक्त प्रश्नमा केही मात्रामा गर्ने त्यसलाई धेरै प्राथमिकता नदिने भनी केही विद्यालयका

विषयशिक्षकले भनेको पाइयो जम्मा ५ जना विद्यालयका शिक्षक शिक्षिकालाई श्रुतिलेखनसम्बन्धी प्रश्न सोधिएको थियो त्यसमा १००% शिक्षक शिक्षिका सहमति जनाएको देखियो ।

यसरी माध्यमिक तहमा श्रुतिलेखन अभ्यास पाठ्यपुस्तक समावेश गराएपछि त्यसलाई कार्यान्वयन गराउँदा विद्यार्थीको स्मरण शक्तिको विकास हुने कुरा बताएको पाइयो ।

२) सुनाइ सीपलाई मजबुत गराउन कति मात्रामा श्रुतिवर्णन गर्न लगाउनुहुन्छ कि लगाउनुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.२२**

**सुनाइ सीपलाई मजबुत गराउन श्रुतिवर्णन**

| श्रुति वर्णन | लगाउनुहुन्छ | प्रतिशत | लगाउनुहुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालयका विषय शिक्षकले माध्यमिक तहमा सुनाइ सीपलाई प्राथमिकता दिँदै श्रुतिवर्णन अभ्याससम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । पाठ्यविधामा आधारित भएर आफूले पढेका, सुनेका कथा, कविता जस्ता विधालाई श्रुतिवर्णनले समेटेको हुन्छ । श्रुतिवर्णन गर्दा परिवेश सुहाउँदो हुनुपर्दछ भनी आफ्नो धारणा व्यक्त गरेको पाइयो । विद्यालयका विषय शिक्षकसँग ५ जनासँग प्रश्नावली भरिएको थियो यसमा १००% सहमति जनाएको देखियो । यसरी माध्यमिक श्रुतिवर्णनले महत्त्वपूर्ण भूमिका खेलेको पाइयो ।

३) कथा शिक्षण गरिसकेपछि वा गर्ने क्रममा विद्यार्थीलाई पढाएको कथा कति प्रभावकारी भयो भनी प्रश्नोत्तर गर्नुहुन्छ कि गर्नुहुँदैन भन्ने प्रश्नमा विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.२३

### प्रश्नोत्तर विधि आवश्यक

| प्रश्नोत्तर विधि | गराउनुहुन्छ | प्रतिशत | गराउनुहुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालयका नेपाली विषय शिक्षकले माध्यमिक कथा शिक्षण गरिसकेपछि वा गर्ने क्रममा विद्यार्थीलाई कति शिक्षण भयो र कतिले ज्ञान कति उपलब्धि गरियो भनी प्रश्नोत्तर विधिसम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यार्थीले सुनाइको आधारमा कति प्रतिशत ज्ञान हासिल गर्न सक्छन् भनी जाँच गर्ने एउटा सीप सुनाइ सीप हो । उक्त सरकारी विद्यालयका ५ जना शिक्षक र शिक्षिकालाई प्रश्न गरिएको थियो । त्यस प्रश्नमा उहाँहरू १००% सहमति जनाएको पाइयो । माध्यमिक तहमा सुनाइले प्रभावकारी भूमिका खेलेको पाइयो ।

४) कवितामा सुनाइपश्चात् वाक्य विभेदीकरण गर्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.२४

### वाक्य विभेदीकरण

| वाक्य विभेदीकरण | हुन्छ | प्रतिशत | हुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली विषयका शिक्षकले कविता सुनाइपश्चात् वाक्य विभेदीकरण गर्न लगाउन आवश्यक भन्ने सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । सरकारी विद्यालयका ५ जना शिक्षकसँग प्रश्नावली फाराम भर्न लगाइएको थियो । त्यसमा १००% आवश्यक रहेको उहाँहरूको मन्तव्य थियो । सुनाइ सीपको विकास गर्न कवितालाई

लयबद्ध रूपमा उच्चारण गर्नाका साथै कवितामा रहेका कठिन वाक्यलाई टुक्र्याएर उच्चारण गर्न लगाएको पाइयो ।

५) सुनाइ सीपको विकास गर्न सुनेका कथा उच्चारण गर्न लगाउनु हुन्छ वा हुँदैन भन्ने प्रश्नमा विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.२५**

**सुनेका कथाको उच्चारण**

| सुनेका कथा उच्चारण | हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| | ४ | ८० | १ | २० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली विषयका विषय शिक्षक वा शिक्षिकाले सुनाइ सीपको विकास गर्न सुनेका कथा उच्चारण गर्न लगाउनु सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त शीर्षकमा एक जना शिक्षिकाले असहमति जनाएको पाइयो भने ४ जना शिक्षकले सहमति जनाएको पाइयो । शिक्षण सिकाइ सञ्चालन गराउँदा माध्यमिक तहमा सुनाइ सीप कम प्रयोग गर्नुपर्ने बताइयो । ५ जना शिक्षक शिक्षिकालाई प्रश्न गरिएको थियो जसमध्ये ४ जनाले ८० सहमति भएको पाइयो भने एक जनाले २०% सहमति जनाएको पाइयो । यसरी सरकारी विद्यालयमा समयको ध्यान नदिनाले सुनेका भन्दा माध्यमिक तहमा सुनाइ सीपको विकाससम्बन्धी मतभेद देखियो ।

६) बोलाइ सीपको विकास हुने गरी उच्चारणसम्बन्धी अभ्यास गराउनुहुन्छ कि गराउनुहुँदैन भन्ने प्रश्नमा विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

तालिका ५.२६

उच्चारणसम्बन्धी अभ्यास

| | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिक्षणसँगै अभ्यास गराउने | २ | ४० |
| छुट्टै अभ्यास गराउने | १ | २० |
| शब्द सङ्कलन गर्ने र छुट्टै अभ्यास गराउने | २ | ४० |
| अन्य | | |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्क हेर्दा विद्यालयका नेपाली विषय शिक्षक र शिक्षिका माध्यमिक तहमा बोलाइ सीप विकास हुने गरी उच्च अभ्यासमा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । जम्मा ५ जना विषय शिक्षकसँग प्रश्न गरिएको छ । त्यसमा पनि २ जनाले शिक्षणसँगै अभ्यास गराउने भनी ४०% सहमति जनाएको पाइयो भने छुट्टै अभ्यास गराउने भनी १ जनाले आफ्नो धारणा प्रस्तुत गरी १०% शब्द सङ्कलन गर्ने छुटै अभ्यास गराउने गरी ४०% आफ्नो धारणा प्रस्तुति गरेको पाइयो । उच्चारण अभ्यास गराउँदा विद्यार्थीको बोलीमा शुद्धता ल्याउन सकिन्छ भनी धारणा राखेको देखियो ।

७) भाषिक सीपको विकास गराउँदा मौनवाचन गराउनुहुन्छ कि हुँदैन भन्ने प्रश्नमा विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

तालिका ५.२७

**मौन वाचन शिक्षण**

| मौन वाचन शिक्षण | गराउने | प्रतिशत | नगराउने | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका विषय शिक्षकले माध्यमिक तहमा, मौन वाचन शिक्षण आवश्यक सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । सरकारी विद्यालयका ५ जना शिक्षक, शिक्षिकालाई प्रश्न सोधिएको छ । त्यसमा १००% सहमति जनाएको पाइयो । माध्यमिक तहमा बोलाइ सीप विकास गराउन यस मौन वाचनले विद्यार्थीको ज्ञान अभिवृद्धि गर्ने कुरा थाहा पाइयो ।

८) मौन वाचन गराउँदा समय तोकेर गराउनुहुन्छ कि नतोकिकन भन्ने प्रश्नमा प्राप्त विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

तालिका ५.२८

**मौन वाचन गराउँदा समय तोक्ने वा नतोक्ने**

| समय | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तोकेर | २ | ४० |
| नतोकीकन | ३ | ६० |
| मौनवाचन नगराउने | | |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका विषय शिक्षक शिक्षिकाले माध्यमिक तहमा बोलाइ सीप विकास हुने गरी मौन वाचन गराउँदा समय तोकेर गराउने सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । शिक्षक/शिक्षिका र नतोकिकन गराउने शिक्षक/शिक्षिका

बीच मत भेद धारणा रहेको पाइयो । जम्मा ५ जना विषय शिक्षकसँग प्रश्नावली फारम भर्न लगाइएको थियो । यसमध्ये २ जना शिक्षकले माध्यमिक तहमा मौन वाचन समय तोकेर गर्नुपर्दछ भनी आफ्नो धारणा व्यक्त गरेको पाइयो जसलाई ४०% प्राथमिकता दिइयो भने समय नतोकीकन मौनवाचन गर्ने ३ जना शिक्षकले सहमति जनाए जसले ६०% मान्यता दिइयो । यसरी हेर्दा समग्रमा भन्नुपर्दा समय नतोकिकन मौन वाचन गराउने शिक्षकहरूको सङ्ख्या धेरै देखियो ।

९) भाषिक सीपहरूलाई विकास गराउन कक्षा प्रस्तुतीकरण गराउनु हुन्छ कि गराउनु हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.२९**

**बोलाइसम्बन्धी कक्षा प्रस्तुतीकरण**

| कक्षा प्रस्तुतीकरण | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा भाषिक सीपहरूलाई विकास गराउन कक्षा प्रस्तुतीकरण गर्ने सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । कक्षा प्रस्तुतीकरणले विद्यार्थीमा भएको कमजोरीपन हट्दै जाने गर्दछ भनी बताएको पाइयो । विद्यार्थीको बोलीमा शुद्धता, स्पष्टता व्यावहारिकता ल्याउन सकिन्छ । उक्त बोलाइसम्बन्धी कक्षा प्रस्तुतीकरण गर्ने शीर्षकमा जम्मा ५ जना शिक्षक/शिक्षिकासँग प्रश्न राखिएको थियो जसलाई १००% आवश्यक रहेको बताइयो ।

१०) शिक्षण सिकाइ सञ्चालन गर्दा व्याख्यान विधिलाई कतिको आवश्यक मान्नुहुन्छ विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

तालिका ५.३०

**व्याख्यान विधि सिकाइ सञ्चालन**

| व्याख्यान विधि | मान्नुहुन्छ | प्रतिशत | मान्नुहुँदैन | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| | ३ | ६० | २ | ४० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका नेपाली विषय शिककले माध्यमिक तहमा शिक्षण सिकाइ सञ्चालन गराउँदा व्याख्यान विधिमा सम्बन्धी स्थलगत अध्ययन तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा ५ जना विद्यालयका शिक्षक⁄ शिक्षिकालाई प्रश्नावली फारम भर्ना लगाएको थियो । त्यसमा ३ जना माध्यमिक तहमा व्याख्यान विधि आवश्यक रहेको भनी ६० सहमति जनाएको पाइयो भने २ जना शिक्षकले आवश्यक नपर्ने भनी आफ्नो विचार प्रस्तुत गरेको पाइयो । समग्रतामा भन्नुपर्दा माध्यमिक तहमा व्याख्यान विधि उपयुक्त रहेको देखियो ।

११) पढाइ सीपको विकास गराउनको लागि द्रुतपठन अभ्यास गराउनु हुन्छ कि गराउनु हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

तालिका ५.६१

**द्रुतपठन अभ्यास**

| द्रुतपठन अभ्यास | हुन्छ | प्रतिशत | हुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालय नेपाली शिक्षकले माध्यमिक तहमा द्रुतपठन अभ्यास आवश्यक सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । यसले विद्यार्थीको पढाइ सीपको विकासमा सहयोग पुऱ्याउँछ भनी व्याख्या गरिएको थियो । सरकारी विद्यालयका ५ जना शिक्षकलाई प्रश्नावली फारम दिइएको थियो यसमा १००% सहमति रहेको जनाएको

पाइयो । उक्त माध्यमिक तहमा द्रुतपठनले विद्यार्थीको बोलाइमा शुद्धता, स्पष्टता साथै सिकाइमा सुधार ल्याउने गरेको पाइयो ।

१२) पढाइ सीपको मजबुत गराउन कवितामा गति, यति, नमिलाएर पढेमा कस्तो कार्यकलाप गर्नुहुन्छ वा गर्नुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.३२

### कवितामा गति, यति नमिलाएर पढेमा

| क्रियाकलाप | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफूले पढेर सुनाउने | १ | २० |
| आफूले पढेर सुनाउने र पुनः पठन गर्न लगाउने | ४ | ८० |
| पुनः पठन गर्न लगाउने | - | - |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालय नेपाली विषय शिक्षकले पढाइ सीपको मजबुत गराउन कवितामा गति यति नमिलाएर पढेमा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा सीपको मजबुत गराउन कवितामा गति यति नमिलाएर पढेमा आफूले पढेर सनाउने १ जनाले २०% आवश्यक रहेको बताइयो भने आफूले पढेर सुनाउने र पुन : पठन गर्ने लगाउने शिक्षक ४ जनाले ८०% सहमति रहेको देखियो । माध्यमिक तहमा पढाइलाई निरन्तर गति दिनको लागि कवितामा लय हालेर पढ्ने बानीको विकास विद्यार्थीमा गराउनु पर्छ भनी बताइयो । शिक्षकले आफूले पढेर सुनाउने र पुनः पठन गर्न लगाउने शिक्षक/शिक्षिकाको सङ्ख्या बढी देखिएको पाइयो ।

१३) सस्वरपठन गराउँदा उच्चारण गल्ती गरेमा त्यसलाई सुधार गरिदिनुहुन्छ कि गरिदिनुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

तालिका ५.३३

**सस्वरपठन उच्चारण**

| सस्वरपठन | गराउनुहुन्छ | प्रतिशत | गराउनुहुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली विषयका शिक्षक/शिक्षिका सस्वरपठन उच्चारण गर्नुपर्नेमा पूर्ण रूपमा सहमति सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा विद्यार्थीहरूको उच्चारणमा स्पष्ट र शुद्धता ल्याउन पढाइ सीपको विकास गराउने गर्दछ । शिक्षक र शिक्षिका गरी जम्मा ५ जनासँग प्रश्नावली फाराम गर्ने लगाइएको थियो । त्यसमा १००% पूर्ण रूपमा सहमति देखियो । माध्यमिक तहमा सस्वरपठनको विद्यार्थीको सिकाइमा सुधार ल्याउने थाहा पाइयो ।

१४) शिक्षण सिकाइको क्रममा बोध प्रश्नोत्तर अभ्यास गराउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

तालिका ५.३४

**बोध प्रश्नोत्तर अभ्यास**

| बोध प्रश्नोत्तर अभ्यास | गराउने | प्रतिशत | नगराउने | जम्मा |
|---|---|---|---|---|
| | ५ | ५० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली विषयको विषय शिक्षकले शिक्षण सिकाइको क्रममा बोध प्रश्नोत्तर अभ्यास सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा शिक्षक/शिक्षिका जम्मा ५ जनालाई प्रश्नावली फाराम गर्ने लगाएको थियो । उक्त प्रश्नको आधारमा शिक्षकहरू १००% अभ्यास गराएको देखियो । पढाइ सीपको विकास गर्ने क्रममा

विद्यार्थीले पढाएको कतिको बुझेको छ भनी प्रश्न गर्नको लागि बोध प्रश्नोत्तर अभ्यास गराउन आवश्यक रहेको पाइयो ।

१५) उच्चारण गर्ने क्रममा विद्यार्थीले शुद्ध उच्चारण गर्दछन् कि गर्दैनन् ध्यान पुऱ्याउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.३५**

**शुद्ध उच्चारणसम्बन्धी**

| शुद्ध उच्चारण | हुन्छ | प्रतिशत | हुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली विषयको विषय शिक्षक/शिक्षिकाले उच्चारण गर्ने क्रममा विद्यार्थीले शुद्ध उच्चारणमा विशेष ध्यान पुऱ्याएको देखियो । जम्मा ५ जना शिक्षक र शिक्षिकासँग प्रश्नावली फाराम भर्ने दिइएको थियो । त्यसमा १००% गराउने देखियो । विद्यालयमा विद्यार्थी पहिलो भाषी विद्यार्थीले नेपाली भाषा दोस्रो भाषाको रूपमा सिकिरहेका हुन्छन् त्यसैले उच्चारणमा कतिको शुद्धता उच्चारण गर्दछन् भनी ध्यान पुऱ्याएको देखिएको छ ।

१६) लेखाइ सीपको विकास गराउनको लागि पढेका पाठहरूमा बुँदाटिपोट गर्न र सारांश लेख्न लगाउनु हुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.३६**

**बुँदाटिपोट गर्न सारांश लेख्न**

| बुँदाटिपोट, सांराश लेख्न | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालयको नेपाली विषयको शिक्षक र शिक्षिकाले लेखाइ सीपको विकास गराउनको लागि पढेका पाठहरूमा बुँदाटिपोट र सांराश लेख्न लगाउन सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । नेपाली शिक्षकलाई जम्मा ५ जनालाई प्रश्नावली फाराम भर्ने दिइएको थियो यसमा १००% आवश्यक तथा सहमति जनाएको पाइयो । माध्यमिक तहमा बुँदाटिपोट लेखन विद्यार्थीको बौद्धिक क्षमताको विकास हुने थाहा पाइयो । सांराश लेख्नलाई पनि सीपमा प्राथमिकता दिइएको छ ।

१७) दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गरी लेख्न लगाउनुहुन्छ कि लगाउनु हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.३७**

**निवेदन, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना**

| निवेदन, निमन्त्रणा, शुभकामना रचना | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालयको नेपाली विषयको शिक्षक/शिक्षिका दैनिक व्यहारमा उपयोगी हुने निवेदन, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गरी लेख्न क्षमतामा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त नेपाली शिक्षकलाई जम्मा ५ जनालाई प्रश्नावली फाराम भर्ने लगाइएको थियो । यसमा सबै शिक्षकहरू सहमति भई १००% आवश्यक रहेको पाइयो । माध्यमिक तहमा मात्र होइन उच्च शिक्षामा पनि प्रयोगमा आउने देखिएको छ ।

१८) उपयुक्त शैली र ढाँचामा संवाद र वादविवाद लेख्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.३८

### संवाद र वादविवाद लेख्न ढाँचा

| संवाद र वादविवाद लेख्न ढाँचा | हुन्छ | प्रतिशत | हुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालयको नेपाली विषयको शिक्षकले उपयुक्त शैली र ढाँचामा संवाद र वादविवाद लेखन अभ्यासमा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा सरकारी विद्यालयका ५ जना शिक्षक, शिक्षिकालाई प्रश्नावली फारम भर्ने दिइएको थियो । त्यसमा १००% सहमति भएको देखियो । विद्यार्थीको बौद्धिक क्षमताको पहिचान गर्नको लागि वादविवाद लेखन र उच्चारणले सहयोग पुऱ्याउने र सीपका विकास गराउन सहयोग पुऱ्याएको पाइयो ।

१९) विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र मौलिक लेखन अभिव्यक्ति प्रकट गर्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.३९

### स्वतन्त्र मौलिक लेखन अभिव्यक्ति

| स्वतन्त्र मौलिक लेखन | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालयको नेपाली विषय शिक्षक र शिक्षिकालाई विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लेखन सीपलाई प्राथमिकता सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । जम्मा ५ जना शिक्षक/शिक्षिकालाई प्रश्नावली फारम भर्ने दिइएको थियो । यसमा १००% सहमति अथवा पूर्ण रूपमा सहमति रहेको पाइयो ।

माध्यमिक तहमा स्वतन्त्र मौलिक लेखन अभिव्यक्ति प्रकट गर्न लगाइ विद्यार्थीको बौद्धिक क्षमताको विकास गर्न सकिने देखियो ।

२०) वर्णविन्यास, हिज्जे र लेख्य चिह्नहरू मिलाई सफा शुद्ध र स्पष्टसँग लेख्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.४०**

**वर्णविन्यास र हिज्जे लेखन**

| वर्णविन्यास र हिज्जे लेखन | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालयका नेपाली विषय शिक्षक/शिक्षिकाले विद्यार्थीलाई वर्णविन्यास र हिज्जे लेखन क्षमता बढाउनुपर्ने र शुद्ध लेखन क्षमता विकास सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । पहिलो भाषी वक्ताले दोस्रो भाषा उच्चारण गर्दा त्रुटि हुन सक्दछन् । त्यसैले लेखाइ सीपको विकास गराउनु पर्दछ र जम्मा ५ जना शिक्षक/शिक्षिकालाई सोधिएको थियो । यसमा १००% सहमति रहेको पाइयो ।

२१) भाषिक सीपहरू विकास गर्न शिक्षण सिकाइ सञ्चालन गर्दा कसरी सीपहरूको प्रयोग गर्नुहुन्छ भनी स्वतन्त्र प्रश्न राखेका थियौ उहाँहरूको प्रतिक्रिया देहाय बमोजिम छ ।

भाषिक सीपहरू विकास गर्न शिक्षण सिकाइ सञ्चालन गर्दा लेखन तथा शब्दहरूको उच्चारण शुद्ध सँग गर्न सकिन्छ साथै विभिन्न देखेका, सुनेका घटनाहरूलाई मौखिक वर्णन गर्न लगाएर सीपहरू विकास गर्न सकिन्छ । शिक्षण सिकाइ सञ्चालन गराउँदा पहिला आफूले पढेर, सुन्न लगाउने र सुनेका कुरा विद्यार्थीलाई भन्न लगाउने, त्यसपछि पाठको अनुच्छेद विद्यार्थीलाई पढ्न लगाउने पाठको पढिसकेपछि त्यसमा भएका कठिन शब्दहरूको अर्थ लेख्न र भन्न लगाउने गरी सुनाइ सीपको विकास गराउन सकिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकासमा जोड दिइएको र विद्यार्थीको क्षमता र भाषिक पृष्ठभूमि अध्ययन पाठको विधागत आशय अनुकूल भाषिक सीपमा जोड दिँदै लेखाइ र पढाइ सँगसँगै

सञ्चालन गर्नुपर्ने र गरिएको छ । सीप विकास भए/नभएको अध्ययन एवम् पुन प्रयोगबाट थाहा पाउन सकिन्छ ।

(२) निजी विद्यालयका शिक्षक/शिक्षिकाले दिइएको विश्लेषण यस अध्यायलाई उद्देश्य पुरा गर्नको लागि सरकारी विद्यालय र निजी विद्यालयका शिक्षकहरूको प्रतिक्रिया लिएको छ । जुन निजी विद्यालयलाई सोधिएको प्रश्नको प्रतिक्रिया देहाय बमोजिम रहेको छ ।

१. सुनाइ सीपको विकास हुने गरी श्रुतिलेखन गर्न लगाउनु हुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.४१**

**सुनाइ सीपको विकास हुने गरी श्रुतिलेखन**

| द्रुतपठन अभ्यास | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा निजी विद्यालयका नेपाली विषय शिक्षक/शिक्षिकाले सुनाइ सीपको विकास हुने गरी श्रुतिलेखन अभ्यास सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । सुनाइका आधारमा लेखन क्षमता माध्यमिक तहमा विकास गर्नुपर्ने देखियो । निजी विद्यालयका ५ जना शिक्षक र शिक्षिकालाई प्रश्नावली फाराम दिइएको थियो । त्यसमा १००% आवश्यक रहेको मानियो । यसरी माध्यमिक तहको पाठ्यपुस्तकमा भाषिक सीपहरू क्रमबद्धता राख्दै श्रुतिलेखन क्षमताको विद्यार्थीको बौद्धिक पक्षको विकास हुने देखियो । सुनाइ सीपलाई बलियो बनाउने माध्यम श्रुतिलेखन हो ।

२) सुनाइ सीपलाई मजबुत गराउन कति मात्रामा श्रुतिवर्णन गर्न लगाउनुहुन्छ वा लगाउनुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.४२

### सुनाइ सीपलाई मजुबत गराउन श्रुतिवर्णन

| द्रुतपठन अभ्यास | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालयका नेपाली विषयका शिक्षक र शिक्षिकाले सुनाइ सीपलाई मजबत गराउन श्रुतिवर्णन सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यार्थीलाई सुनाइको आधारमा वर्णानात्मक क्षमताको पनि विकास गर्नुपर्ने कुरा रहेको पाइयो । निजी विद्यालय शिक्षक जम्मा ५ जनालाई प्रश्न सोधिएको थियो त्यसमा १००% जति सहमति रहेको पाइयो । यसरी माध्यमिक तहमा सुनाइ सीपलाई मजबुत गराउन श्रुतिवर्णन २५% प्राथमिक दिनुपर्ने देखियो ।

३) कथा शिक्षण गरिसकेपछि वा गर्ने क्रममा विद्यार्थीहरूलाई पढाएको कथा कति प्रभावकारी भयो भनी प्रश्नोत्तर गर्नुहुन्छ कि गर्नुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.४३

### प्रश्नोत्तर विधि आवश्यक

| प्रश्नोत्तर विधि | गराउनुहुन्छ | प्रतिशत | गराउनुहुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा विद्यालयका नेपाली विषयका शिक्षक र शिक्षिकाले सुनाइ सीपलाई विकास गर्नको लागि कथा शिक्षणमा अध्ययनपश्चात् प्रश्नोत्तर विधि प्रयोग सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यालयमा शिक्षक/शिक्षका ५ जनालाई प्रश्न सोधिएको थियो । यसमा १००% जति सहमति रहेको पाइयो । निजी विद्यालयका शिक्षकले

आफूले पढाइसकेपछि सुनेका आधारमा विद्यार्थीले कति ज्ञान उपलब्धि भयो भनी परीक्षण गरेको बताइयो ।

४) कवितामा सुनाइपश्चात् वाक्य विभेदीकरण गर्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.४४**

**वाक्य विभेदीकरण**

| द्रुतपठन अभ्यास | हुन्छ | प्रतिशत | हुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली विषय शिक्षकले वाक्य विभेदीकरण महत्त्व तथ्याङ्क सङ्कलन गरिएको छ । सिकाइका सीपहरू विकास गर्न सन्दर्भमा कसरी सरल वाक्य र जटिल वाक्यलाई छुटाइ पठन र व्याख्या पनि गराउनु पर्दछ भनी आफ्नो धारणा व्यक्त गरेको पाइयो । उक्त प्रश्नमा जम्मा ५ जना शिक्षक/शिक्षिकालाई प्रश्न सोधिएको थियो त्यसमा १००% पूर्ण रूपमा सहमति रहेको देखियो । त्यसैले माध्यमिक तहमा कवितामा सुनाइ सीप विकास गर्नुपर्ने देखिएको छ ।

५) सुनाइ सीपको विकास गर्न सुनेको उच्चारण गर्न लगाउनु हुन्छ कि लगाउनुहुदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.४५**

**उच्चारणसम्बन्धी अभ्यास**

| उच्चारण सम्बन्धी अभ्यास | लगाउनुहुन्छ | प्रतिशत | लगाउनुहुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली विषयको शिक्षक/शिक्षकले सुनाइ सीपको विकास गर्न सुनेको उच्चारण सम्बन्धी सङ्कलन गरिएको छ । निजी विद्यालयका शिक्षक/शिक्षिकाले कठिन शब्दहरूको आवश्यकता हेरी उच्चारण गराउदछौ भनी उत्तर बताइयो । उक्त ५ ओटा विद्यालयका ५ जना शिक्षकलाई प्रश्नावली फाराम भर्न लगाइएको थियो । त्यसमा १००% अभ्यास गराएको पाइयो । त्यसबाट के कुराको प्रमाणित हुन्छ भने पूर्ण रूपमा सुनाइ पश्चात उच्चारण गर्ने लगाउने देखियो ।

६) बोलाइ सीपको विकार हुने गरी उच्चारणसम्बन्धी अभ्यास गराउनुहुन्छ कि गराउनुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.४६**

**उच्चारण सम्बन्धित अभ्यास**

| क्रियाकलाप | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफूले पढेर सुनाउने | २ | ४० |
| आफूले पढेर सुनाउने र पुनः पठन गर्न लगाउने | २ | ४० |
| पुनः पठन गर्न लगाउने | १ | २० |
| अन्य | | |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा निजी विद्यालयका नेपाली विषय शिक्षक र शिक्षिका बोलाइ सीपको विकास हुने गरी उच्चारण अभ्यासमा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । जम्मा ५ जना विषय शिक्षक/शिक्षिका लाई सोधिएको थियो । त्यसमध्ये शिक्षणसँगै अभ्यास गराउने २ जनाले ४०% सहमति जनाएको पाइयो भने छुट्टै अभ्यास गराउने २

जनाले ४०% सहमति जनाए भने शब्द सङ्कलन गर्ने र छुट्टै अभ्यास गराउने १ जनाले २०% सहमति जनाउँदै आफ्नो विचार धारणा प्रस्तुति गरेको पाइयो ।

७) भाषिक सीपको विकास गराउँदा मौन वाचन गराउनु हुन्छ कि हुँदैनन् भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.४७**

**मौन वाचन शिक्षण**

| मौन वाचन शिक्षण | हुन्छ | प्रतिशत | हुदैन | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| | ३ | ६० | २ | ४० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा नेपाली विषयको शिक्षक/शिक्षिकाले भाषिक सीपको विकास गराउँदा मौन वाचनसम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । माध्यमिक तहमा मौन वाचन गराउँदा केही शिक्षकले आवश्यक रहेको भनेको पाइयो भने केही शिक्षकले मौनवाचन नराउने बरु सस्वरवाचन गराउने भनी धारणा व्यक्त गरेको देखियो । निजी विद्यालयका जम्मा ५ जना शिक्षक/शिक्षिकालाई प्रश्न सोधिएको थियो । यसमा मौनवाचन गराउने ३ जनाले ६०% सहमति देखियो भने मौन वाचन नगराउने २ जना देखिए । यसमा ४०% आवश्यक नरहेको बुझियो । उक्त शिक्षकहरू मौन वाचनलाई आवश्यक वा मौन वाचन गराउनेको मत बढी देखियो ।

८) मौन वाचन गराउँदा समय तोकेर गराउनुहुन्छ कि नतोकीकन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.४८

### मौनवाचन गराउँदा समय तोक्ने र नतोक्ने

| समय | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तोकेर | १ | २० |
| नतोकिकन | २ | ४० |
| मौनवाचन नगराउने | २ | ४० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली विषयका शिक्षक/शिक्षिका बिच मौन वाचन गराउँदा समय तोकेर, नतोकिकन र मौन वाचन नगराउने सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । नेपाली विषयका शिक्षक/शिक्षिका जम्मा ५ जनालाई प्रश्नावली फाराम भर्न लगाएको थियो यसमा मौनवाचन समय तोकेर १ जनाले गराउने गरेको देखियो जसलाई २०% मा रहेको र समय नतोकिकन वाचन गराउने २ जना रहेका ४०% मा मान्यता दिइएको र मौन वाचन नगराउने २ जना जसलाई ४०% मान्यता रहेको देखियो । मौनपठन गराउँदा समयको ख्याल नगरीकन र मौन वाचन नगराउने बराबर श्रेणीमा रहेको देखियो भने समय तोकेर गराउने कम मात्रामा रहेको देखियो ।

९) भाषिक सीपहरूलाई विकास गराउन कक्षा प्रस्तुतीकरण गराउनुहुन्छ कि गराउनुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.४९

### बोलाइसम्बन्धी कक्षा प्रस्तुतीकरण

| कक्षा प्रस्तुतीकरण | गराउने | प्रतिशत | नगराउने | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा निजी विद्यालयका नेपाली विषय शिक्षक शिक्षिकाले बोलाइसम्बन्धी सीपको विकास गराउन कक्षा प्रस्तुतीकरण सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ भन्ने भनाइमा पूर्ण सहमति रहेको पाइयो । माध्यमिक तहका कक्षा दशमा पढाउन शिक्षक/शिक्षिका जम्मा ५ जनालाई प्रश्नावली फारम भर्न दिइएको थियो त्यसमा सबै शिक्षक/शिक्षिकाले आवश्यक रहेको भन्दै १००% पूर्ण सहमति जनाएको देखियो । कक्षा प्रस्तुतीकरणबाट पहिलो भाषी वक्ताले नेपाली भाषा दोस्रो रूपमा सिकेको छ भने उसको बोलीमा शुद्धता ल्याउन सकिन्छ भनी व्याख्या गरेको पाइयो ।

१०) शिक्षण सिकाइ सञ्चालन गर्दा व्याख्यान विधिलाई कतिको आवश्यक मान्नुहुन्छ भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.५०**

**व्याख्यान विधि सिकाइ सञ्चालन**

| व्याख्यान विधि | मान्नुहुन्छ | प्रतिशत | मान्नुहुदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा निजी विद्यालयका नेपाली शिक्षक/शिक्षिका व्याख्यान विधि सिकाइ सञ्चालन पूर्ण रूपमा गर्नुपर्नेमा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा व्याख्यान विधिको प्रयोग गर्दा विधिको स्तरलाई मध्यनजर गरी व्याख्या गर्नुपर्ने देखिएको छ । माध्यमिक तहका ५ जना शिक्षक र शिक्षिकालाई प्रश्नावली फाराम भर्न दिइएको थियो त्यस मध्ये १००% पूर्ण रूपमा सहमति जनाएको पाइयो । यसरी कक्षा दशको पाठ्यपुस्तकमा व्याख्यान विधिको आवश्यक रहेको पाइयो । यस सीपको विकास गर्ने देखियो ।

११) पढाइ सीपको विकास गराउनको लागि द्रुतपठन अभ्यास गराउन हुन्छ कि गराउनुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.५१

### द्रुतपठन अभ्यास

| उच्चारण सम्बन्धी अभ्यास | गराउने | प्रतिशत | नगराउने | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| | ४ | ८० | १ | २० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा निजी विद्यालयका नेपाली शिक्षक र शिक्षिकाले द्रुतपठन अभ्यासमा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त विषय शिक्षक ५ जनालाई प्रश्नावली फाराम भर्न दिइएको थियो । त्यसमा द्रुतपठन गराउने ४ जना शिक्षक/शिक्षिकाले ८०% सहमति रहेको देखियो भने १ जनाले नगराउने भनी असहमति जनाएर २०% असमर्थन गर्नुभएको देखियो । यसबाट माध्यमिक तहमा पढाइ सीपको विकास गराउनको लागि द्रुतपठनप्रति पनि विभेद रहेको देखियो । द्रुत पठनले विद्यार्थीको बौद्धिक क्षमता बढाउनुको साथै पढाइमा सुधार ल्याउने गरेको पाइयो समग्रतामा भन्नुपर्दा द्रुत पठन अभ्यास गराएको पाइयो ।

१२. पढाइ सीप मजबुत गराउन कवितामा गति, यति नमिलाएर पढेमा कस्तो कार्यकलाप गर्नुहुन्छ वा गर्नुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

### तालिका ५.५२

### कवितामा गति, यति नमिलाएर पढेमा

| समय | शिक्षक/शिक्षिका सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफूले पढेर सुनाउने | १ | २० |
| आफूले पढेर सुनाउने र पुनः पठन गर्न लगाउने | २ | ८० |
| पुनः पठन गर्न लगाउने र अन्य | | |
| जम्मा | | |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा निजी विद्यालयमा नेपाली विषय शिक्षक र शिक्षिका बीच पढाइ सीपको मजबुत गराउन कवितामा गति, यति नमिलाएर पढेमा कस्तो क्रियाकलाप गर्नुहुन्छ सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ त्यसमा विभिन्न शिक्षकको विचारमा विभेदता पाइयो । जम्मा ५ जना शिक्षक र शिक्षिकालाई प्रश्न गरिएको थियो । त्यसमध्ये १ जना आफूले पढेर सुनाउने त्यसलाई २०% मान्यता दियो त्यसपछि आफूले पढेर सुनाउने र पुनः पठनमा गर्न लगाउने भनी प्रश्न गरिएको थियो त्यसमा ८०% सहमति रहेको देखियो । यसमध्ये धेरै सहमति रहेको देखियो । शिक्षक/शिक्षिकाहरू विभिन्न प्रश्न राखिएको थियो जसमा धेरै सहमति रहेको देखियो ।

यसरी माध्यमिक तहमा कवितामा गति, यति नमिलाएर पढेमा शिक्षकले स्वयम् आफूले पढेर सुनाउने र पुनः त्यसलाई पढ्न गर्न लगाएको पाइयो ।

१३) सस्वरपठन गराउँदा उच्चारण गल्ती गरेमा त्यसलाई सुधार गरिदिनुहुन्छ कि हुँदैन भन्ने विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.५३**

**सस्वरपठन उच्चारण**

| सस्वरपठन | गराउनुहुन्छ | प्रतिशत | गराउनुहुँदैन | जम्मा |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तथ्याङ्कलाई हेर्दा नेपाली शिक्षक/शिक्षिका सस्वरपठन उच्चारण गर्नुपर्नेमा पूर्ण रूपमा सहमति सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । जम्मा ५ जना शिक्षक /शिक्षकलाई प्रश्नावली फारम भर्न दिइएको थियो त्यसमा १००% सहमति भएको पाइयो । सस्वरपठनले नेपाली दोस्रो भाषाको रूपमा सिक्ने विद्यार्थीले पढाइ सुधार ल्याउनु साथै उच्चारणमा स्पष्टता ल्याउन सकिन्छ भनी आफ्नो धारणा व्यक्त गर्नुभएको पाइयो । यसरी माध्यमिक तहमा सस्वरपठन आवश्यक रहेको पाइयो ।

१४.	शिक्षण सिकाइ क्रममा बोध प्रश्नोत्तर अभ्यास गराउनुहुन्छ कि गराउनुहुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.५४**

**बोध प्रश्नोत्तर अभ्यास**

| बोध प्रश्नोत्तर अभ्यास | गराउने | प्रतिशत | नगराउने | प्रतिशत |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा नेपाली विषयको विषय शिक्षकले शिक्षण सिकाइको क्रममा बोध प्रश्नोत्तर अभ्यास सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा शिक्षक/शिक्षिका जम्मा ५ जनालाई प्रश्नावली फाराम भर्ने लगाएको थियो यसमा शिक्षकहरूको प्रतिक्रिया १००% अभ्यास गराएको पाइयो । बोध प्रश्नबाट विद्यार्थीको आफूले अध्ययन गराएको पाठ्यपुस्तक मूल्याङ्कन गर्न सकिने हुनाले माध्यमिक तहमा बोध प्रश्नोत्तर अभ्यास आवश्यकता रहेको देखियो ।

१५.	उच्चारण गर्ने क्रममा विद्यार्थीले शुद्ध उच्चारण गर्दछन् कि गर्दैनन् ध्यान पुऱ्याउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.५५**

**शुद्ध उच्चारणसम्बन्धी अभ्यास**

| शुद्ध उच्चारण | हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा नेपाली विषयको शिक्षक/शिक्षिकालाई उच्चारण गर्ने क्रममा विद्यार्थीले शुद्ध उच्चारणमा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । जम्मा ५ जना

शिक्षक र शिक्षिकासँग प्रश्नावली फाराम भर्न दिइएको थियो । त्यसमा १००% गराइने देखियो । विद्यालय आउने पहिलो भाषी विद्यार्थीले दोस्रोभाषी विद्यार्थीमा समस्या देखिएकाले यो सिकाइ पाठ्यपुस्तकमा राख्न आवश्यक मानिएको देखियो । माध्यमिक तहमा बोलीमा शुद्धता ल्याउनको लागि उच्चारण शिक्षणमा शुद्ध ल्याउन आवश्यक देखिएको पाइयो ।

(१६) लेखाइ सीपको विकास गराउनको लागि पढेका पाठहरूमा बुँदाटिपोट गर्न र सारांश लेख्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.५६**

**बुँदाटिपोट गर्न सारांश लेख्न**

| बुँदाटिपोट, सारांश लेख्न | हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विद्यालयको नेपाली विषयको शिक्षक र शिक्षिकाले नेपाली सीपको विकास गराउनको लागि पढेका पाठहरूमा बुँदाटिपोट र सारांश लेख्न लगाउन सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । नेपाली पढाउने शिक्षक शिक्षिका जम्मा ५ जनालाई प्रश्नावली फाराम भर्न लगाएको थियो यसमा १००% आवश्यक रहेको पाइयो । माध्यमिक तहमा पढेका पाठहरूका बुँदाटिपोट गराउँदा विद्यार्थीहरूको बौद्धिक क्षमताको विकास हुनुको साथै लेखनमा शुद्धता ल्याउन सकिने उहाँहरूको धारणाबाट थाहा पाइयो ।

१७. दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गरी लेख्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

## तालिका ५.५७

## निवेदन, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना

| निवेदन, निमन्त्रणा, शुभकामना रचना | हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विद्यालयको नेपाली विषयको शिक्षक/शिक्षिका निवेदन, निमन्त्रणा तथा शुभकामना पत्र रचना गर्ने सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । निजी विद्यालयका ५ जना शिक्षक/शिक्षिकालाई प्रश्नावली फाराम भर्न लगाएको थियो त्यसमा १००% सहमति रहेको र विद्यार्थीलाई गर्न लगाएको देखियो । यसबाट विद्यार्थीको उच्च ज्ञानको विकास हुने साथै उच्च शिक्षासम्म प्रयोगमा आउने हुनाले यसलाई महत्त्व दिइएको पाइयो ।

१८. उपयुक्त शैली र ढाँचामा संवाद र वादविवाद लेख्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

## तालिका ५.५८

## संवाद र वादविवाद लेख्न ढाँचा

| संवाद र वादविवाद लेखन ढाँचा | हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विद्यालयको नेपाली विषयको शिक्षकले उपयुक्त शैली र ढाँचामा संवाद र वादविवाद लेखन अभ्यासमा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा निजी विद्यालयका ५ जना शिक्षक/शिक्षिका प्रश्नावली फाराम भर्न दिइएको थियो । त्यसमा १००% सहमति भएको पाइयो । विद्यार्थीको वैदिक क्षमताको पहिचान गर्नको लागि वादविवाद लेखनबाट विद्यार्थी लेखनमा स्तरीयता ल्याउन सकिने देखियो । विद्यार्थीलाई कमजोरीपन हटाउन सकिन्छ । त्यसबाट विद्यार्थीलाई लेखन अभ्यास गराउन सजिलो हुँदै सीपको विकास भएको पाइयो ।

१९. विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र मौखिक लेखन अभिव्यक्ति प्रकट गर्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.५९**

**स्वतन्त्र मौलिक लेखन अभिव्यक्ति**

| स्वतन्त्र मौलिक लेखन | हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा विद्यालयको नेपाली विषय शिक्षक र शिक्षिकालाई विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लेखन सीपलाई प्राथमिकता सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । निजी विद्यालयका शिक्षक ५ जनालाई प्रश्नावली फाराम भर्न लगाएको थियो । यसमा १००% सहमति रहेको देखियो । माध्यमिक तहमा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र लेखनले विद्यार्थीमा रहेको मनोवैज्ञानिक क्षमताको पनि लेखन क्षमता थाहा पाउन सकिन्छ । उक्त विद्यार्थीको बौद्धिक क्षमताको विकास हुने कुरा थाहा पाइयो ।

२०. वर्णविन्यास, हिज्जे र लेख्य चिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्टसँग लेख्न लगाउनुहुन्छ कि हुँदैन भनी विद्यालयका शिक्षकलाई प्रश्नावली फाराम भराई प्राप्त हुन आएको तथ्याङ्कलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका ५.६०**

**वर्णविन्यास र हिज्जे लेखन**

| वर्णविन्यास र हिज्जे लेखन | हुन्छ | प्रतिशत | हुँदैन | प्रतिशत |
|---|---|---|---|---|
| | ५ | १०० | ० | ५ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा निजी विद्यालयका नेपाली शिक्षक र शिक्षिकाले वर्णविन्यास र हिज्जे लेखन सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । शिक्षकहरूले विद्यार्थीको शुद्ध लेखन क्षमता बढाउनको लागि महत्त्वपूर्ण भूमिका हिज्जे लेखनले खेलेको हुन्छ भनी बताइयो । उक्त नेपाली शिक्षकहरू जम्मा ५ जनालाई प्रश्न सोधिएको थियो । सबैले वर्णविन्यास हिज्जे लेख्य चिह्न प्रयोग गरी सिकाइ सञ्चालन गर्ने भनी १००% मान्यता दिइएको पाइयो । उक्त माध्यमिक तहमा लेखन अभ्यासमा सुधार ल्याउन सघाउँछ भनी बताइयो ।

२१. भाषिक सीपहरू विकास गर्न शिक्षण सिकाइ सञ्चालन गर्दा कसरी सीपहरूको प्रयोग गर्नुहुन्छ भनी स्वतन्त्र प्रश्न सोधेको थिए । उहाँहरूको धारणा यसप्रकार रहेको छ ।

भाषा विचार विनिमयको एकमात्र प्रभावकारी माध्यम हो । भाषा आफैँमा प्रयोगात्मक र व्यावहारिक रूपमा अगाडि बढाउन सकेमा भाषिक सीपमा अभिवृद्धि हुन्छ शिक्षण सिकाइ सञ्चालन गर्दा भाषिक सीपको विकास गर्न उनीहरूलाई मार्गदर्शन गर्दै जति सक्यो सुनाइ, बोलाइ र लेखाइमा विद्यार्थीलाई अधिकांश संलग्न गराउँदा भाषिक सीपमा गुणात्मक वृद्धि भएको अनुभव गरी सिकाइ सञ्चालन गरिएको पाइयो । उक्त कक्षाकोठामा पढाउन पस्दा बालबालिका वा विद्यार्थी भाइ बहिनीहरूलाई शान्तसँग बस्न लगाई अघिल्लो दिनको गृहकार्य वा पाठको पुनरावृत्ति सँगै कक्षा अगाडि बढाइएको पाइयो । उक्त विभिन्न शिक्षकले आफ्नो विचार प्रस्तुत गरी विद्यार्थीको अवस्था हेरी सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई अगाडि बढाएको थाहा पाइयो ।

माध्यमिक तहमा विद्यार्थीको भाषिक सीपहरूको विकास गराउनका लागि सर्वप्रथम सुनाइ सम्बद्ध कार्यकलापहरू सञ्चालन गरिने र त्यसपछि क्रमिक रूपमा सीपहरू सुनाइ, बोलाइ, पढाइ अनि अभ्यासात्मक कार्यकलापहरू कक्षाकोठामा सञ्चालन गरिने गरिएको विद्यार्थीलाई स्वतन्त्र लेखन क्षमताको अध्ययन गराउँदै सिकाइ सञ्चालन गरिने गरिँदो रहेछ ।

दुई पक्षको विचारमा समग्रतामा भन्नुपर्दा भाषिक सीपहरूको विकास गर्न शिक्षण सिकाइ सञ्चालन गर्दा सरकारी विद्यालयका अध्यापन गराउने शिक्षण सिकाइ सञ्चालन प्रणाली धेरै राम्रो देखिएको तर निजी विद्यालयका जस्ता घोकन्ते नहुने भएकाले सरकारी

विद्यालयका विद्यार्थी र शिक्षक/शिक्षिका बढी दक्ष अनुभवी भएको देखियो । विद्यार्थी स्वतन्त्र लेखनमा अग्रसर भएको देखियो । निजी विद्यालयमा अध्यापन गराउने शिक्षकले घरमा पढेर आउने र घोक्न लगाउने प्रवृत्ति रहेको दखियो तर सरकारी विद्यालय शिक्षक स्वतन्त्र वातावरणमा राम्रो पढाएको पाइयो । सरकारी विद्यालयका विद्यार्थीहरू नेपाली पाठ्यपुस्तकमा कमजोर देखिएपनि स्वतन्त्र लेखनमा निजी विद्यालयका विद्यार्थीभन्दा अगाडि रहेको देखियो । सरकारी विद्यालयका शिक्षकहरूले सिकाइ सञ्चालन गर्दा लेखन तथा शब्दहरूको उच्चारणमा शुद्धसँग  गर्न लगाई देखेका, सुनेका कुराहरू लेख्न लगाई स्वतन्त्र रूपमा वैदिक क्षमताको विकास गरेको पाइयो ।

## ५.४ निष्कर्ष

भाषाका चारओटा सीपहरूमध्ये सर्वप्रथम सुनाइ सीपको चर्चा गरिएको छ । माध्यमिक तहमा सुनाइ सीपको चर्चा कम मात्रामा विश्लेषण गरिएको छ । सुनाइ सीप पाठ्यक्रमविद् र शिक्षाविद्ले २५% सुनाइ सीपलाई जोड दिइएको छ भने वाक्य विभेदीकरण आधारभूत तहमा जस्तै उपयुक्त हुन्छ भनिएको छ । सुनाइ सीपको विकास गराउन सुनेका कथाहरूलाई उच्चारण गर्न भनी निर्देशन दिएको छ ।

बोलाइ सीपलाई माध्यमिक तहमा कम महत्त्व दिए तापनि यसको महत्त्वपूर्ण भूमिका रहेको छ । बोलाइबाट विद्यार्थी, शिक्षकहरूको उच्चरणमा शुद्धता ल्याउन सकिन्छ भनी तथ्याङ्कमा पृष्ठी गरिएको छ । व्यक्तिले कसरी आफ्नो प्रस्तुतीकरण, हाउभाउद्वारा सङ्केत अर्थ बोलाइ सीपबाट व्यक्त गर्न सकिन्छ ।

पढाइ सीपको विकास हुने गरी विभिन्न विद्वान्ले आफ्नो छुट्टै छुट्टै धारणा राखे तापनि समग्रमा भन्नुपर्दा पढाइ सीपबाट विद्यार्थीको द्रुत पठन अभ्यासमा सहयोग पुऱ्याउने गर्दछ । पढाइ सीपबाट आफूले कविता वाचन गराउने क्रममा गति, यति, लय हालेर पढ्न पढाइ सीपले विकास गर्ने गर्दछ ।

लेखाइ सीप माध्यमिक तहमा विशेष जोड दिइएको छ । लेखाइ सीप विकास गराउन आफूले पढेका पाठहरूमा बुँदाटिपोट गर्न सारांश लेख्न साथै दैनिक व्यवहारमा उपयोगी हुने निवेदन निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गर्न लेखाइ सीपले विकास गर्दछ । लेखाइ सीपले लामो समयसम्म स्मरण गर्नको लागि पनि सहयोग पुऱ्याएको छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

प्रस्तुत शोधकार्य भाषिक सीप विकासका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको विश्लेषण शीर्षकमा केन्द्रित रहेको छ । माध्यमिक तहअन्तर्गत कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीहरूलाई लक्षित गरी यो नमुना निर्माण गरिएको छ ।

प्रस्तुत शोधकार्यलाई छ अध्यायमा राखेर अध्ययन, खोज अनुसन्धान, वर्णन तथा विश्लेषण गरिएको छ । पहिलो अध्यायमा शोधपरिचय शीर्षक राखी अध्ययनको पृष्ठभूमिको चर्चा गरेर समस्याको पहिचान गरिएको छ । समस्या समाधानका लागि उद्देश्य निर्धारण गरिएको छ । यससँगै शोधको सान्दर्भिकता एवम् उपादेयता चर्चा गर्दै शोधकार्यलाई अगाडि बढाउँदै अध्ययन सीमाङ्कन र अध्ययन विधि प्रक्रिया कति परिधिमा राख्ने भनेर सीमा निर्धारण गरिएको छ । परिचय खण्डको अन्त्यमा शोधकार्यलाई कति अध्यायमा राख्ने र कसरी सम्पन्न गर्ने भनी शोधकार्यको रूपरेखा प्रस्तुत गरिएको छ । यसरी पहिलो अध्यायबाट भाषिक सीपको विकास कार्यलाई गति प्रदान गरिएको छ ।

दोस्रो अध्यायअन्तर्गत पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाको चर्चा गरिएको छ । पूर्वकार्यको पुनरावलोकन अन्तर्गत विभिन्न पुस्तक तथा पहिले गरिएको भाषिक सीपहरू बारेमा शोधकार्यको पुनरावलोकन गरिएको छ । सैद्धान्तिक प्रारूपअन्तर्गत विषय प्रवेश भाषिक सीपहरूको परिचय र परिभाषा, भाषिक सीपहरूको बारेमा चर्चा गरिएको जुन सुनाइ, बोलाइ, पढाइ, लेखाइ स्पष्ट पारिएको छ ।

तेस्रो अध्यायमा भाषिक सीपको विधि र प्रक्रियालाई उल्लेख गरिएको छ । यस नमुना भाषिक सीप विकासका लागि मुख्यतः पुस्तकालयीय विधि र सहायक रूपमा क्षेत्रीय अध्ययनका साथै व्याख्यात्मक र विश्लेषणात्मक एवम् प्रयोग सम्बन्धी कुरालाई स्पष्ट पारिएको छ । शोधकार्यका लागि प्राथमिक र द्वितीयक स्रोतका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । साथै सो सामग्रीको विश्लेषण प्रक्रिया उल्लेख गरिएको छ ।

चौथो अध्याय अन्तर्गत भाषिक सीप विकासको दृष्टिले भाषा पाठ्यपुस्तकको व्याख्या विश्लेषण गरिएको छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकको प्रत्येक विधामा सीपगत

अभ्यासहरूको चर्चा गरिएको छ । जुन सुनाइ, बोलाइ सीपलाई कम महत्त्व दिइएको छ भने पढाइ र लेखाइलाई बढी महत्त्व दिइएको प्रत्येक पाठको अभ्यासमा छुट्टाछुट्टै तरिकाबाट व्याख्या विश्लेषण गरिएको छ ।

पाँचौ अध्याय तथ्याङ्कको आधारमा पुस्तकको उपयुक्तता पहिल्याउने गरिएको छ । यसअन्तर्गत पाँचजना पाठ्यक्रमविद् र पाँचजना शिक्षाविद् र पाँच सामुदायिक र पाँच सरकारी विद्यालयको विषय शिक्षक गरी २० जना प्रश्नावली फाराम भरिएको थियो । उदाहरणलाई प्रश्न निर्माण गरी सोधिएका प्रश्नका आधारमा छुट्टाछुट्टै तालिका तथा उपशीर्षक राखी पाठ्यक्रमविद्हरू र विद्यालयका शिक्षकहरूले दिइएको उत्तरलाई छुट्टाछुट्टै राखिएको छ ।

छैटौं अध्यायका रूपमा सारांश, निष्कर्ष र उपयोगितालाई प्रस्तुत गरिएको छ । यसमा अध्याय एकदेखि छैटौंसम्म समावेश गरिएको शीर्षक/उपशीर्षकबारे चर्चा रहेको छ । निष्कर्षमा भाषिक सीप विकाससम्बन्धी कक्षा दशको पाठ्यपुस्तकको विश्लेषणको आधारमा २० जना शिक्षाविद् पाठ्यक्रमविद् र विद्यालयका शिक्षकसँग दिइएको उत्तरलाई व्याख्या विश्लेषण गरिएको छ । यसैगरी नीतिगत तह र प्रयोगगत तहमा विभाजन गरी अध्ययनको उपयोगितालाई स्पष्ट पारिएको छ ।

## ६.२ निष्कर्ष

भाषाको शब्दले भाषिक सीपहरूलाई सरल, सहज र बोधगम्य रूपमा प्रस्तुत गर्न मद्दत गर्दछ । भाषिक सीप विविध ज्ञान प्रदान गर्ने उद्देश्यले सीपहरूको निर्माण गरिन्छ । अध्ययनका क्रममा मूलतः पुस्तकालय अध्ययनको उपयोग गरी प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको तथा वर्णनात्मक र विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएका छ । जम्मा छ अध्यायमा विभाजित शोधमा भाषिक सीपको व्याख्या विश्लेषण गरिएको छ । भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको अभ्यासात्मक दृष्टिले चर्चा गरिएको छ । यस शोधकार्यबाट प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- माध्यमिक तहमा भाषिक सीपहरू पाठगत आधारमा सुनाइ, बोलाइ, पढाइ र लेखाइको क्रमबद्धताका रूपमा चर्चा गरिएको छ ।

- भाषिक सीपहरू सुनाइ र बोलाइलाई कम महत्त्व दिइएको छ भने पढाइ र लेखाइलाई बढी प्राथमिकता दिइएको छ ।
- बोलाइ सीपको विकास गर्नको लागि वाचन गर्दा स्पष्टता भाषिक शुद्धता, प्रभावकारिता, गति, यति, लय र हाउभाउमा विशेष ख्याल गरिएको छ ।
- सुनाइ सीप विकाससम्बन्धी अभ्यासहरू भाषा पाठ्यपुस्तकमा कम छन् भने पढाइ र बोलाइ सीपसम्बन्धी भाषा पाठ्यपुस्तकमा उत्तिकै अभ्यास छन् भने लेखाइ सीपलाई भाषा पाठ्यपुस्तकले बढी जोड दिइएको छ ।
- लेखाइ सीपमा बढी जोड दिँदै पढेका विषयका मुख्य मुख्य बुँदा टिपोट गर्न र सारांश लेख्न लगाइएको छ ।
- उपयुक्त शैलीमा र ढाँचामा संवाद र वादविवाद लेखनमा जोड दिइएको छ ।
- लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियमको पालना गरिएको छ ।
- विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र मौलिक र सिर्जनात्मक अभिव्यक्ति प्रकट गरिएको छ ।
- सरकारी र निजी दुबै विद्यालयका अधिकांश शिक्षकहरूलाई भाषिक सीपमा निजी विद्यालयका शिक्षकले राम्रो जानकारी दिएका पाइयो ।
- मौन पठन गराएका शिक्षकहरूमध्ये सबैले बोधप्रश्नोत्तर गर्नका लागि मौन पठन गराएको पाइयो ।
- शिक्षण सिकाइ सञ्चालन गर्दा व्याख्यान विधि र प्रवचन विधि पाठ्यपुस्तकमा पाठ्यक्रमविद् र शिक्षाविद्ले ६०% मान्यता दिएका छन् ।
- नेपाली पाठ्यपुस्तकमा भाषिक सीप उपयुक्त देखिन्छ र सीपगत अभ्यासलाई आधार मानी शिक्षण गरेमा प्रभावकारी हुने देखिन्छ ।

## ६.३ उपयोगिता

हरेक अध्ययन अनुसन्धान कार्यको उपयोगिता उक्त विषयको क्षेत्रसँग सम्बन्धित रहेको हुन्छ । कुनै पनि कार्यको पछाडि सो कार्यले कुन कुन पक्षमा के कस्तो सहयोग पुऱ्याउने तथा कस्ता विषयको अध्ययनमा सहयोग पुऱ्याउने छ भन्ने कुरालाई आत्मसाथ गरेको हुन्छ । प्रस्तुत कक्षा दशको नेपाली पाठ्यपुस्तकमा आधारित भई भाषिक सीप विकासको दृष्टिले विश्लेषण गरिएको शोधपत्रका उपयोगितालाई नीतिगत र प्रयोगगत तहमा यसप्रकार उल्लेख गरिन्छ ।

### ६.३.१ नीतिगत तह

नीतिगत उपयोगिता सम्बन्धित क्षेत्रको नीति निर्माण गर्नमा कुनै पनि अनुसन्धानले प्रत्यक्ष वा परोक्ष रूपमा के, कति र कसरी सहयोग गर्ने भन्ने कुरासँग सम्बन्धित हुन्छ । मुख्य गरी पाठ्यक्रमविद्ले भाषिक सीपहरूलाई कतिको पाठ्यक्रममा समावेश गर्नुभन्ने उत्कृष्ट हुन्छ भन्ने नीति बनाउनु उपयुक्त ठहर्छ । भाषिक सीपहरूमा सुनाइ, बोलाइ पढाइ र लेखाइलाई पाठ्यक्रममा व्यवस्थित तरिकाले राख्नुको साथै विश्लेषण गर्ने नीति बनाउन समेत उपयुक्त देखिन्छ । भाषिक सीपहरूलाई प्रभावकारिता जाँच गर्न पाठ्यक्रम र शिक्षाविद्, विद्यालयका अध्ययन गराउने शिक्षकहरूलाई सामग्री प्रदान गर्दै अध्यापनको निमित्त हौसला प्रदान गर्दछ ।

### ६.३.२ प्रयोगगत तह

कुनै पनि अध्ययन अनुसन्धानको व्यावहारिक उपयोगिता सम्बन्धित वा प्रयोगमूलक पक्षसँग सम्बन्धित उपयोगिता नै प्रायोगिक उपयोगिता हो । प्रस्तुत शोधपत्रको मुख्य प्राप्ति भनेको भाषिक सीप विकासका दृष्टिले कक्षा दशको पाठ्यपुस्तकको विश्लेषण साथै सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको चर्चा गरिएको छ । यस प्रयोगात्मक उपयोगिता निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

- भाषिक सीप विकाससँग सम्बन्धित भएर अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि,
- शिक्षक विद्यार्थीका पठन लेखन तार्किक आदि भाषिक सीप विकास क्षमतामा अभिवृद्धि गर्ने,
- अध्ययन कार्यमा भाषिक सीप, विकाससम्बन्धी आधारहरूको नमुना प्रस्तुत गर्न,
- भाषिक सीप विकासको अध्ययनलाई सैद्धान्तिक ज्ञानलाई फराकिलो बनाउन, भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसम्बन्धी अध्ययन गर्न उपयोगी हुन्छ ।

## ६.४ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

भावी अनुसन्धान गर्नका लागि निम्नलिखित शीर्षकहरूलाई लिन सकिन्छ :

- भाषिक सीपको विकासका दृष्टिले कक्षा छको नेपाली पाठ्यपुस्तकको विश्लेषणको अध्ययन,
- भाषिक सीप विकासको दृष्टिले माध्यमिक तहमा कविता विधाको माध्यमबाट गराइने कार्यकलापको अध्ययन,
- भाषिक सीप विकासको दृष्टिले कक्षा आठको प्रत्येक पाठहरूमा सीपहरूको तुलनात्मक अध्ययन,
- कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका भाषिक सीपहरूको व्याख्या विश्लेषणको अध्ययन,
- भाषिक सीप विकासका दृष्टिले कक्षा सातको पाठ्यपुस्तकको उपयुक्तता पहिल्याउनु ।

## सन्दर्भ ग्रन्थसूची


अधिकारी, विष्णुप्रसाद (२०७३), 'कक्षा दशमा अध्ययनरत विद्यार्थीको पाठ्यपुस्तकको विश्लेषण' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषा शिक्षण* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, विष्णु (२०७३), 'कक्षा आठको नेपाली भाषिक सीपमा प्रयुक्त नमुना अभ्यासको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

के.सी. दिनेश (२०७१), 'कक्षा सातको नेपाली पाठ्यपुस्तकको समाविष्ट नमुना अभ्यासको विश्लेषण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

कोइराला, यमुना (२०६९), 'कक्षा पाँचको नेपाली भाषिक सीपमा समावेश गरिएका नमुना अभ्यासको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

खनाल, पेशल (२०७३), *अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेशन प्रा.लि. ।

गौतम, विष्णुकुमारी (२०६९), 'कक्षा आठ र नौको नेपाली भाषिक सीपमा समावेश गरिएका नमुना अभ्यासको तुलनात्मक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

घिमिरे, वसन्त (२०६६), 'कक्षा ५ को मेरो नेपाली किताब र शुभारम्भ नेपाली लहर ५ को तुलनात्मक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७२), *नेपाली भाषा शिक्षण,* काठमाडौँ एम.के.पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स प्रा.लि. ।

त्रिपाठी, सुधा, सुवेदी, धनप्रसाद, ज्ञवाली, रामप्रसाद (लेखक/सम्पा. २०७४), *नेपाली कक्षा १०* सानोठिमीः पाठ्यक्रम विकास केन्द्र ।

थापा, शारदा (२०७०), 'कक्षा सात र आठको नेपाली भाषिक सीपमा समावेश गरिएका अभ्यासहरूको तुलनात्मक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

निउरे, ध्रुवप्रसाद (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनलाइट पब्लिकेसन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०६०), 'कक्षा दुईको मेरो नेपाली र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, डी.पी. प्रकाश (२०५९), *माध्यमिक नेपाली व्याकरण र व्यक्ति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, देवी (२०७५), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

सापकोटा, डिल्लीराज (२०७३), 'कक्षा ३ नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

सुवेदी, टीकाराम (२०६०), 'कक्षा ५ को मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

## परिशिष्ट एक

## अध्ययनका क्रममा छनोट गरिएका पाठ्यक्रमविद् र शिक्षाविद्को नामावली

१. इन्दु खनाल

२. उपप्रा. उमेश काफ्ले

३. उपप्रा.डा. केशव भुसाल

४. चिनाकुमारी निरौला

५. पुरुषोत्तम घिमिरे

६. उपप्रा. मुरलीधर घिमिर

७. उपप्रा.डा. राजेन्द्र खनाल

८. रामप्रसाद ज्ञवाली

९. विष्णुप्रसाद अधिकारी

१०. उपप्रा. शिव प्रसाद तिमल्सेना

## परिशिष्ट दुई

## अध्ययन क्रममा छनोट गरिएका शिक्षक र शिक्षण संस्थाको नामावली

संस्थागत विद्यालय

| क.सं. | शिक्षकको नाम | संलग्न संस्था |
|---|---|---|
| १. | कमल कार्की | स्वर्णिम स्कुल, स्वयम्भू |
| २. | फणिन्द्र भट्टराई | ज्ञानमन्दिर सेकेण्डरी इङ्लिस स्कुल, वालाजु हाईट |
| ३. | शान्ता न्यौपाने | साइरियस माध्यमिक विद्यालय, बाफल |
| ४. | शान्ति सापकोटा | प्याराडाईज इङ्लिस बोर्डिङ स्कुल, वनस्थली |
| ५. | सन्तोष लुइटेल | अद्वितीय बोर्डिङ हाईस्कुल, वनस्थली, खरीबोट |

सामुदायिक विद्यालय

| क.सं. | शिक्षकको नाम | संलग्न संस्था |
|---|---|---|
| १. | गीता सिम्खडा | गीतामाता माध्यमिक विद्यालय, डल्लु |
| २. | भवानी खतिवडा | जनजागृति ज्ञान रश्मि माध्यमिक विद्यालय, बालाजु, वनस्थली |
| ३. | रमेश प्रसाद तिमस्लिना | ज्ञानोदय माध्यमिक विद्यालय, बाफल |
| ४. | विमला रिमाल | पञ्चकन्या माध्यमिक विद्यालय, छाउनी |
| ५. | शिव बहादुर बस्नेत | बाल विकास माध्यमिक विद्यालय, रानीवन |

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | अनिल शाह |
| जन्ममिति | : | २०५०/०७/२९ |
| बुवाको नाम | : | ताराबहादुर शाह |
| आमाको नाम | : | कृष्णकुमारी शाह |
| जन्मस्थान | : | सन्धिखर्क नगरपालिका-११, अर्घाखाँची |
| लिङ्ग | : | पुरुष |
| नागरिकता | : | नेपाली |
| राष्ट्रियता | : | नेपाली |
| सम्पर्क नम्बर | : | ९८६०५६६४५० |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|
| एस.एल.सी. | श्री विजय माध्यमिक विद्यालय, डिभर्ना | २०६५ |
| प्रमाणपत्र तह | श्री जनज्योति उच्च माध्यमिक विद्यालय, सन्धिखर्क | २०६९ |
| स्नातक तह | महेन्द्रनगर क्याम्पस, ताहाचल | २०७२ |
| स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय क्याम्पस, कीर्तिपुर | |